"निब्बानं परमं सुखं"

(निर्वाण नै परम सुखको अवस्था हो ।)

## बुद्धकालीन

# आठ अग्र-श्राविका

(भाग १)




अनुवादक तथा सम्पादक

दोलेन्द्ररत्न शाक्य

दथुलँ, शंखमूल ललितपुर

०१-५२६ १२८०


Downloaded from http://dhamma.digital/



भगवान बुद्ध कुशीनगरमा महापरिनिर्वाण लाभ गर्दै ।



पटाचारा बन्धुवियोगले विह्वल अवस्थामा बुद्धको शरणमा जाँदै ।

Downloaded from http://dhamma.digital/

"निब्बानं परमं सुखं"

*(निर्वाण नै परम सुखको अवस्था हो ।)*

बुद्धकालीन

# आठ अग्र श्राविकाहरु

## (भाग १)




अनुवादक तथा सम्पादक

**दोलेन्द्ररत्न शाक्य**

दथुलँ, शंखमूल ललितपुर

०१–५२६ १५४०


Downloaded from http://dhamma.digital/

प्रकाशिका : माधुरी मानन्धर
मरु, तहविल – २०, काठमाडौं ।
०१-४२५१६४१

पुस्तकको नाम : *बुद्धकालीन*
**आठ अग्र श्राविका** (भाग १)
**(The eight Arya-shravika of Buddha's Time)**

अनुवादक तथा सम्पादक : दोलेन्द्ररत्न शाक्य
Dolendra Ratna Shakya
दथुलँ, शंखमुल, ललितपुर ।
९८४३४१६६८५/०१-५२६१५४०

प्रकाशन वर्ष : वि.सं. २०७३ भाद्र नेे.सं. ११३६ गुँला गा
बु.सं. २५६० (निर्वाण वर्ष) ई.सं. २०१६ सेप्टेम्बर
प्रकाशन प्रति : १००० थान

सर्वाधिकार : अनुवादकमा सुरक्षित
(प्रकाशिका माधुरी मानन्धरद्वारा आफ्ना दिवंगत माता पिताको निर्वाण-कामना गरी धर्मदानस्वरुप प्रकाशित)

मुद्रक : राजमती प्रिन्टिङ्ग प्रेस
नकबहिल, ललितपुर ।
०१-५५३४५२७

नि:शुल्क धर्म-दान




Downloaded from http://dhamma.digital/

## श्रद्धा–सुमनसहित

# *निर्वाण–कामना*

शील, समाधि र प्रज्ञामार्गको अवलम्बन गरिराख्न सकून् र जन्म–मरणरुपी दु:ख–चक्रबाट मुक्त रहेको 'निर्वाण–सम्पत्ति'को शिघ्र लाभ गर्न सकून् भनी



दिवंगत पिता *तेजरत्न शाक्य* एवं माता *ज्ञानकुमारी शाक्य*
तथा
मेरो जीवनमा महोपहारस्वरुप धर्म–प्रेरणा दिएर धर्म–भूमिमा अग्रसर गराई केही वर्षअगाडिमात्र दिवंगत भएकी मेरी उनी



दिवंगत हीराशोभा शाक्यमा निर्वाण–कामना गर्दछु ।

**दोलेन्द्ररत्न शाक्य**
(अनुवादक तथा सम्पादक)



Downloaded from http://dhamma.digital/

प्रकाशकको तर्फबाट

# निर्वाण-कामना

'धुवं मे मरणं, अधुवं मे जीवितं' भन्ने बुद्ध-वचनलाई आत्मसात गर्दै पहिले नै दिवंगत हुनुभएका हाम्रा प्रातः स्मरणीय पिता तथा ममतामयी माताले शिघ्र अक्षय सुख निर्वाणको साक्षात्कार गरिलिन सकून् भनी हामी उहाँहरूको निर्वाण-कामना गर्दछौँ ।



जन्म : वि.सं. १९२६

दिवंगत : वि.सं. २००५

दिवंगत साहु सुब्बा
गणेशदास मानन्धर



दिवंगत साहुनी
रामकुमारी मानन्धर
*(२० वर्षको अल्पायुमै मृत्यु भएकी)*

जेठी पुत्री : सुश्री माधुरी मानन्धर

कान्छी पुत्री : श्रीमती राधिका मानन्धर

नातिनातिनीहरू : पवनसिद्धी मानन्धर, अमनसिद्धी मानन्धर
अनुपमा मानन्धर

**'इदं नो पुञ्ञं निब्बानस्स पच्चयो होतु' ।**

(हामीले यो पुस्तक धर्मदान गरेको पुण्य
उहाँहरूको निर्वाण प्राप्तिमा हेतु होस् ।)



Downloaded from http://dhamma.digital/

# अनुवादकको आफ्नो भन्नु

जगतमा नारीको अस्तित्व र गरिमाको ठूलो भूमिका छ । नारीविनाको संसारको कल्पना पनि गर्न सकिन्न । इतिहास साक्षी छ, नारीको योगदान, बहादुरी, विदुषिता, अग्रता र आध्यात्मिक उपलब्धिका अनेक दृष्टान्तहरु इतिहासमा यत्रतत्र छरिएका छन् ।

यस पुस्तकमा दिइएका यस्ता आठ अग्र श्राविका हुन् जसले बुद्धको सानिध्यमा रही ध्यान ज्ञान र शिक्षा दीक्षा पाई आफूलाई मानव जीवनको उच्चतम उपलब्धि अर्हतपद प्राप्त गरी निर्वाणको साक्षात्कार गर्न सक्षम भएका थिए ।

हाम्रो यहाँ केही दसक उता नारीलाई अबला, निमुखा, परावलम्बी र तुच्छ ठानी पशुवत व्यवहार गर्ने गर्दथ्यो । अझ यतिसम्म पनि भन्न भ्याएका थिए –

*गंवार, गधा, ढोल, नारी ।*
*ये सब ताडनका अधिकारी ।।*

नारीलाई ढोल र गधासँग तुलना गरी ढोल पिटिएजस्तै पिट्नुपर्ने जीव भनेका छन् । जुन नारीविना संसार रित्तो हुन्छ, जीवन जीवन्त हुन्नँ, तिनैलाई तुच्छ सम्झेका छन् ।

तर यस्तो एउटा श्लोक पनि पढ्न पाइन्छ – ***'यत्र नार्यस्तु पुज्यन्ते, रमन्ते तत्र देवता ।'*** अर्थात् – जहाँ नारीलाई सम्मान गरिन्छ वा नारीहरुसित मित्रवत् व्यवहार गरिन्छ, त्यहाँ देवताहरु (सज्जनहरु) पनि रम्ने गर्छन् ।



Downloaded from http://dhamma.digital/

यस पुस्तकमा दिइएका आठजना मेधावी नारीहरुको जीवनी पढ्दा थाहा पाइन्छ कि जसले आफ्ना रुप, वर्ण, यौवन, वैभव, श्रीसम्पत्तिको कारणले मत्त भई आफ्नो अस्तित्वलाई पनि च्याँखी थापी विलाषिताको जीवनमा आफूलाई समर्पित गरेर बसेका थिए । पछि कुनै न कुनै प्रसंग वा विषयले स्पर्श गर्दा आफूलाई प्रमादी निन्द्राबाट जगाई बुद्धोपदेशबाट कायापलट भई जन्म-मरणको सिक्रीबाट आफूलाई सदाको लागि मुक्त पारे ।

यसबाट आजकालका नारीहरुले पनि आफ्नो जीवन उत्सर्ग गर्न यथेष्ट प्रेरणा पाउन सक्छन् । नारीहरुले मात्र होइन, पुरुषवर्गले पनि बुद्ध-शिक्षाको श्रवण, धारण र पालन गरी त्यो अक्षय सुख निर्वाणको हकदार बन्न सक्ने सन्देश पाउन सक्छन् ।

यो पुस्तक बि.सं. २०६५ सालमा '१२ सन्नारीहरु'को नामले मोक्षदेवी राजकर्णिकारद्वारा प्रकाशित पुस्तककै भाग हो । १२ भनिए तापनि यशोधराको प्रसंग एउटा थपुवा गरी १३ पुऱ्याइएको थिएँ । सो पुस्तक अहिले अभाव भएको कारणले र बढ्दो मागको कारणले एउटामा आठ र अर्कोमा पाँच गरी ससाना दुई पुस्तकमा विभक्त गरी प्रकाशित गरिएको छ । दोस्रो भाग पनि छिट्टै आउँदै छ ।

हाल यो पुस्तक मरुटोल, काठमाडौं निबासी सुश्री माधुरी मानन्धरले आफ्ना दिवंगत मातापिताको निर्वाण-कामना गरी धर्मदान गर्ने उद्देश्यले प्रकाशित गर्नुभएको छ । उहाँलाई धेरै धेरै साधुवाद छ !

अन्त्यमा, यस पुस्तकलाई मायाँ गरी पढिदिनुहुनेछ भन्ने आसा लिएको छु ।

२०७३ भाद्र १५

**दोलेन्द्ररत्न शाक्य**
(अनुवादक)



Downloaded from http://dhamma.digital/

# प्रकाशिकाको अभिप्राय

बुद्धका शिक्षा मानवतावादी हो, वैज्ञानिक हो र व्यवहारमुखी धर्म हो भन्ने कुरा सुनेको थिएँ, अनुभव गर्न पाएको थिइन । यस पुस्तिकाका अनुवादक तथा अन्य थुप्रै पुस्तकका लेखक कल्याणमित्र श्री दोलेन्द्र सरले लेख्नुभएका पुस्तकहरु ५/७ वटा हेर्ने पढ्ने अवसर पाएको छु । त्यसबाट पनि बुद्ध-शिक्षा व्यावहारिक शिक्षा रहेछ र गरे, गर्न सके जीवनमा प्रत्यक्ष प्रभाव पर्ने रहेछ भन्ने कुरा महसुस गरेको छु ।

उहाँ कल्याणमित्र दोलेन्द्ररत्न शाक्यले २०५९ सालमा लेख्नुभएको 'प्रज्ञा-प्रदीप' पुस्तक प्रकाशनार्थ मैले पनि तीनजना दातामध्ये एकजना भई दाताको भूमिका निभाउने मौका भेट्टाएको थिएँ । अन्य दुईजना दातामा सरस्वती श्रेष्ठ र जयराम ताम्राकार हुनुहुन्छ । आजभोलि सो पुस्तकको माग अत्यधिकरुपमा बढेको छ । हाल त्यसको अभाव खट्किएको महसुस सबैले गर्न थालेको छ । साथै बि.सं. २०७० सालमा प्रकाशित उहाँबाटै सम्पादित र प्रस्तुत 'पट्ठान पालि देशना' पुस्तक प्रकाशनमा पनि एकजना दाताको भूमिका निभाउन पाएकी छु ।

उहाँ सरको पुस्तक सरल र सरस हुने गर्छ । धर्म विषयक पुस्तकको भाषा सरल हुँदा नै जनमानसले पढ्न रुचाएको हुन्छ । भाषा क्लिष्ट भएमा बुझ्न कठिन हुने हुँदा पाठकवर्गले धर्मका कुरालाई सजिलै स्वीकार गर्न सक्दैनन् ।

बुद्धकालीन नारीहरुका जीवनी आफूले पढ्ने र साथी-संगी, टोल-छिमेक र अन्य मित्र तथा ज्ञातिबन्धुलाई पढ्न दिने मेरो धोको


Downloaded from http://dhamma.digital/

थियो । उहाँ दोलेन्द्र सरले नारी विषयक पुस्तक एउटा छ, पुस्तक प्रकाशन गर्ने भन्थ्यौ, प्रकाशन गर्ने के विचार छ भनी सोध्नुहुँदा मैले अति हर्षका साथ प्रकाशन गर्न राजी छु, मलाई प्रकाशन गर्न दिनुहोस् भनी उहाँलाई अनुरोध गरें । उहाँले पनि सहर्ष स्वीकार्नुभयो र मलाई प्रकाशिका बन्ने मौका दिनुभयो जुन पुस्तक आज तपाईहरुको हातको शोभा बन्न आएको छ । यसरी बुद्धकालीन नारी विषयक पुस्तक प्रकाशन गर्ने त्यो मेरो धोको आज आएर पूरा भएको छ । उहाँ दोलेन्द्र सरलाई कृतज्ञताका साथ साधुवाद टक्रयाउँछु ।

यो पुस्तक मैले मेरा दिवंगत मातापिताको नाममा उहाँहरुको निर्वाण-कामना गरी धर्मदानको रुपमा पाठकवर्गको हातहातमा पुऱ्याउन प्रकाशित गरेकी हुँ । यो धर्मदानको पुण्य उहाँहरुको दुःख-मुक्तिको हेतु होस् भन्ने मंगल-कामना पनि गर्दछु ।

अन्त्यमा, पुस्तकलाई हृदयदेखि स्वीकार गर्नुभई पढिदिनुहुन सम्पूर्ण पाठकवर्गमा हार्दिक अनुरोध गर्दछु ।

<u>प्रार्थी</u>

**माधुरी मानन्धर**

(पुस्तकको प्रकाशिका)

२०७३ भाद्र १६ गते



Downloaded from http://dhamma.digital/

# १

# खेमा महारानी

जसरी भिक्षुसंघमा पुरूष शिष्यहरूमध्ये सारिपुत्र र मोग्गलान प्रमुख थिए त्यस्तैगरी बुद्धले नारीहरूमा उप्पलवण्णा र खेमालाई प्रमुख शिष्या हुन् भन्नुभएको छ ।

'खेमा' को अर्थ हो – व्यवस्थित मन भएकी, धैर्यधारी, दृढ र सुरक्षित भएकी । यही नै निर्वाणको पर्याय पनि हो । भिक्षुणी खेमा मगध राज्यको शाही परिवारबाट आएकी थिइन् । विवाहित भएपछि तिनी राजा बिम्बिसारकी प्रमुख रानीहरूमध्ये एक भइन् । रूपरङ्ग जति सुन्दर थियो त्यतिनै सुन्दर जीवन शैली तिनको थियो ।

जब तिनले बुद्धको बारेमा आफ्ना पतिबाट बयान सुनिन्, तिनी बुद्धप्रति उत्सुक र आकर्षित भइन् तर बुद्धको शिक्षालाई अपनाउन हिच्किचाइरहेकी थिइन् । इन्द्रिय सुख र युवा जीवन यापनमा बुद्ध-शिक्षाले बाधा तेर्स्याउला भन्ने डर तिनलाई थियो । तर तिनलाई बुद्ध-शिक्षामा कसरी प्रवृत गराउन सकिन्छ भन्ने कुरा राजालाई थाहा थियो । उनले एकदिन रानीलाई बुद्धले विहार गरिरहनुभएको बेलुवन विहारको शान्त, सुन्दर र सुखकर वातावरणको वर्णन गरे । उनलाई थाहा थियो महारानी खेमालाई शान्ति र प्राकृतिक सुन्दरता अति मनपर्छ । वर्णन सुनिसकेपछि खेमाले त्यस विहारमा जाने निधो गरिन् ।

 Downloaded from http://dhamma.digital/ 

श्रीखण्ड र रेशम वस्त्रको प्रयोग गरी शाही शान वानले तिनी त्यस बेलुवन विहारमा पुगिन् । तथागतले तिनलाई सबै वस्तुहरूको सुन्दरता नित्य होइन ती सबै परिवर्तनशील छन् अनि नाशवान पनि छन् भनी उपदेश दिनुभयो । तिनले त्यस अनित्यताको उपदेशलाई राम्ररी ध्यान दिएर सुनिन् र मार्गफलसमेत प्राप्त गरिन् । महाकप्पिण भिक्षु जो पहिले राजा थिए गृहस्थ भेषभै ज्ञान प्राप्त गरेका थिए । उनलेभैं खेमा महारानीले पनि शाही लिवासमा भए पनि ज्ञान प्राप्त गरिन् । आफ्ना पतिको अनुमति लिएर तिनी भिक्षुणी संघमा सामेल भइन् । खेमाले छिट्टै नै ज्ञान प्राप्त गरिन् । यति शिघ्र ज्ञानको प्राप्ति प्रज्ञाको वीज फस्टाएपछि र पुण्य परिपक्व भएपछि मात्र सम्भव हुन्छ ।

सामान्यजनले खेमाको यस कथा प्रशंगलाई अचम्मको घटना भनेर टिप्पणी गर्दछन् । तर बुद्धले योभन्दा पर गएर भन्नुहुन्छ कि यस नारीले यसरी अकस्मात पूर्णमुक्ति प्राप्त गरेकी होइन । यो घटना घटित हुन यो प्रसंग कारक-तत्व मात्र हो ।

उहिले उहिले जब विश्वमा बुद्धको प्रादुर्भाव भयो, खेमा पनि त्यही बेला त्यही स्थानमा उत्पन्न भएकी थिइन् । तिनको सद्धर्मप्रतिको लगावको कारणले गर्दा जन्म जन्ममा जहाँ र जब सद्धर्मको प्रणेताको प्रादुर्भाव भयो, त्यहाँ र त्यसैबेला सद्धर्मका अनुयायीको रूपमा तिनको पनि जन्म भइरह्यो । प्रेरक र प्रेरित दुवैको संयोग भइरह्यो । भनिन्छ कि तिनले पदमुत्तर बुद्धलाई भिक्षामा दानमा दिन केही नभएर आफ्ना सुन्दर केश बेच्नुपरेको थियो । विपश्वी बुद्धको पालामा ९१ असंख्यवर्ष पहिले तिनी सद्धर्मका व्याख्याता थिइन् । गौतम बुद्धभन्दा पहिलेका अन्य तीन बुद्धहरूको पालामा तिनी सामान्य उपासिका थिइन् । पछि तिनले भिक्षुसंघका लागि विहार बनाइदिइन् जुन

Downloaded from http://dhamma.digital/

तिनको लागि भविष्यमा सुखको आधार बन्न पुग्यो ।

प्राय:जसो मानिसहरू बुद्धको जीवनकालमा स्वर्ग वा नरकमा जन्म लिई जन्म मृत्युको चक्करमा घुमिरहन्छन् तर खेमा सद्धर्मको नजिक पर्नेगरी प्रयत्नशील रहिन् । जब संसारमा बुद्धको प्रादुर्भाव भएको थिएन, तिनले प्रत्येक बुद्ध र बोधिसत्वको पालामा मनुष्य जन्म लिइकी थिइन् । एक जन्ममा त तिनी बोधिसत्वकी पत्नी थिइन् र परिवारको संग्रह शान्तिपूर्वक गरेकी थिइन् । एउटा गाथाले यसो भन्छ –

*'तिमीले जे पायौ, त्यसैबाट दानमा केही देऊ,*
*उपोसथ व्रत पालन गर, शुद्ध शील पालन गर,*
*मृत्युको चिन्तना गर, मरणशीलताको धारणा राख,*
*किनकि मृत्यु निश्चित छ र जीवन अनिश्चित ।*
*सबै संस्कार अनित्य हुन्, जुन नाशवान छन्,*
*रातदिन कर्तव्याकर्तव्यको बारेमा सचेत होऊ ।'*

एकदिन खेमाको एक्लो छोराको सर्पदंशबाट मृत्यु भयो तर पनि तिनले पूर्ण समता कायम राख्न समर्थ भइन् । यसबारे खेमाले गाएकी एउटा गाथा यस्तो छ –

*'नबोलाए पनि उनी आए, नसोधिकनै गए पनि,*
*जसरी आएथे उसरी नै गए, यसमा के को शोक ?*
*कसैको शोकले मृतकलाई फिर्ता ल्याउन सक्दैन,*
*फेरि किन म शोक गरूँ ? जो जानु थियो, गयो,*
*भोकै बसेर रोए पनि के फाइदा भो मलाई ?*
*मेरा बान्धवहरू हरे ! कति दु:खी हुने हुन् ती !*
*कसैको शोकले मृतकलाई फिर्ता ल्याउन सक्दैन,*
*फेरि किन म शोक गरौँ ? जो जानु थियो, गयो ।'*

Downloaded from http://dhamma.digital/

भनिन्छ अर्कोबाजी तिनी बोधिसत्वकी बुहारी थिइन् । तिनी धेरै जन्ममा महारानी भइकी थिइन् । बोधिसत्वबाट धर्म पाउन चाहन्थिन् जुन तिनले समय समयमा पाइन् । यो पनि भनिएको छ कि एक जन्ममा सारिपुत्र राजा हुँदा तिनी सारिपुत्रको रानी भइन् । तिनको बारेमा सारिपुत्र भन्थे –

*'पत्नी भए पनि समान स्तरकी,*
*आज्ञाकारी अनि मृदुभाषी तिनी,*
*सुन्दरता, सन्तान र कीर्तिले युक्त,*
*सदैव मेरा हितकारी थिई तिनी ।'*

तिनका यी पति महोदय धर्मात्मा राजा थिए । उनी राजामा हुनुपर्ने दस गुणले युक्त थिए । ती दस गुणहरू हुन् – १) उदारता २) नैतिकता ३) त्याग ४) सत्य ५) सुशीलता ६) धैर्यता ७) मित्रता ८) दया ९) विनम्रता र १०) न्याय । यी गुणहरू भएका कारणले राजा सुख समृद्धिपूर्वक निर्विघ्न राज्य गर्दथे । खेमा पनि यी शीलगुण धर्म पालना गर्दै सुखसाथ रहेकी थिइन् ।

अनेक जन्महरूमा यिनै शील धर्मको पालनाद्वारा हृदयलाई परिशुद्ध गरेर र पूर्णतामा प्राप्त गराएर आएकीले अहिलेको जन्ममा तिनी परिपक्व भइन् र शान्त अनि शुद्ध भावनासहित भई छिटै प्रज्ञामा प्रतिष्ठित पनि भइन् ।

बुद्धले तिनलाई प्रज्ञामा अग्र भिक्षुणी भनी प्रशंसा गर्नुभयो । यस सम्बन्धमा एउटा कथा प्रसंग यसरी अगाडि बढ्छ –

राजा पसेनदी देश भ्रमणमा थिए र एक साँझ उनी एउटा सानो सहरमा आइपुगे । उनलाई धर्मबारे जान्ने सुन्ने इच्छा जाग्यो । त्यसैले आफना अनुचरमार्फत त्यस सहरमा कुनै ज्ञानी, सन्त वा


Downloaded from http://dhamma.digital/

पुरोहित पत्ता लगाई बोलाएर ल्याउन पठाए । त्यस अनुचरले यताउति सबैतिर त्यस्ता व्यक्तिको खोज गरे तर भेट्टाउन सकेनन् जससँग राजाले धर्मका कुरा जान्न सकून् । यो कुरा राजालाई सुनाइयो साथै सहरमा बुद्धका शिष्या एउटी नारी मात्र रहेको कुरा पनि राजालाई जानकारी दिइयो ।

ती एक मात्र नारी खेमा नै थिइन् । तिनको ख्याति सबैतिर फैलिएको थियो । तिनी प्रज्ञायुक्त थिइन् । कुशल धर्मका व्याख्याता पनि थिइन् । राजा खेमाकहाँ गए । राजाले खेमाको आदर सन्मान गरे । अनि तिनीसँग यसरी वार्तालाप गरे –

***पसेनदी*** – मृत्युपछि तथागत हुनुहुनेछ ?

***खेमा*** – उहाँले मृत्युपछि रहन्छु भन्नुभएको छैन ।

***पसेनदी*** – उसोभए तथागत मृत्युपछि रहनुहुन्न, होइन त ?

***खेमा*** – त्यो कुरा पनि तथागतले भन्नुभएको छैन ।

***पसेनदी*** – त्यसको मतलव तथागत मृत्युपछि रहनुहुन्छ र रहनुहुन्न पनि, होइन त ?

***खेमा*** – त्यो पनि तथागतले बताउनुभएको छैन ।

***पसेनदी*** – अब त जसले पनि भन्न सक्ने भए कि तथागत मृत्युपछि रहनु पनि हुन्न नरहनु पनि हुन्न, होइन त ?

***खेमा*** – त्यही कुरा पनि तथागतले प्रकाश पार्नुभएको छैन ।

यो कुरा सुनेर खेमासँग राजाले बुद्धद्वारा यी चारकुराहरू किन वर्जित गरे होलान् भन्ने कुरा जान्न इच्छा व्यक्त गरे । खेमाले भनिन् – "प्रथमत: हामीले यी प्रश्नहरूको अर्थ के हो बुझ्नुपर्छ । पहिलो प्रश्नले ती सत्वहरूलाई बुझाउँछ जसको मूल उद्देश्य मृत्युपछि पनि जन्मलाई निरन्तरता दिन रहेको हुन्छ । यसले भवतृष्णालाई बुझाउँछ ।

Downloaded from http://dhamma.digital/

तथागत मृत्युपछि रहन्छ भन्ने कुरा त अन्य सबै धर्महरूले भन्दै आएझैं भयो ।

दोस्रो उत्तर तथागत मृत्युपछि रहँदैन भन्ने कुराले उच्छेदवादको वकालत गर्दछ अथवा भनौं विभवतृष्णाको पक्षधर बन्दछ ।

यथार्थ ज्ञान र सत्यको आड लिएर भन्ने हो भने पञ्चस्कन्धलाई नै पूर्णरूपले क्षय गर्नुपर्छ । पञ्चस्कन्ध भनेको – रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हुन् । यिनै पाँच स्कन्धहरूले सम्पूर्ण भवको निर्माण गर्दछन् । पञ्चस्कन्धको पूर्ण क्षयबाट मात्र सच्चा मुक्तिको साक्षात्कार हुन्छ । यसैलाई निर्वाण भनिन्छ । यसैलाई तथागतहरूले प्राप्त गर्ने अमृत भनिन्छ ।

तेस्रो उत्तरले सम्झौता खोज्दछ । तथागतमा विद्यमान सबै प्रकारका अनित्यता उच्छेद भइसकेका हुन्छन् तर सारभूत तत्व नित्यताको कुरा मात्र विद्यमान रहन्छ ।

चौथो उत्तरले यो पनि होइन न त त्यो नै हो भन्ने सिद्धान्तलाई प्रस्तुत गर्दै विसम परिस्थितिबाट उम्कन खोज्ने स्थिति सृजना गर्दछ ।

यी चारै सिद्धान्तहरूलाई बुद्धले मिथ्यादृष्टि भनेर अस्वीकार गर्नुभएकोछ । यी चारैले 'म' भन्नेको अस्तित्व बोकेका छन् । तर वास्तवमा 'म' वा 'जगत' भन्ने मिथ्या अनुभूतिलाई विज्ञानले नै जन्माएको हुन्छ ।

सम्यक सम्बुद्धहरू वा उहाँहरूका प्रबुद्ध शिष्यहरूले मात्र यसलाई दृष्टिगत गर्न सक्षम हुन्छन् । यस प्रकारको समझदारीतालाई जागृत गराउन सकिएन भने 'म' भन्नेलाई नै स्थायीरूपमा विद्यमान रहने आत्मा हो र यही नै संसारमा जन्मजन्मान्तरसम्म विचरण गरिरहन्छ र शून्यमा नबिलाएसम्म यो झन झन माथि चढ्दै जान्छ । त्यो शून्यमा बिलाएको भन्नु नै मुक्ति हो भनी कोही कोही भन्दछन् ।


Downloaded from http://dhamma.digital/

अरू कसै कसैले यो पनि अर्थ लगाउँदछन् कि बुद्धले 'आत्मा' को विनास गर्न सिकाउनुहुन्छ । वास्तवमा बुद्धले 'आत्मा' वा 'म' भन्ने नै छैन भन्ने कुरा सिकाउनुहुन्छ भने त्यसलाई विनष्ट गर्ने भन्ने कुरै उठ्दैन । बुद्ध भन्नुहुन्छ 'आत्मा' भन्ने छँदैछैन र संसारमा आत्माले भवसंसरण गर्दैगर्दैन ।

हामी जेलाई 'म' वा 'जगत' भन्दछौं ती त निरन्तर बदलिरहने प्रक्रिया हो जुन निरन्तर प्रवाहमान छ । यस ज्ञानले 'म' र 'जगत' को भ्रमको जालोलाई च्यातिदिन्छ । त्यसै भ्रममा भ्रमित भएर नै वर्तमानमा अनुभूत गरिरहेका भूतमा जीवित भएका अनि भविष्यमा जीवित हुने भन्ने मिथ्या धारणा लिन्छन् । मुक्तिको बाटो भनेको त 'म' लाई मूर्तरूप दिने प्रयासलाई पूर्णविराम दिनु हो । मिथ्याधारणालाई निःशेषरूपले मिल्काउनु हो र मनको भ्रान्तिलाई समाप्त पार्नु हो ।

स्थितिको वैचारिक क्रमलाई नबढाई त्यसको उदयप्रति सजगताद्वारा मनको चंचलता, वाचालतालाई लगाम दिन सकिन्छ जसद्वारा मुक्तिको भागिदार बन्न सकिन्छ । हामीले देख्ने, सुन्ने, सुघ्ने, स्वाद लिने, छुने र सोच्ने प्रत्येक वस्तु वा विचारहरू विज्ञानमै आधारित हुन्छन् । ती जतिसुकै विस्तृत र परिशुद्ध किन नहोऊन् । हेतुबाटै प्रभावित भई उत्पन्न हुन्छन् । त्यसैले ती अनित्य हुन् र ती जीर्ण भई बिलाइजाने स्वभावका हुन् ।

जुन जीर्ण भएर जान्छन् र परिवर्तनशील छन्, ती अनात्म हुन् । यसको कारण पञ्चस्कन्धको बाहिर हुन्छ भन्ने विचार पनि कारण वा वास्तविकता नभई एक तर्क मात्र हो । त्यो कारण वा विचार पनि पञ्चस्कन्धभित्रै पर्छ ।

तथागतको मरणपश्चाद् यसो हुन्छ कि उसो हुन्छ कि भनेर कल्पना गर्नु एक मिथ्या धारणा मात्र हो र नामाकरण दिने एक बहाना

 Downloaded from http://dhamma.digital/ 

मात्र हो जुन अनुपयुक्त छ । तथागतको धर्मलाई अनुशरण गर्नेहरूले जस्तै खेमाले पनि अनुशरण गरिन् । तिनी यो कुरामा विश्वस्त भइन् कि बुद्धले न त आत्माको शाश्वत स्वभावको न त उच्छेद स्वभावको नै उपदेश दिनुहुन्छ । तथागतको शिक्षानुसार नचल्नेहरू पनि अपवादको रूपमा मृत्युको दुनियाँमा नियन्त्रण बाहिर अनित्यताको र विनासको दुनियाँमा बाँचिरहेका छन् । उनीहरूले 'म' र 'मेरो' भनी ग्रहण गरेका वस्तु र व्यक्तिहरू निरन्तररूपमा बिलाएर गइरहेका छन् । अनित्यताको कारणले यी कुराहरू ग्रहणयोग्य छैनन् भन्नेहरू नै वास्तवमा शान्त अनि सुरक्षित हुन्छन् । सिंहनाद गरेझैं तथागतले भन्नुभयो – **"अमृत पदको ढोका खोल अनि हे कान सुन्नेहरू, आऊ र ध्यान दिएर धर्मका कुरा सुन ।"**

फेरि खेमाले राजालाई व्याख्या गरेर एक उपमाद्वारा सम्झाइन् । तिनले राज्यमा गंगाजीमा कति बालुवाका कण छन् भने बताउन सक्ने गणितज्ञ र तथ्याङ्कविद् छन् कि छैनन् भनी राजालाई सोधिन् । राजाले गन्न सम्भव छैन भने । खेमाले सोधिन कि महासागरमा कति ग्यालन पानी हुन्छ भनेर बताउन सक्ने कोही छन् त ? राजाले यो पनि भन्न असम्भव छ भने । किन असम्भव छ भनी खेमाले सोधिन् । राजाले महासागर अति गहिरो, अथाह र प्रशान्त छ भनेर जवाफ दिए ।

खेमाले भनिन् – "त्यस्तै तथागत पनि हुनुहुन्छ । तथागतलाई परिभाषित गर्नेले पञ्चस्कन्धअन्तर्गत रही परिभाषित गर्दछन् । तर बुद्धलाई पञ्चस्कन्धभित्र रही जान्न सकिदैन । उहाँ 'रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान' भन्दा पर हुनुहुन्छ । तथागत – समुन्द्रझैं अथाह, गहिरो अनि प्रशान्त हुनुहुन्छ ।"

त्यसैले तथागतलाई अस्तित्वमा रहेको अथवा अस्तित्वविहीन,

Downloaded from http://dhamma.digital/

न अस्तित्वमा भएको न अस्तित्वमा नभएको भन्नु उपयुक्त हुँदैन । परिभाषित नहुने कुरालाई परिभाषाहरूले परिभाषित गर्न सकिदैन । तथागत त मुक्ति पर्याय हो – आत्माको वन्धनबाट मुक्ति । आत्मा भनेको पञ्चस्कन्ध निरन्तर उत्पति र विनास भइरहने भएर अनि कुनै पनि क्षण त्यही रूपमा रही नरहने भएर संस्कारको उत्पतिबाट उत्पन्न हुने धर्म मात्र हो ।

भिक्षुणी खेमाको यस्ता धर्मको व्याख्याले राजालाई प्रभावित र प्रमुदित तुल्यायो । पछि राजाले तथागतको दर्शन पाउँदा यिनै चार प्रश्नहरू सोधे । बुद्धले खेमाले व्याख्या गरेझैं व्याख्या गर्नुभयो । प्रयोग गरिएका शब्दावली पनि उस्तै थियो । राजा यसबाट अचम्भित भए । अर्हत पद प्राप्त भिक्षुणी खेमासँग भएका कुराकानी र खेमाका धर्म वचनबाट राजा अति लाभान्वित पनि भए ।

(हेल्मुथ हेकरको जर्मनीमाबाट अंग्रेजीमा अनुदित लेखको 'Buddhist women' पुस्तकबाट नेपालीमा अनुवाद ।)

*मा पियेहि समागच्छि–अप्पियेहि च कुदाचनं ।*
*पिया नं अदस्सनं दुक्खं–अप्पियानञ्च दस्सनं ।।*

अर्थ –

प्रिय र अप्रिय दुवैको संगत नगर । प्रियलाई नदेख्दा पनि दुःख हुन्छ र अप्रियलाई देख्दा पनि दुःख हुन्छ ।


Downloaded from http://dhamma.digital/

२

# पटाचारा

## बाल्यकाल

भगवान बुद्धको समयमा कोशल राज्यको राजधानी श्रावस्ती एक अति समृद्धशाली नगर थियो । त्यस नगरमा धेरै धनाढ्य साहू महाजनहरू बस्दथ्यो । तीमध्ये चालीस कोटी धन भएको एकजना महाजन पनि बस्दथो । त्यस महाजनको एउटा छोरा र एउटी छोरी थिए । छोरीचाहिँको नाउँ पटाचारा थियो । पटाचारा साह्रै राम्री र रूपवती थिइन् । ती छोरा छोरी दुवैलाई महाजनले राम्ररी पालन पोषण गरी सुखमय जीवन बिताउन आवश्यक सुख सुविधाहरू जुटाइदिएको थियो । क्रमशः पटाचारा ठूली भइन् र १६ वर्षको उमेरमा पदार्पण गरिन् । आमाबाबुले तिनलाई युवकहरूसितको संगत नहोस् भनेर कडा सुरक्षा दिने दृष्टिकोणले सातथला भएको प्रासादको सबैभन्दा माथिल्लो तलामा पूर्ण रेखदेख गरी सुविस्तासाथ राखेका थिए ।

## बिवाह

पटाचारालाई तिनका आमाबाबुले त्यसरी सुरक्षा गरी राख्दाराख्दै पनि तिनकै घरमा नोकरी गरिरहेको नोकरसित पटाचाराले प्रणय सम्बन्ध गाँसेकी कुरा कसैलाई थाहा पत्तै भएन ।



Downloaded from http://dhamma.digital/

उता आमाबाबुले पनि छोरी पटाचारालाई बिहे गरिदिने सल्लाह गरिरहेका थिए । उनीहरू भन्थे –" बैंश पुगकी छोरीलाई अब दिइपठाउनु पर्ला ।"

त्यसैताका एकदिन समजातिक कुलको कुमारको तर्फबाट कन्या वरण गर्न आए । पटाचाराको आमाबाबुले सबैकुरा सुनिसकेपछि छोरी पटाचारालाई त्यसै कुमारलाई दिइपठाउने निश्चय गरी कामकुरा छिने । यो कुरा पटाचाराले सुनिन् अनि आफ्ना प्रेमी त्यस नोकरलाई भेटी यसो भनिन् – "प्रिय ! अब मेरा आमाबाबाले मलाई विबाह गरी दिइपठाउने भइसक्यो । त्यहाँ मलाई दिइपठाइसकेपछि तिमीले पत्रद्वारासमेत मलाई भेट्न सक्दैनौ । यदि तिम्रो मसित प्रेम छ भने मलाई यहाँबाट भगाएर लैजाऊ ।"

यसरी पटाचाराले त्यस नोकरलाई विश्वासपूर्वक सबै कुरा सुनाइन् । अनि त्यस नोकरले पटाचारालाई आश्वासन दिंदै भन्यो – "त्यसो हो भने भोलि बिहान म नगरबाहिर फलाना ठाउँमा बसिराख्छु । तिमी जुनसुकै उपाय गरेर भए पनि त्यहाँ आइपुग । अनि हामी दुवैको प्रेमपूर्ण दाम्पत्य जीवनको अभिलाषा पूर्ण हुनेछ ।" यसरी आवश्यक सल्लाह साउती गरी छुट्टिए ।

ती यौवनमत्ता पटाचारालाई घरमा आमाबाबुले जति सुखपूर्वक पालन-पोषण गरिराखेको भए पनि कामान्ध भएर माइतीको सुखलाई तिलाञ्जली दिंदै रात्रीको समयमा घर छाडी त्यस नोकरसित जाने नै निश्चय गरिन् ।

उता त्यस नोकर बिहान सबेरै उठी आफूले संकेत गरेको स्थानमा पुग्यो । अनि चुपचाप पटाचाराको प्रतीक्षा गरिरह्यो । जब बिहानी भयो, पटाचारा घरबाट निस्कन तैयारीमा लागिन् । सबेरै उठी, मैलो लुगा लगाई, चुल्ठो खोली, कपाल छरपुस्ट पारी, टोकरी


Downloaded from http://dhamma.digital/

बोकी फोहोर फाल्न जान लागेकी दासीजस्तै गरी भेष बदलेर गुप्तरूपले घरबाट निस्किन् । त्यसबेला तिनले आफूसँग भएभरको लुगाफाटो र गहना पनि साथै बोकेकी थिइन् । निश्चित गरिएको स्थानमा आफ्नो प्रियतमसित भेट गरिन् । त्यसपछि ती दुवै प्रेमीप्रेमिका सुखी दाम्पत्य जीवन बिताउने आसमा त्यस नगरबाट ३/४ योजनजति परको एक गाउँमा बस्न गए ।

त्यस टाढाको गाउँमा आफ्नो र आफ्नी प्रियाको जीवनयापनको लागि त्यस युवकले जंगलभित्र खेत बनाई खेती गर्न थाले । जंगलबाट घर फर्किंदा दाउरा पात बटुली ल्याउँथे । यसरी आफ्नो जीवनयापन गर्नको निमित्त आर्थिक व्यवस्था मिलाए । पटाचाराले पनि घरको कामकाज गर्ने, पानी ल्याउने, धान कुट्ने, भात पकाउने, सुघर सफाइ गर्ने इत्यादि सबै काम आफैले गरी गृहस्थ जीवन जसोतसो चलाइन् ।

क्रमशः समय बितेपछि पटाचारा गर्भवती भइन् । गर्भ बढ्दै गएपछि पटाचाराले आफ्नो पतिलाई भनिन् –"पतिदेव ! म यहाँ एक्लै छु । कुनै उपकारी नाता कुटुम्ब यहाँ छैनन् । अब बच्चा पाउने समय हुँदैछ । यदि तपाईंले वचन दिनुहुन्छ भने म माइत जान्छु । मलाई माइत पुऱ्याइदिनुहोस् ।

लोग्नेचाहिँले पटाचाराको इच्छा पूर्ण हुने किसिमले वचन दिन सकेन । उसले आफ्नो असमर्थता प्रकट गर्दै भन्यो – "म तिम्रो घरमा नोकर थिएँ । तर पनि मैले तिमीलाई भगाएर ल्याएँ । अब तिम्रो घरमा जाँदा तिम्रा आमाबाबुले मलाई के गर्लान् कसो गर्लान् भन्न सकिन्नँ । त्यसैले तिमी माइत नजाऊ । म तिमीलाई माइत पुऱ्याइदिन सक्दिनँ ।"

अनि पटाचाराले भनिन् –"हे स्वामी ! आमाबाबुको मन कमलो हुन्छ । उहाँहरूले हामीलाई केही गर्दैनन् । यहाँ त मेरा कोही


Downloaded from http://dhamma.digital/

पनि छैनन् । यस्तो ठाउँमा मैले कसरी सुत्केरी गर्न सकूँली ? त्यसैले मलाई माइतै पुऱ्याइदिनुहोस् ।" यसरी बारम्बार अनुरोध गर्दा पनि हुतिहारा त्यस युवकले आज-आज भोलि-भोलि भन्दै आलटाल गर्दैरह्यो ।

तर पटाचाराले लोग्नेको लाछीपना सहेर बस्न सकिनन् । नारीको जीवनमा गर्भवती अवस्था नाजुक हुन्छ । नारीहरू प्रसवकालमा के होला कसो होला भन्ने भयले आत्तिन्छन् । नारीहरूले त्यसबेला केवल जन्मदाता आमाबाबुलाई सहाराको रूपमा र उपकारकको रूपमा उनीहरूको शरण खोज्छन् ।

आफ्नो लोग्नेले आज भोलि भन्दै जाने दिन नतोकेर आलटाल गरिरहेको चाल पाएपछि तिनले विचार गरिन् – 'अब यो मान्छे श्रावस्ती जाँदैन । यसलाई कुरेर ठीक हुँदैन । त्यसैले म एक्लै भए पनि श्रावस्ती जानुपऱ्यो ।'

एकदिन लोग्नेचाहिँ जंगल गएको मौका पारी विश्वासी छरछिमेकीहरूलाई सूचना दिने विचारले भनिन् – "साथी हो ! म माइत जान लागेकी छु । मेरो लोग्ने घर फर्किंदा म माइत गई भन्दिनुहोला ।" यति भनी पटाचारा माइततिर हिंडिन् । लोग्नेचाहिँ जंगलबाट फर्किंदा पटाचारालाई देखेन । छिमेकीसँग सोध्दा पटाचाराले भनेकी कुरा उसलाई सुनाए ।

पटाचारा माइत हिंडेकी कुरा सुनेर त्यस युवकको मनमा दुःख लाग्यो । उसले विचार गऱ्यो – 'अहो, मेरै कारणले त्यस कुलीन सुकुमारी चेलीले अनाहकमा त्यस्तो दुर्दशा भोग्नुपऱ्यो ।' यसरी एक्लै फतफताउँदै पटाचारालाई फर्काएर ल्याउँछु भन्ने उद्देश्यले तिनी गएकै बाटो लाग्यो । केही पर पुगेपछि पटाचारालाई भेट्टायो । घर फर्काउन अनेक तरहले सम्झाए तर प्रसवावस्थाको भयले तिनले

Downloaded from http://dhamma.digital/

लोग्नेको कुरा मानिनन् र गन्तव्यतिर बढ्दै गइन् । केही समयपश्चात् बाटैमा तिनलाई प्रसव वेदना (बच्चा पाउने व्यथा) सुरू भयो ।

त्यसै बाटोको छेउको जंगलमा एउटा रूखमुनि सुरक्षित र गुप्त स्थानमा तिनले एक बालकलाई जन्म दिइन् । अनि पटाचाराले लोग्नेलाई भनिन् –"जुन उद्देश्यले माइत जान आएकी थिएँ, सो उद्देश्य यहीँ पूरा भयो । त्यसैले अब म माइत जान्नँ ।" यति भनी ती दम्पति पुत्रलाभ गरी सन्तुष्ट भई घर फर्के ।

क्रमशः त्यस बालकको लालन पालन भयो । बालक दुई वर्षको भयो । पुनः पटाचारा गर्भवती भइन् । अनि तिनले पहिलेझैँ माइत जाने मन गरी लोग्नेचाहिँलाई अनुरोध गरिन् । तर यसपाली पनि पटाचाराले लोग्नेको सहमति र साथ पाउन सकिनन् । पहिलेकै अवस्थामा तिनी परिन् ।

अनि आफ्नै निर्णयमुताविक काम गर्न थालिन् । प्रसवको समय नजिक आएको चाल पाएपछि लोग्नेको अनुमति नै नलिई दुईवर्षको बालक साथमा लिई श्रावस्तीतिर प्रस्थान गरिन् ।

लोग्नेचाहिँले यो कुरा थाहा पाएपछि फर्काएर ल्याउने विचारले त्यही बाटो गयो । बाटोमा पटाचारा फेला त परी तर अनेक प्रकारले सम्झाउँदा पनि पटाचारा घर फर्कन मानिनन् । तिनी अगाडि गइ नै रहिन् । त्यसबेला अकस्मात आकासमा कालो बादलले ढाकेर अन्धकार भयो । प्रसवको बारेमा मनमा कुरा खेलाउँदै पटाचारा गइरहेकी थिइन् । त्यसैबेला त्यहाँ घनघोर वर्षा भयो । बाटोमा कतै पनि ओत लाग्ने ठाउँ थिएन । तिनी पानीमा रूझ्दै गइरहिन् । त्यति नै बेला तिनलाई प्रसव वेदना सुरू भयो । प्रसव वेदना सहन नसकी लोग्नेलाई भनिन् –"मलाई प्रसव गर्न पानीले नरूझ्ने एक सुरक्षित स्थान बनाइदेऊ ।" आगो ताप्न दिन र स्थान बनाउने सिलसिलामा उसको

Downloaded from http://dhamma.digital/

लोग्ने रूखको हाँगा र पातपतिंगर बटुल्न जंगल पस्यो । एक ठाउँमा एउटा ढिस्को देख्यो र त्यहाँ हाँगा बिंगा र पातपतिंगर पनि देख्यो । आफूसँग भएको शस्त्र झिकी हाँगा र घाँस काट्न खोज्दा त्यस ढिस्कोनिर बस्ने एक कालसर्पले उसको खुट्टामा डस्यो । तुरुन्तै जीउभरि विष फैलियो । उसको जीउ निलाम्य भयो । होस सम्हाल्न नसकी ऊ त्यहीं ढल्यो । तत्कालै उसको मृत्यु पनि भयो ।

उतापट्टि अबला पटाचारा प्रसव वेदनाले छट्पटिरहिन् । कोही पनि उपकारक नभएको स्थानमा झरी बतास सहेर लोग्नेको प्रतीक्षामा बसिरहिन् । लोग्ने आउने आसमा यताउति हेरिरहिन् । प्रतीक्षा गर्दागर्दै झमक्क रात पऱ्यो । निरास पनि भइन् । असह्य प्रसव वेदनापश्चात् रातको प्रहरमा बच्चा जन्म्यो ।

त्यस्तो अन्धकार रात्रीको समयमा त्यो पनि पानीमा चुटिएर रहनुपर्दा दुःख वेदना सहन नसकी ती दुई बच्चाहरू जोरजोरले रोइरहेका थिए । पटाचाराको करूणापूर्ण हृदयले दुवै बालकलाई रातभरि आफ्नो शरीरको न्यानो दिई सुरक्षा दिँदै रात बिताइन् । त्यसरी रातभरि पानीमा रूझेर बस्नुपरेको र सुत्केरीको अवस्थामा भएकी हुँदा पटाचाराको शरीर रगत नभएको जस्तै पहेंलो वर्णको देखिन्थी ।

## पति र सन्तान बियोग

बिहानी भयो । अनि पटाचाराले सानो बच्चा काखी च्यापी, ठूलोलाई डोऱ्याई लोग्ने दाउरा बटुल्न जतातिर गएको थियो त्यतै गइन् ।

त्यहीं ढिस्कोनिर पुगेर हेर्दा विषले कालोनीलो भएर मृत अवस्थामा आफ्नो लाग्नेलाई देखिन् । पटाचाराको कोमल हृदयले त्यस वियोग दुःखलाई सहन सकेन । अनेक प्रकारले विरह गरी रोइन्

Downloaded from http://dhamma.digital/

कराइन् – 'हा ! म कस्ती अभागी रहिछु । मेरो निम्ति नै स्वामीले बीच बाटोमा प्राण त्याग गरे ।' यसरी शोकाकुल भई विलाप गरिन् । ती सुकोमल नारीले जीवनमा आराम भोग गर्नै पाइनन् । सुत्केरीको त्यस अवस्थामा तिनी कहाँ जाऊन् ? दुइटै बच्चाहरू साथमा लिई शरण पाउने आसामा माइती घरतिरै जाने विचार गरिन् ।

चेलीबेटीको लागि बाबुआमा नै शरण हुन्छ । नारी जीवनको ठूलो भरोसा पनि ती नै हुन् । यस्तै विचारले प्रेरित भई माइतीको शरण पाउने आसा गर्दै शोकाभिभूत पटाचारा आमाबाबुको मायाँ पाउन श्रावस्तीतिर बढिन् । बाटोमा अचीरवती भन्ने नदी पर्दथ्यो । रातभरि मुसलधारे पानी परेको कारणले उक्त नदीमा बाढी आएको थियो । नदीको पानी कति गहिरो छ भन्ने अन्दाज तिनमा थिएन । त्यसैले दुइटै बच्चाहरू साथमा लिई नदी पार गर्ने हिम्मत गर्न सकिनन् । हिम्मत होस् पनि कसरी ? त्यस्तो अवस्थामा तिनमा कसरी सामर्थ्य होला ? कुनै पनि नारीमा त्यस्तो दयनीय अवस्थामा त्यस प्रकारको सामर्थ्य हुँदैन । पटाचाराले सोचिन् – 'दुइटै बच्चाहरू लिएर अवश्य पनि नदी पार गर्न सकिदैन । ठूलो बच्चालाई वारि नै छोडेर यो वनजात शिशु लिई नदी तर्छु ।' यति विचार गरी नदी तरी पारि पुगिन् । अनि त्यस नवजात शिशुलाई कपडाले बेरी पात ओछ्याई पातैले ओढाई सुताइन् । अनि पारि छोडेर आएको बच्चालाई लिन नदीमा पसिन् ।

आमाको करूणामयी हृदय न हो, त्यस शिशुलाई केही हुन्छ कि भन्ने भय लिएर पछाडि फर्किदै नदी तरिन् । बीचमा पुगेपछि तिनले अकस्मात आकासमा उड्दै गरेको एउटा ठूलो बाजपंछी देखिन् । तल नदीको किनारमा सुताइराखेको त्यस शिशुलाई मासुको

Downloaded from http://dhamma.digital/

डल्लो भन्ने सम्भी त्यस बाजपंछी बेगले तल भरी त्यस शिशुलाई टिपेर लग्यो । पटाचाराले पछाडि फर्केर हेर्दा त्यस बाजलाई देखेर 'हा....' 'हा.....' भन्दै दुवै हात माथितिर हल्लाइन् । उता नदीपारि छोडेर आएकी बच्चाले मलाई आऊ भनी डाकेको भन्ने सम्भी आमा भएतिर जान नदीमा पस्यो । उता पटाचाराले पारिपट्टि हेर्दा बच्चालाई नदीले बगाइसकेको थियो ।

*अहो ! कस्तो वियोग ! प्राणसरि प्रिय ती दुवै बालकहरूले आमालाई छाडेर गए !*

त्यसघडी पटाचाराले आँखाले केही देखिनन्, केही बोल्न सकिनन् । तिनको शोकको सीमा नै थिएन । शोक विह्वल पनि किन नहोस् । वन्धु वियोगको दुःख सहन नसकी व्याकुल भएकी ती अबला पटाचारा एक्लै नदीको किनारमा छट्पटाइरहिन् । मृत लोग्ने र बच्चाहरूलाई सम्भी सम्भी दुःखका यी वाक्यहरू ओकिलिन् – 'हा ' मलाई यो कस्तो आइलाग्यो ? सानो बच्चा बाजपंछीले टिपेर लग्यो । ठूलो बच्चालाई नदीले बगायो । स्वामीको बाटैमा मृत्यु भयो । फेरि यो विरह-गीत गाउँदै रोई रोई माइतीतिर बद्दै गइन् ।

***सानो बच्चा बाजले टिपेर लग्यो रूवाई ।***
***ठूलो बच्चा नदीले बगायो हाइ राजा ।। १ ।।***
***स्वामीको बाटैमा मृत्यु भयो सर्पले डसी ।***
***जीवनको सुखानन्द मेरो भन्नु केही रहेन ।। २ ।।***

यस प्रकारले बन्धु वियोगले सताइएकी अबला पटाचारा रूँदै माइतीतिर गइरहेकी थिइन् । बाटोमा उताबाट आइरहेको एक व्यक्तिलाई भेटिन् । त्यस पथिकलाई तिनले कहाँबाट आउनुभएको

Downloaded from http://dhamma.digital/

भनी सोधिन् । पथिकले जवाफ दियो –“बहिनी, म श्रावस्ती नगरबाट आइरहेको छु ।”

पटाचाराले सोधिन् –“फलाना ठाउँमा बस्ने मेरा आमाबाबुको हालचाल के छ ?” पथिकले उत्तर दियो –“बहिनी, तिम्रो घरको कुरा केही नसोध । बरू अन्य कुरा सोध ।”

पटाचाराले आग्रह गरी भनिन् –“अन्य कुरा मलाई केही सोध्नु छैन । मेरो माइतीको हाल बताइदिनुहोस् ।”

पथिकले तिनको आग्रह टाल्न नसकी नभनी नहुने देखेपछि गएराती तिनको माइतीघरमा घटेको दुर्घटनाको विवरण यसरी दियो –

“के गर्ने बहिनी, आज राती ठूलो पानी परेको कारणले तिम्रो माइतीघर भत्की घरमा सुतिरहेका महाजन, उसकी जहान (श्रीमती) र उनीहरूका छोरा समेत घरमा पुरेर मृत्यु भयो । ती तीनजनाको एउटै चित्तामा दाहसंस्कार भइरहेको छ । उ, उता हेर त ‘‘चित्ताबाट धुवाँ पनि निस्किरहेको छ ।” त्यस पथिकको यस्तो कुरा सुनेर पटाचाराको निमित्त त्यतिखेर संसारै शून्य भएजस्तो अनुभव भयो । तिनी कुरा सुन्दासुन्दै त्यहीं मूर्छा परेर लडिन् ।

## मनस्थिति असन्तुलन

हा ! कस्तो दुःख ! कस्तो बन्धु वियोग ! तिनी हक्क न बक्क भइन् । तिनको होस ठेगानमा रहेन । तिनी त्यहीं रूख ढलेझैं ढल्न पुगिन् । तिनको शोकको सिमाना रहेन । तिनी विस्मृत भइन् । शरीरको वस्त्र अस्तव्यस्त भएको र खसेको पनि तिनलाई हेक्का रहेन । शोकाकुल भएर आफूले आफैलाई छात्तीमा मुड्कीले हान्दै रोइकराइ गरी यताउति दौड्दै रहिन् ।


Downloaded from http://dhamma.digital/

त्यही वियोगाग्नि र शोकाग्नीको कारणले आफूलाई सम्हाल्न नसकी पटाचारा बौलाहीजस्ती भइन् । नाङ्गी भएर रूने हाँस्ने गर्दै दौड्दै हिँडिन् । कहिले आफ्ना बच्चाहरू सम्भेर रून्थिन् । कहिले लोग्ने सम्भेर रून्थिन् । कहिले मरेर गएका आमाबाबु र भाइलाई सम्भेर विह्वल हुँदै रून्थिन् । एवं प्रकारले पटाचारा विलाप गर्दै भौंतारिरहिन् । तिनमा होस हवास कति पनि थिएन ।

बच्चाहरु र मानिसहरूले तिनको अस्तव्यस्त रूप देखी भ्रान्तचित्त भएकी बौलाही भनी ईटा, ढुँगा इत्यादिले हिर्काउँथे । टाउकोमा धुलो खन्याइदिन्थे । सबैले बौलाही आई भनी गिज्याउन थाले । अनेक प्रकारले अपमानित गर्न थाले । सबैतिरबाट बहिष्कृत भएकी तिनी रोइकराइ गरी अनियन्त्रित भई सडकमा दौडी हिंड्न थालिन् । तर जसले जे भने पनि तिनी प्रतिकिया जनाउँदिनथिन् । वियोगको शोकले पीडित भई असह्य दुःख वेदनाले छट्पटाइरहिन् । त्यसबेला तिनलाई शरणमा लिने कोही थिएनन् । यसै हालतमा रोइकराइ गर्दै पटाचारा जेतवन विहारतर्फ लागिन् ।

## बुद्धसित भेट

त्यसबेला जेतवन महाविहारमा देव मनुष्यका शास्ता हुनुभएका भगवान् बुद्धले विशाल परिषदलाई धर्मोपदेश दिइरहनुभएको थियो । तथागतले पटाचारालाई टाढैबाट देख्नुभयो । बुद्धले तिनप्रिति मैत्री प्रसार गर्नुभयो । त्यसपछि कारुणिक सम्यकसम्बुद्धले तिनको पूर्व प्रतीज्ञा र पारमिता गुणबारे विचार गर्नुभयो । पटाचारा कल्प सतसहस्र वर्ष पहिलेदेखि अभिनिहार (पूर्ण पारमी धर्म) गुणले सम्पन्न भएकी थिइन् । पारमिता धर्मानुसार तिनले पूर्वजन्ममा पूरा गर्दै आएको गुण धर्मलाई तथागतले अन्तर्मनले हेर्नुभयो ।

Downloaded from http://dhamma.digital/

## अतीत कथा

कल्प सतसहस्र वर्ष पहिले पद्मुत्तर बुद्धको पालामा हंसवती भन्ने नगरमा एउटा धनी कुलमा पटाचाराको जन्म भएको थियो । पछि ठूली भएपछि विहारमा गई पद्मुत्तर तथागतको धर्म उपदेश श्रद्धापुर्वक सुन्ने गर्थिन् । दानशीलादि गुण धर्म पालन गरी पुण्य संग्रह गरेकी थिइन् ।

एकदिन पद्मुत्तर सम्यकसम्बुद्धले धर्मसभामा एक भिक्षुणीलाई 'एतदग्ग' स्थानमा अथवा विनयधरणी भन्ने अग्रपद दिनुभयो । यस घटनालाई दृष्टिगत गरी त्यसबेला पटाचाराले भविष्यमा पनि यस्तै पद प्राप्त गर्न सकियोस् भनी पद्मुत्तर बुद्धसन्मुख यसरी प्रार्थना गरेकी थिइन् – 'भविष्यमा पनि तपाईंजस्तै बुद्धको अगाडि विनयधर थेरीहरूको माझमा यस्तै अग्रस्थान प्राप्त गर्न सकूँ ।'

त्यसबेला उक्त उपासिकाको (पटाचाराको) आसिका सुनेर पद्मुत्तर तथागतले अनागत ज्ञानले विचार गर्नुभयो । तिनको प्रार्थना सिद्ध हुने देखेर त्यस परिषदको बीचमा त्यस उपासिकाको प्रार्थनानुसार भविष्यमा तिनको प्रतीज्ञा पूर्ण हुनेछ भनी प्रकाश पार्नुभयो ।

पछि शाक्यमुनि बुद्धको धर्मशासनमा त्यही उपासिका पटाचाराको नामले विनयधर थेरीहरूमध्ये अग्रपद प्राप्त उपासिका हुनेछिन् भन्ने कुरा पनि पद्मुत्तर तथागतले परिषदलाई थाहा दिनुभयो ।

पद्मुत्तर बुद्धको उक्त भविष्यवाणी भविष्यमा पटाचारा हुने तिनी उपासिकाले आफ्नो प्रतीज्ञा अनुसार गुणाङ्ग धर्म पूरा गर्न त्यही जीवनमा जीवनपर्यन्त कुशल पुण्य संचय गरिन् । मृत्युपछि त्यस जीवनमा गरेका दानशीलादि कुशल धर्मको फलस्वरूप दिव्यलोकमा देवकन्या भएर उत्पन्न भइन् । त्यहाँ तिनले अनेक दिव्य सुखको अनुभव गर्दैरहिन् । यस प्रकारले कहिले स्वर्ग–सुख त कहिले


Downloaded from http://dhamma.digital/

मनुष्यलोकको सुख अनुभव गर्दै पुण्य पारमिता पनि संचय गर्दैआएकी थिइन् ।

पछि काश्यप बुद्धको पालामा वाराणसी देशमा कीकी भन्ने राजाको छोरी भई जन्मिन् । राजाका सात छोरीहरूमध्ये तिनी एक थिइन् । ती सात राजकुमारीहरू आपसमा खुब मिल्थे । ती सातैजना श्रद्धावती एवं शीलवती थिए । काश्यप तथागतको सद्धर्मोपदेश सुनेर ती सातै राजकुमारीहरूले बुद्धधर्ममा अगाध श्रद्धा राख्दै आआफ्ना जीवन सार्थक पार्न पुण्य संग्रह गरे । राजप्रासादमा बसी त्यस बखतको आयुअनुरूप बीसहजार वर्षसम्म कुमारी ब्रम्हचर्य शील पालन गर्दैरहे । त्यसबेला ती राजकुमारीहरूले बुद्धशासनमा श्रद्धा राखी काश्यप सम्यकसम्बुद्धलाई विहार गराउन एउटा महाविहार बनाउन लगाई बुद्धप्रमुख भिक्षुसंघलाई दान दिई पुण्य साधना गरे ।

त्यसरी पुण्य साधनामा लागेका ती श्रद्धालु पुण्याभिलाषी सातजना राजकुमारीहरूको नाम क्रमशः यस प्रकार थियो –

**'समणी, समणमुत्ता च, भिक्खुणी भिक्खुदायिका ।**
**धम्मा चे व, सुधम्मा च, संघदासी च सत्तिमा ।।'**

अर्थात –

(श्रमणी, श्रमणमुत्ता, भिक्षुणी, भिक्षुदायिका, धर्मा, सुधर्मा र संघदासी भन्ने तिनीहरूका नाम थिए ।)

त्यस जन्ममा अनेक पुण्य संग्रह गरेर मृत्युपश्चात् ती सात दिदीबहिनीहरू पुनः देवलोकमा उत्पन्न भए । देवकन्या भएर एक बुद्धान्तरसम्म दिव्यलोक सुख भोग गरिरहे ।

त्यसपछि शाक्यमुनि गौत्तम बुद्धको पालामा ती सात दिदीबहिनीहरू आआफ्नो कर्मानुसार मनुष्यलोकमा जन्म लिए । पटाचारा श्रावस्तीमा एक धनी कुलमा जन्मिन् । गौत्तम बुद्धको

 Downloaded from http://dhamma.digital/ 

पालामा उनीहरूको नाम क्रमशः यस्तो थियो –

**'खेमा, उप्पलवण्णा च, पटाचारा च गोतमि ।**
**धम्मदिन्ना, महामाया, विशाखा चे व सत्तमि ।।'**

अर्थात् –

क्षेमा, उत्पलवर्णा, पटाचारा, गौत्तमी, धर्मदिन्ना, महामाया र विशाखाको नामले तिनीहरूको जन्म भयो ।

***(अतीतको कुरा समाप्त भयो ।)***

पटाचाराको पूर्वजन्मका घटनाहरूको सुगतमा जानकारी थियो । पटाचाराले प्रार्थना गरिआएकी कुरा पनि तथागतले बुझ्नुभएको थियो । तिनी अभिनिहार गुणले सम्पन्न थिइन् । तर अहिले तिनी दुर्दशाले लखेटिएकीछिन् । तिनी जेतवनतिर आइरहेकी देखिइन् । यो दृश्य देखेर तथागत महाकारूणिक भगवान् बुद्धले तिनीप्रति मैत्रीपूर्ण करूणा राख्नुभयो । तिनको पहिलेको प्रतीज्ञा र अहिलेको अशरण स्थितिलाई देखी पटाचारालाई म बाहेक यिनको अरू कोही उपकारक हुन सक्दैन भनी देख्नुभयो र पटाचारालाई विहारतिर कसरी उन्मुख पार्न सकिन्छ, सो उपाय गर्नुभयो ।

पटाचारा जेतवन महाविहारको नजिक आइपुगिन् । धर्मश्रवणको लागि त्यहाँ जम्मा भएका श्रोतावर्गले 'त्यस बौलाहीलाई विहारमा आउन नदेऊ' **(इमिस्सा उम्मतिकाय इतो आगन्तु मा ददित्था'ति)** भनेर कराए । तर भगवान् बुद्धले ती परिषदलाई 'तिनलाई नरोक' **(मा तं वारयित्था'ति)** भन्नुभयो । भन्दाभन्दै वरै आइपुगेपछि बुद्धले 'स्मृति सम्हाल, बहिनी' **(सतिं पटिलभ भगिनी ति)** भन्नुभयो । पटाचाराको त्यस अवस्थामा पनि बुद्धानुभावले


Downloaded from http://dhamma.digital/

तिनको स्मृति (होस) फर्क्यो । त्यसबेला मात्र तिनले आफ्नो शरीरमा लुगा नभएको चाल पाइन् । लाज शरमले भुत्तुक्क भई तिनी त्यहीं थचक्क बसिन् ।

त्यहाँ त्यतिखेरै एकजनाले तिनीमाथि एउटा पछ्यौरा ( चादर) फालिदियो । तिनले त्यही पछ्यौरी ओढी बुद्धसन्मुख गइन् र बुद्धको चरणमा पञ्चाङ्ग दण्डवत गरिन् । अनि बुद्धसँग प्रार्थना गरिन् – "भगवान् शास्ता, मलाई शरण लिनुहोस्, मलाई रक्षा गर्नुहोस् । भगवान् ! मेरो एउटा बच्चा बाजले टिपी लग्यो । अर्को बच्चा नदीले बगायो । बाटोमा पतिको मृत्यु भयो । आमाबाबु सबैको घरले पुरी मृत्यु भयो । ती पुरिएका सबैलाई एउटै चित्तामा जलाइए । तथागत ! मेरो रक्षा होस् ।"

भगवान् शास्ताले पटाचारालाई सम्झाउनुभयो –"पटाचारा चिन्ता नगर । तिमी मकहाँ आइपुग्यौ । तिमीले शरण मात्र होइन, त्राण पनि पाउँछौ ।" **(पटाचारे मा चिन्तयि तव अवस्सयो चवितुं समत्थस्सेव सन्तिकं आगतासि ।)** यति भनी त्यस अबला नारी पटाचाराको बन्धु वियोग दुःखले शोकाकुल हृदयलाई सान्त्वना दिनुहुँदै फेरि तथागतले यसरी सम्झाउनुभयो –"पटाचारा ! जसरी अहिले तिम्रो एउटा बच्चा बाजले झम्टेर लग्यो । एउटा बच्चा नदीले बगायो । बाटोमा पति मऱ्यो । त्यस्तै आमाबाबु भाइसमेत घरले पुरेर मरे । त्यस्तै किसिमले यस अनादि संसारमा पुत्रादि बन्धुहरू मर्दा तिमीले बहाएको आँसु जम्मा गरेमा चार महासमुन्द्रको पानीभन्दा बढी भइसक्यो होला ।" यति भन्नुभएपछि यो गाथानुकूल उपदेश दिनुभयो ।

**'चतूसु समुद्देसु जलं परित्तकं, ततो बहू अस्सुजलं अनप्पकं । दुक्खेन फुट्ठस्स नरस्स सोचना, किं कारण अम्म, तुवं**


Downloaded from http://dhamma.digital/

**पमज्जसि ।।**

अर्थात् –

चार समुन्द्रको पानी कम हुन सक्छ, तर संसारमा दुःखले उत्पीडित भएका शोकग्रस्त मानिसहरूको आँखाबाट झरेका आँसु जम्मा गरेमा त्यसभन्दा बढी हुन्छ । त्यसैले हे प्रिय पुत्री ! तिमी किन शोक गरी विस्मृत हुन्छौ ?

यस प्रकारले सम्यकसम्बुद्धले आदि अन्त्य नभएको यस संसारमा प्राणीहरूले शोकादि दुःखभोग गरिरहेका कुरा पटाचारालाई हृदयस्पर्श हुनेगरी आज्ञा गर्नुभयो । यो उपदेश सुनेर तिनको शरीरमा बिस्तारै चेतनाको संचार भयो र शोकको मात्रा क्रमशः कम भएर गयो ।

शास्ताले पनि पटाचाराको हृदयव्यथा कम हुँदै गएको थाहा पाउनुभएर भन्नुभयो –"पटाचारा ! छोराछोरी नाता कुटुम्बहरूले मर्ने बेलामा रक्षा गर्न वा शरण दिन वा भरोसा दिन सक्दैनन् । त्यसैले ती जीवितै भए पनि मरणपछि नभएकै बराबर हुन्छन् । ज्ञानीहरूले बरू शुद्धरूपले शील पालन गरी आफ्नो निर्वाणगामी मार्गलाई छिटै सिधा पार्नुपर्छ ।" यसरी धर्मदेशना गर्नुभएपछि निम्नलिखित गाथा भन्नुभयो

**न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा ।**
**अन्तके नाधिपन्नस्स, नत्थि ञातींसु ताणाता ।।**

अर्थात् –

मृत्युले जकडेपछि छोरा छोरी, आमाबाबु आफन्त इष्टमित्रहरूले पनि केही गर्न सक्दैनन् ।

**एतमत्थवसं ञत्वा, पण्डितो सीलसंवुतो ।**
**निब्बानगमनं मग्गं, खिप्पमेव विसोधये ।।**

अर्थात् –


Downloaded from http://dhamma.digital/

यो कारणलाई बुझी शीलवान पण्डितहरूले निर्वाणमा पुऱ्याउने मार्गलाई छिट्टै नै अनुशरण गर्नुपर्छ ।। २ ।।

यो धर्मदेशनापछि पटाचाराको चित्तमा जमेको क्लेश ज्ञानाग्निद्वारा भष्म भई स्रोतापति फलमा प्रतिष्ठित भइन् । अरू कतिपय श्रोतागण पनि उक्त धर्मदेशना सुनेर स्रोतापतिफलमा प्राप्त भए ।

स्रोतापन्न भएपछि पटाचाराले भगवान् शास्तासँग प्रब्रज्या मागिन् । बुद्धले तिनलाई भिक्षुणीसंघमा प्रब्रज्या दिलाउनुभयो । तिनी उपसम्पदालाभी भइन् । **(पटित्ताचारता पटाचारात्वेव पञ्ञाति)** पटित आचरण स्वभावले अर्थात् बन्धुवियोगमा निर्वस्त्र बौलाहीजस्तै भौतारिहिंडेकीले तिनी पटाचाराको नामले चिनिइन् ।

पटाचारा भिक्षुणी भएपछि अझ उत्साही भएर आफ्नो जीवनलाई उच्चतर भूमिमा प्रतिष्ठापित गर्न प्रयत्नशील भइन् । भिक्षुणीहरूको बीचमा तिनलाई विनय धारण गर्ने र धर्मको कुरा राम्ररी बुझ्ने सन्दर्भमा श्रेष्ठ हुन् भनी सबैले मान्दथे ।

एकदिन तिनी खुट्टा धोइरहेकी थिइन् । खुट्टा धोएको पानी बगेर गएको हेरिरहिन् । अलि पर पुगेपछि त्यो बगेको पानी सुकेर गयो । फेरि दोस्रोपल्ट खुट्टा धुँदा पानी त्यसभन्दा पनि परसम्म बगेर गएको अनि सुकेर गएको देखिन् । तेस्रोपल्ट खुट्टा धुँदा पनि त्यसरी नै अलि उतासम्म पानी बगेर गएको अनि सुकेर गएको देखिन् ।

त्यसरी पानी बग्दै सुक्दै गएको देखेर तिनलाई समाधिको एउटा आलम्बन प्राप्त भयो । पहिलोपल्ट खुट्टा धुँदा बगेर सुकेको पानीसमान प्राणीहरू प्रथम वैशमा नै मृत्यु हुँदारहेछन् । दोसोपल्ट धोएर बगेको पानीसमान प्राणीहरू मध्यम वैशमा नै मृत्यु हुँदारहेछन् । तेस्रोपल्ट खुट्टा धुँदा बगेको पानीसमान कोही कोही अन्तिम वैशमा नै

 Downloaded from http://dhamma.digital/ 

मृत्यु हुँदारहेछन् । सबै मरणधर्मा हुन्, सबै अनित्य हुन् भनेर पटाचाराले सांसारिक जीवन सम्बन्धमा ज्ञान प्राप्त गरिन् । भगवान् बुद्धले त्यसबेला गन्धकुटी विहारमा बस्नुभई ६ वर्ण बुद्धरश्मि फैलाउनुभई तिनको अघिल्तिर नै उभिई भनिरहेझैँ गरी भन्नुभयो –"त्यस्तै हो पटाचारा ! भावनाको विधि त्यस्तै नै हो । सबै प्राणीहरू मरणधर्मा हुन् । पञ्चस्कन्धको उत्पति र विनास हुने कुरा नजानी सय वर्षसम्म जीवित हुनुभन्दा उत्पति र विनास हुने स्वभाव धर्मलाई जानेर एकदिन मात्र जीवित हुनु श्रेयस्कर छ ।" यसरी पटाचाराको चित्तानुरूप धर्मदेशना गर्नुहुँदै यो गाथा भन्नुभयो –

**यो च वस्ससतं जीवे अपस्स उदयब्बयं ।**
**एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ।।**

अर्थात् –

सयवर्ष जीवित भएर पनि पञ्चस्कन्ध स्वभाव धर्मको उत्पति हुने र विनास हुने क्रियालाई नजान्नुभन्दा ती स्वभाव धर्मको उत्पति हुने र विनास हुने क्रियालाई जानेर बरु एकदिन मात्र भए पनि जीवित हुनु राम्रो हो ।

तथागतको अमृतमय धर्मदेशनाअनुसार पटाचाराले आफ्ना बन्धुवियोगको शोकलाई शान्त गरिन् । त्यस्तै दुःखको बीउ चित्तमललाई पनि बुद्धवाणीरूपी शित्तल जलले धोइन् । स्रोतापति फलादि प्राप्त गरी आचरण र अभ्यास दृढतापूर्वक बढाई तिनी अग्रश्राविका बनिन् । धेरै समय नबित्दै सम्पूर्ण चित्तमल हटाई आश्रव क्षय गरी पटिसम्भिदाको साथै अर्हतत्व प्राप्त भिक्षुणी भइन् ।

एकदिन भगवान् बुद्ध जेतवन जानुभई पटाचारा भिक्षुणीलाई भिक्षुसंघमा अग्रस्थान दिँदै विनयधरहरूमध्ये अग्रपद दिनुभयो । उहाँले भन्नुभयो – **"एतदग्ग भिक्खवे, मम साविकानं भिक्खुनीनं**

Downloaded from http://dhamma.digital/

**विनयधरानं यदिदं पटाचारा ।"** अर्थात् – हे भिक्षुहरू ! भिक्षुणी श्राविकासंघमा विनयधरहरूमध्ये पटाचारा एउटी अग्रश्राविका हुन् ।

यस प्रकार पटाचारा भिक्षुणी भएपछि बुद्धवचनलाई अक्षरशः पालना गर्ने साधिका भइन् । आर्यमार्गमा पूर्ण सफलता प्राप्त गरेकी ती पटाचारा स्थविरणीको शान्त हृदयबाट निसृत उद्गार यस्तो थियो

क) "मानिसले हलोको सहायताले भूमि जोती बीउ रोप्छन् । यसरी खेती गरी आफ्ना पत्नी, छोराछोरीहरूको पालन पोषण गर्दै धन पनि कमाउँदछन् ।"

ख) "अनि किन मैले मात्रै निर्वाण प्राप्त गर्न नसकूँली ? म त शीलसम्पन्न छु । शास्ताको शासनलाई योग्य काम गर्दैछु । म अप्रमादिनी पनि छु, अचल, अटल र विनीत पनि छु ।"

ग) "एकदिन खुट्टा धोएर फालिएको पानी तलतिर बगेर गएको देखें ।

घ) "मैले आफ्नो चित्तलाई असल जातको घोंडालाई तालिम दिएझैं समाधिमा लगाएँ । फेरि म दियो लिएर विहारको कोठामा गएँ । त्यहाँ दियोको प्रकाशसहितको ओछ्यानमा बसें र दीप-शिखाको आलम्बनमा ध्यान गर्दैरहें ।"

ङ) "सियो लिएर दियोको बत्ती कोट्याएर थिचें । बत्ती तेलमा दबेर गयो अनि दियो झ्याप्प निभ्यो । दियो निभ्नुको साथसाथै मेरो तृष्णाको ज्वाला पनि सदाको लागि निभ्यो (शान्त भयो) । त्यसको साथै मेरो सम्पूर्ण तृष्णासहितको चित्त पनि परम शान्तिमा प्राप्त भयो । मलाई निर्वाणिक अवस्था प्राप्त भयो ।"

(भिक्षु अश्वघोषद्वारा नेवारीमा रचित कृतिको नेपालीमा अनुवाद।)

Downloaded from http://dhamma.digital/

३

# सुजाता

उरूवेलास्थित सेनानी निगमको सेनानी कुलमा सिद्धार्थ गौत्तमको जन्म हुनुअघि नै सुजाताको जन्म भइसकेको थियो । यौवनावस्था प्राप्त भएपछि उरूवेला नजिकैको निग्रोध वृक्षमा तिनी गइन् । तिनले वृक्षदेवतासमक्ष भाकल गरिन् कि पहिलो बेतमै पुत्रलाभ गर्नसकें भने तपाईलाई प्रतिवर्ष भव्यरूपले पूजा चढाउनेछु । कालान्तरमा तिनले चिताएभैंm पूर्ण पनि भयो ।

तिनको विवाह वाराणसी देशको एक धनाढ्य कुलमा भएको थियो । विवाहको केही समयपश्चाद तिनले एक पुत्रलाई जन्म दिइन् । त्यस वालकको नाम 'यश' राखियो । केही समयपछि तिनी आफ्नी माइती उरूवेलको सेनानी निगममा गइन् । आफ्नो भाकल पूरा भएबमोजिम तिनले निग्रोध वृक्षमा गई धुमधामसित पूजा गरिन् । यसरी प्रतिज्ञा बमोजिम तिनले प्रत्येक वर्ष बैशाख पूर्णिमाको दिन पूजाको आयोजना गर्ने गरिन् । निग्रोध वृक्षमा देवताले बास गर्दछ भन्ने विश्वास त्यस बेलाका मानिसहरूमा थियो ।

समय पाएपछि सुजाताले आफ्नी पुत्र यश कुमारको पनि विवाह सुसम्पन्न गरिदिइन् । सिद्धार्थ गौत्तमले महाभिनिष्क्रमण पछि उरूवेल वनमा तपस्या गर्न थाल्नुभएको ६ वर्ष पुगिसकेको थियो । बैशाख पूर्णिमाको केही दिनपूर्व नै सुजाता वाराणसीबाट माइती आएकी


Downloaded from http://dhamma.digital/

थिइन् । बैशाख पूर्णिमाको दिन निग्रोध वृक्ष देवतालाई पूजा गर्ने तिनको धोको थियो । आफ्नो माइतीघरमा पालिएका गाईहरूलाई मुलेती वनमा चराउन पठाइन् । दुध बाक्लो र मीठो होस् भन्ने हेतुले ती गाईहरूको दुध अरू आठ गाईहरूलाई पिलाइन् । ती गाईहरूको दुध दुहनुभन्दा अघि गोठका बाछाहरू फुकाएर दुध खान दिइन् तर बाछाहरूले दुध खान मानेनन् । थुनमुनि मवुआ राखिदिंदा थुनबाट स्वतः दुधको धारा बहन थाल्यो । ८ मबुआ भरियो । यो दृश्य देखेर सुजाता आश्चर्य चकित भइन् । तिनले त्यस दुधलाई नयाँ चोखो भाँडामा राखी तताइन् । यसरी दुध तताइरहँदा चुल्होबाट कतिपनि धुँवा आएको थिएन । उम्लेको दुधका फोकाहरू दाहिनेतिरबाट घुमी रिङ्गदथे । भकभक उम्ले पनि दुध अलिकति पनि बाहिर पोखिएन ।

यस्तो आश्चर्यजनक घटना घटेको देखी सुजाता विस्मित भइन् । तिनले आफ्नी पूर्णा भन्ने दासीलाई भनिन् "पूर्णे, आज हामीदेखि निग्रोध वृक्षदेवता अति प्रशन्न भएझैं लाग्दछ । चाँडै गएर निग्रोध वृक्षको चौतारी लितपोत गरी सफासुघर गर ।" पूर्णा दासी पनि दौड्दै निग्रोध वृक्षतिर गइन् ।

त्यसै दिन सिद्धार्थ गौत्तम पनि ६ वर्षको घोर तपस्यापछि सेनानी निगममा भिक्षाटन गर्न निस्कनुहुँदा कुनै घरबाट पनि धुँवा निस्केको नदेख्नुभएको हुनाले धुँवा ननिस्कुञ्जेल यही वृक्षमुनि बस्नुपर्‍यो भनी पूर्वाभिमुख गरी सोही निग्रोध वृक्षमुनि बस्नुभयो ।

लितपोत गरी सफा गर्न आएकी पूर्णाले टाढैबाट प्रशन्न र प्रफुल्ल मुद्रामा निग्रोध वृक्षमुनि बसिरहनुभएको बोधिसत्वलाई देखिन् । बोधिसत्वको शरीरबाट निस्केको तेजले निग्रोध वृक्ष सिंगै सुवर्णमय देखिन्थ्यो । पूर्णाले सम्भिन् कि आज त निग्रोध वृक्ष देवता हामीदेखि साहै प्रशन्न हुनुभई वृक्षबाट ओर्ली खीर भोजन र पूजा ग्रहण गर्न

Downloaded from http://dhamma.digital/

तयार भई बस्नुभएको रहेछ । यति मनमा बिचारी तिनी तुरून्तै त्यहाँबाट फर्की यो खुसीको खवर सुनाउन सुजाताकहाँ पुगिन् । तिनले भनिन् – “भो स्वामिनी, आज त साँच्चै नै वृक्षदेवता हामीदेखि अति प्रशन्न हुनुभई आफ्नो दिव्यरश्मी फिंजाई रूखमुनि बस्नुभएको छ ।”

यो कुरा सुनी हर्षातिरेक भई सुजाताले भनिन् – “यदि यो कुरा सत्य हो भने तिमी आजदेखि दासत्वबाट मुक्त भयौ र तिमीलाई म जेठी छोरीको स्थानमा राख्नेछु ।” यति भनी सुजाताले आफ्ना अलंकारहरू पनि तिनलाई सुम्पिदिइन् ।

त्यसपछि सुजाता छिटै उत्तम वस्त्रालंकारले सज्जित भई सुवर्ण पात्रमा उत्तम क्षीर राखी ढकनीले ढाकी सेतो वस्त्रले छोपी सुगन्धित फूलहरूसहित उक्त पात्रलाई टाउकोमा बोकी त्यस निग्रोध वृक्ष भएठाउँ पुगिन् । तिनले रूखमुनि विराजमान त्यो कारूणिक पुरूषलाई निग्रोध देवता नै ठानिन् । तिनी अति प्रशन्न भई मनमनै नतमस्तक भई रूखमुनि पुगिन् । बोधिसत्वलाई सुगन्धित जलले हात धुन निवेदन गरिन् । अनि उक्त सुवर्ण पात्रमा ल्याइएको भोजन वोधिसत्वलाई सश्रद्धा दान दिइन् ।

वोधिसत्वले भोजन ग्रहण गर्नुहुँदै सुजाताको मुख ताकिरहे तर केही बोलेनन् । त्यसबेला सुजाताले भनिन् “आर्य, भोजन दान गर्न पाउँदा र पुत्ररत्न प्राप्त हुँदा जसरी मेरो मनोरथ पूर्ण भयो त्यस्तै तपाईको पनि मनोरथ पूर्ण होस् ।” यति भनी सुजाता घर फर्किन् ।

सिद्धार्थ गौत्तमले नजिकैको नेरञ्जना नदीमा गई नुहाइ धुवाइ गरी भोजन गर्नुभयो । भनिन्छ उक्त भोजन जम्मा ४९ (उनन्चास) गाँसको थियो । त्यसपछि सिद्धार्थ गौत्तम (वोधिसत्व) ले एक पीपलको रूखमुनि बोधिज्ञान प्राप्त नगरी उठ्दै नउठ्ने अधिष्ठान गरी ध्यानमा बस्नुभयो । त्यही बैशाख पूर्णिमाको रातमा सिद्धार्थले जन्म–मरणरूपी


Downloaded from http://dhamma.digital/

दुःखले मुक्त रहेको निर्वाण सम्पतिलाई साक्षात्कार गरिलिनुभयो । उहाँ सम्यकसम्बुद्ध हुनुभयो । सात हप्तासम्म (४९ दिन) सम्म कुनै पनि आहारा ग्रहण नगरी निर्वाण-सुखको अनुभव गर्नुभयो ।

पालिसाहित्यमा सुजाताको उक्त भोजनदानलाई निकै महत्त्व दिइएको छ । त्यो यसै कारणले कि उक्त क्षीर भोजन गरी सिद्धार्थ गौत्तमले बुद्धत्व प्राप्त गर्नुभएको थियो । यस्तै पावावासी चुन्द कर्मारपुत्रले भगवान बुद्धलाई सुंगुरको मासु (कहीं कहीं जंगली च्याउ पनि भनिएको पाइन्छ) पकाई भोजन गराएका थिए । त्यसपछि भगवानको महापरिनिर्वाण भएको थियो । यस घटनालाई पनि सुजाताको भोजन-दान जतिकै महत्वपूर्ण मानिएको छ । यसको कारण हुन् -

१) सुजाताको क्षीर भोजन गरेपछि सिद्धार्थले सोपादिशेष निर्वाणधातुप्राप्त गर्नुभयो भने चुन्द कर्मारपुत्रले दिएको भोजन गरेपछि अनुपादिशेष निर्वाणधातु प्राप्त गर्नुभयो ।

२) सुजाता प्रदत्त भोजनपछि सिद्धार्थ गौत्तम वीत्तरागी, वीत्तद्वेषी तथा वीत्तमोही हुनुभयो भने चुन्द कर्मारपुत्रको भोजनपछि रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञानको पुञ्जसहित निरोध गरी महापरिनिर्वाण-पद प्राप्त गर्नुभयो । उनीहरू दुवैको भोजन परिनिर्वाण-समानता, समापति-समानता तथा अनुस्मरण-समानता तीन गुणहरूले युक्त मानिन्छ । ती तीन गुणहरू के के हुन् भने

## *क) परिनिर्वाण-समानता*

सुजाताको क्षीर भोजनद्वारा क्लेशनिरोध भयो र चुन्दको भोजनद्वारा स्कन्ध निरोध भयो । त्यसैले 'परिनिर्वाण-समानता' भनिएको हो ।


Downloaded from http://dhamma.digital/

## ख) समापति-समानता

सम्बोधिज्ञान प्राप्त गर्नुभएको दिनमा चौवीस करोड एक लाख जति समापति ध्यान गर्नुभएको थियो । महापरिनिर्वाण प्राप्त गर्नुभएको दिनमा पनि त्यतिकै समापति ध्यान गर्नुभएकोले 'समापति-समानता' भनिएको हो ।

## ग) अनुस्मरण-समानता

भगवान बुद्धले सात हप्तासम्म त्यहाँ आफूले प्राप्त गरेको धर्मको अनुस्मरण गर्नुभएको थियो । रूखमुनि बसेका वृक्षदेवता त रहेन छ बुद्ध भगवान पो हुनुहुँदो रहेछ भन्ने थाहा लागेपछि आफूले प्रदान गरेको क्षीर भोजनको अनुस्मरण सुजाताले गरेकी थिइन् । तिनलाई अपार हर्षानुभूति भएको थियो । त्यस्तै चुन्द कर्मारपुत्रलाई पनि भगवानलाई मैले अन्तिम भोजन गराउन पाएँ । मेरै भोजनपछि तथागतले अनुपादिशेष निर्वाण-धातु प्राप्त गर्नुभयो भनी आफूले दिएको भोजनको अनुस्मरण गर्दा उनलाई पनि अपार प्रीतिको संचार भएको थियो । त्यसैले 'अनुस्मरण-समानता' भनिएको हो ।

यी दुवै जनाले दिएको प्रथम र अन्तिम भोजनहरू कति महत्वपूर्ण थियो भन्ने कुरा तथागतले महापरिनिर्वाण हुनुपूर्व आनन्द भन्तेलाई भन्नुभएको यस कुराले प्रष्ट पार्दछ ।

"आनन्द, तिम्रो भोजन गरेपछि तथागतको परिनिर्वाण भयो भनी चुन्दकर्मारपुत्रलाई दोषारोपण नगर । जुन भोजन गर्नाले सम्बोधिलाभ हुन्छ र जुन भोजन गर्नाले परिनिर्वाण हुन्छ यी दुवै समानरूपले महत्वपूर्ण र फलदायी छन् ।"

भगवान बुद्ध बोधिज्ञान प्राप्तिपछि सिधै वाराणसीको ऋषि पतन मृगादावनमा जानुभयो । त्यहाँ उहाँले पञ्चभद्रवर्गीय भिक्षुहरूलाई


Downloaded from http://dhamma.digital/

धर्म अववोध गराइसकेपछि उहाँ सोही वनमै बस्नुभयो ।

एकदिन सुजाताको छोरा यशकुमार पुत्र विरत्तिई एकलैरातीको समयमा घरबाट निस्की मृगदावनमा पुगे । त्यहाँ बुद्ध भगवानलाई भेटी धर्मोपदेश सुनी प्रवजित पनि भए ।

सुजाताले प्रासादमा यश पुत्रलाई देखिनन् । आफ्नी पतिलाई सोधिन् । यो कुरा सुनेर यशको पिता झसङ्ग भई पुत्रको खोजीमा आफ्ना दूतहरू चारैतिर पठाए । आफू पनि पुत्रको खोजीमा निस्के । घुम्दै फिर्दै उनी मृगदावनमा पुगे । बाहिर सुनको खराऊ देखेर अवश्य पनि यश यहीं कहीं हुनुपर्छ भनेर विचार गरे । उनी भगवान बुद्ध भएठाउँमा गएर सोधे "भन्ते, के तपाईले यश कुमारलाई देख्नुभएको छ ?" भगवानले यहीं बस, उनलाई तिमीले यहीं देख्नेछौ भन्नुभयो । छोरालाई हेर्ने लालसामा हर्षित हुँदै भगवानलाई अभिवादन गरी त्यही एक ठाउँमा बसे । त्यसबेला भगवानले उनलाई आनुपूर्वि कथा सुनाउनुभयो । आनुपूर्वि कथा भनेको – दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दोष कथा, काम विषयको तुच्छताको कथा, कामविषयको सक्लिष्ट कथा तथा नैष्क्रम्यको गुणकथा इत्यादि हुन् । आनुपूर्विकथा सुनाइसकेर जब भगवानले उनको चित्त मृदु, प्रशन्न, नीवरणरहित पाउनुभयो, अनि भगवानले 'चतुरार्य–सत्य' को धमोपदेश सुनाउनुभयो ।

*(चतुरार्य सत्य भनेको चार आर्य–सत्य हो । दुःख छ, दुःखको कारण छ, दुःखको निरोध हुन्छ र दुःख निरोध गर्ने उपायहरू छन् । यिनै चार आर्य–सत्य हुन् । – अनुवादक)*

यो धर्मोपदेश सुनेर छोराको पखाईमा बसेका श्रेष्ठी गृहपतिलाई विरज, वीत्तमल धर्मचक्षु प्राप्तभयो । उनलाई 'जे जति समुदय धर्म हुन् ती जम्मै निरोध धर्म हुन्' भन्ने ज्ञान प्राप्त भयो । उनी सन्देहरहित, वैशारद्यतामा प्रतिष्ठित भई शास्ताको धर्म अववोध गर्ने अवस्थामा


Downloaded from http://dhamma.digital/

पुगे । उनले भगवानलाई प्रार्थना गरे "धन्य हो भन्ते धन्य ! जस्तो घोप्टिएकोलाई उत्तानो पारिदिंदा, ढाकेकोलाई उघारिदिंदा, बाटो बिराएकालाई बाटो देखाइदिंदा, अन्धा भएकालाई ज्ञानको बत्ती बाली रूप देखाइदिंदाझैं भगवानले मलाई धर्मको प्रकाश दिनुभयो । अब म भगवानको, धर्मको र भिक्षुसंघको शरण पर्छु । आजदेखि म आजीवन बुद्धको शरणागत भएँ ।"

त्रैवाचिक शरण जाने प्रथम उपासक नै श्रेष्ठी गृहपति थिए । उनले स्रोतापत्ति फलको साक्षात्कार गरे ।

जब भगवान बुद्धले यश कुलपुत्रको पितालाई धर्मोपदेश गरिरहनुभएको थियो यशपुत्र त्यही थिए तर भगवानको ऋद्धिको बलले यशको पिताले उनलाई देख्न सकेनन् । पितालाई सुनाएको धर्मोपदेश श्रवण गरेर यशले अर्हतत्व (अरहत्व) प्राप्त गरे । उपदेश सिद्धिएपछि भगवानले ऋद्धिको प्रभाव हटाइदिनु भएपछि मात्र यशको पिताले छोरालाई देखे । पिता चाहिंले भने "प्रिय यश ! आमा घरमा शोकाकुल छिन् । गएर आमालाई सान्त्वना दिई तिनको प्राण बचाइदेऊ ।"

बाबुको कुरा सुनी यशले भगवानको मुख ताके । भगवानले उनको पितासँग भने – "हे गृहपति ! जुन कुलपुत्रको चित्त आस्रवबाट मुक्त भइसक्यो के त्यस पुरूषले पुनः घर गृहस्थीमा बसी विषय भोग गर्न सक्ला ?" भगवानको कुरा यशको पिताले बुझे । उनले हर्षातिरक भई भने – "ओहो ! भन्ते आस्रवमुक्त हुनु मेरो पुत्रको महान लाभ हो, सुलाभ हो ।" अनि उनले यशपुत्रसहित भगवानलाई घरमा भोजनको लागि निम्तो दिए । भगवानले त्यस निम्तोलाई तुष्णिभावले स्वीकार गर्नुभयो ।

त्यसबेला यशसहित अरहन्तहरूको संख्या लोकमा ७ जना


Downloaded from http://dhamma.digital/

मात्र पुगेको थियो ।

त्यसपछि पूर्वान्ह समयमा भिक्षु यशपुत्रसहित भगवान उनका पिता श्रेष्ठी गृहपतिको घरमा भोजनार्थ जानुभयो ।

यशपुत्रको माता सुजाता आफ्नी बुहारीसहित भगवानको अगाडि आई भगवानलाई अभिवादन गरी एकछेउ बसिन् । भगवानले उनीहरूलाई आनुपूर्विकथा सुनाई चित्त परिशुद्ध भएपछि चतुरार्य सत्यको कुरा सुनाउनुभयो । अनि सुजाता र उनकी बुहारी पनि स्रोतापतिफलमा प्रतिष्ठित भए । सुजाताले भगवानप्रति कृतज्ञता ज्ञापन गर्दै प्रशन्नता व्यक्त गरिन् । तिनले आजीवन बुद्धको शरणमा जाने उपासिका हुँ भनी बुहारीसहित आफू बुद्ध, धर्म तथा संघको शरणमा गइन् ।

त्रैवाचिक शरण जाने उपासिकाहरू मध्ये प्रथम उपासिकाहरू सुजाता र उनकी बुहारी नै हुन् । भगवान बुद्धले प्रथमतः त्रिशरण जाने उपासिकाहरू मध्ये सुजाता अग्र हुन् भनी घोषणा पनि गर्नुभयो ।

*(भिक्षु अमृतानन्द महास्थविरद्वारा लिखित 'बुद्धकालीन महिला भाग – १' बाट साभार गरी पुस्तकानूकुल हुने गरी नेपालीमा अनुवाद तथा सम्पादन ।)*

***अनिच्चावत संखारा, उप्पादवय धम्मिनो ।***
***उपज्जित्वा निरुज्झन्ति, तेसं वुपसमो सुखो ।।***

अर्थ –
सबै संस्कारहरु अनित्य हुन् । यिनीहरुको स्वभाव उत्पति विनास हुनु हो । यिनीहरु जब उत्पन्न हुँदै विनास हुन्छन् र त्यसलाई प्रज्ञाचक्षुद्वारा दृष्टिगत गरिन्छ अनि सुखको अभिवृद्धि हुँदैजान्छ ।


Downloaded from http://dhamma.digital/

४

# आम्रपाली

(पाठकवर्गमा रूचि बढाइदिने, जिज्ञासा शान्त गरिदिने र कथारूप दिने उद्देश्यले र आम्रपालीको बारेमा केही थप परिचय मिल्ने देखेर यस अनुवादको प्रारम्भमा संक्षेपमा प्राक्कथन एक पृष्ठ थपिदिएको छु । यसबाट पाठकवर्गहरूलाई कुनै अप्ठेरो पर्न जाने छैन, रूचिपूर्ण नै हुनेछ भन्ने मेरो मनसाय पनि रहेको छ ।)

– अनुवादक

## प्राक्कथन

आम्रपाली पूर्वजन्ममा सिखी बुद्धको पालामा प्रवजित भएकी शीलवती भिक्षुणी थिइन् । एकदिन एउटी अरहन्त भिक्षुणीलाई सिंगान यताउती फ्याँकेकीमा तिनले घृणाका केही शब्दहरू ओकेलेकी हुनाले तिनी ओपपातिक जन्ममा परी बैशाली नगरको उद्यानमा एउटा आँपको फेदमा अकस्मात उत्पन्न हुन पुगिन् । एउटा बगैंचेले तिनलाई भेट्टाएर घरमा ल्याएर पाले । आँपको रूखको फेदमा उत्पन्न भएकीले तिनको नाम 'आम्रपाली' राखियो । तिनी साह्रै रूपवती नारीमा विकसित भइन् । तिनको सुन्दरताकै कारणले बैशालीका लिच्छवी कुमारहरू बीच झगडा हुने गर्दथ्यो । झगडा छनोफानो गर्ने क्रममा न्यायाधिसले 'यो नारी बैशाली नगरमा सबैको लागि होस्' भनेर


Downloaded from http://dhamma.digital/

तिनलाई नगर शोभिनीको नाम दिई गणिका घोषित गरिदिए ।

त्यसताका बैशाली अत्यन्त समृद्ध र सुन्दर नगर थियो । यसको चर्चा सबैतिर फैलिएको थियो । अम्बपाली पनि त्यतिकै सुन्दरी थिइन् । तिनी बैशालीकै शोभा बनेकी थिइन् । कालान्तरमा तिनी 'नगरशोभिनी' बाट 'धर्मशोभिनी' भइन् । मगध नरेश विम्बिसारसमेत तिनीप्रति आकर्षित भई एकपल्ट छद्मभेषमा आई ५० कार्षापण तिरी आम्रपालीसँग एक रात बिताएका थिए । यसको फलस्वरूप आम्रपालीले 'विमल कोण्डन्य' नामको पुत्र पाएकी थिइन् । पछि तिनै 'विमल कोण्डन्य' प्रव्रजित भई अर्हत पदको हकदार बने ।

## *नगरशोभिनी आम्रपाली*

मगधका राजा विम्बिसारको एकरातकी पत्नी जनपदकल्याणी आम्रपालीको पनि भाग्योदय भयो । तिनी पनि भगवानको सम्पर्कमा आइन् । बिम्बिसारले तिनलाई प्रत्यक्ष प्रभाव पारेको कुराको कम मात्र सम्भावना छ । तर तिनलाई सूचना मिलेकै हुनुपर्दछ कि तिनको पुत्र विमल कोण्डन्यको पिता बिम्बिसार भगवान बुद्धका अनन्य भक्त हुन् । हुनसक्छ, बिम्बिसारबाटै आफ्ना पुत्रलाई आफ्नो पद-चिन्ह अपनाउने प्रेरणा मिलेको थियो । पुत्र भिक्षु भएपछि पाएको उपलब्धि देखेर आम्रपाली पनि भगवानप्रति आकर्षित भएकी हुनसक्छ र आफ्नो गणिकाको पेशालाई घृणा गर्न थालेकी हुनसक्छ ।

कारण जुनसुकै भए पनि मानिसहरूलाई कामवासनामा डुबाईराख्ने आम्रपालीले प्रौढावस्थामा पुगेर भगवानको अत्यन्त श्रद्धालु उपासिका भइन् । आफ्नो जीवनको अन्तिम वर्ष बिताउन भगवान राजगृहको बैशाली नगरमा पुग्नुभयो । त्यस बेलासम्म बैशालीका अनेक शासकवर्ग र धनीमानी वर्ग भगवानको अनुयायी बनिसकेका

 Downloaded from http://dhamma.digital/ 

थिए तर भगवानको दर्शनको लागि सबैभन्दा पहिले अम्बपाली नै पुगी किनभने त्यसबेला भगवान तिनकै आम्रकुञ्जमा बस्नुभएको थियो । आम्रपालीले भगवानलाई भोलिको भोजनको लागि निमन्त्रण गरिन् । भगवानले मौन बस्नु भई स्वीकार गर्नुभयो । बैशाली आगमनको पहिलो दिनको भोजन दानको ठूलो महत्व थियो । अनेक प्रतिस्थित व्यक्तिहरूले यस पुण्यलाई प्राप्त गर्न लालायित भए पनि बैशालीको गणिकाको भाग्यमा नै यो पुण्य अंकित थियो ।

आम्रपाली आफ्नो भाग्यउपर अत्यन्त खुसी थिइन् । तिनी अश्वयानमा बसेर प्रशन्न चित्तले घर फर्किरहेकी थिइन् । अगाडिबाट लिच्छवी कुमारहरूको एक समूह आ-आफनो रथमा सवार भएर आइरहेका थिए । तिनीहरूमध्ये कोहीले नीलो, कोहीले पहेंलो, कोहीले रातो त कोहीले सेतो रंगको वस्त्र पहिरेका थिए । त्यही रंगका अनेक अलंकारले अलंकृत थिए । त्यो दृश्य दर्शनीय थियो । तिनीहरू भगवानकै दर्शन गर्न आइरहेका थिए । राजकुमारहरू यसरी सडकमा आउँदा अघिपछि भए बाटो छोड्नुपर्दथ्यो तर अम्बपालीले छोडिनन् ।

झन् आम्रपालीले मेरो भोजन भगवानले स्वीकार गरिसक्नुभयो भनी सुनाउँदा र त्यस गणिकाको भोजन भगवानले स्वीकार गर्नुभयो भन्ने कुरा सुन्दा ती राजकुमारहरू विस्मित भए । आफूहरूले नै भगवानलाई भोलिको भोजनको लागि निमन्त्रणा दिन गइरहेका थिए । एकबाजी स्वीकार गरिसकेपछि अन्यत्रको भोजन भगवानले स्वीकार्नु हुँदैन्थ्यो । यो अकाट्य नियम नै थियो । एकलाख मुद्रा दिन्छौ भोलिको भोजनको पालो हामीलाई छोडिदेऊ भनी लोभ्याउँदा पनि आम्रपाली लोभमा फसिनन् । भगवानलाई दिइने भोजन दानको पुण्यको अगाडि त्यो रकम तुच्छ सम्झिन् । तिनले लिच्छवी कुमारहरूलाई परास्त पारिन् । यसमा आम्रपाली विजयी बनिन् ।

Downloaded from http://dhamma.digital/

भोलिपल्ट भगवान र भिक्षुसंघलाई अत्यन्त श्रद्धापूर्वक भोजन-दान दिनुको साथै आफनो आम्रवनलाई पनि बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिएर अति पुण्यशालिनी बनिन् ।

केही समयपश्चाद् आफना अरहन्त भएका पुत्र विमल कोण्डन्यमार्फत विपश्यनाप्रति आम्रपाली अति आकर्षित भईन् । तिनले प्रवज्या ग्रहण गरेर आफनो घृणित जीवन त्यागी तपश्विनीको जीवन जिउन थालिन् । आफना पूर्वपारमिताहरूले तिनलाई यथेष्ट बल दिए ।

कल्पौ कल्प अघि आम्रपाली पहिलेका पुष्य महामुनिको जीवनकालमा उनको बहिनी थिइन् । ठूलो दानपुण्य गरेर तिनले संकल्प गरेकी थिइन् कि यस दानको पुण्यको प्रभावले भविष्यमा तिनलाई अत्यन्त सुन्दर शरीर मिलोस् । त्यसै पुण्यको फलस्वरूप अहिले तिनी रूपबती पनि भइन् । तर एकतीस कल्पअघि भगवान शिखीको जीवनकालमा तिनले भिक्षुणीसंघको कुनै साध्वीलाई कुपित भएर अपशब्द बोलेकी थिइन् "तिमी बेश्या हो, अनाचारिणीहो, जिन शासनदुषिका हौ ।" यसै मिथ्या दोषारोपणको कारणले अति सुन्दर भएर पनि बेश्याको जीवन जिउनुपरेको थियो । तर साथसाथै अनेक जन्मको पुण्य-पारमिताको कारणले भिक्षुणी बनी विपश्यना गर्दै अरहन्त अवस्थासम्म पनि प्राप्त गरिन् । त्यसबेलासम्म तिनी अत्यन्त वृद्धा पनि भइसकेको थिइन् । अरहन्त भइसकेपछि तिनले जुन धर्मको उदगार ब्यक्त गरिन् त्यो अनित्य र परिवर्तनशील शरीरको यथार्थ अभिव्यक्ति नै थियो ।

तिनी अत्यन्त दयावती मात्र होइन, रूपगर्विता पनि थिइन् । तिनी बेश्या भएकीले र रूपबाटै आजीविका कमाउने भएकीले स्वभावैले आफनो शरीरलाई श्रृंगार सामाग्रीले र वस्त्र-आभूषणद्वारा सजाएर

Downloaded from http://dhamma.digital/

राखिथन् । भगवानले तिनलाई उपदेश दिंदा शरीरको सौन्दर्यको नश्वरता, क्षणभंगुरता र परिवर्तनशीलताको उपदेश दिनुहुन्थ्यो उपदेशमा ***"सब्बरूपं अनिच्चं जराभिभूतं ।"*** भन्नुहुन्थ्यो ।

अब वृद्धावस्था प्राप्त हुँदा तिनमा त्यही सत्य प्रकट भयो । तर पनि त्यसबेला तिनलाई यसबाट कुनै क्षोभ भएन किनभने शरीर अनित्यता प्रतिको तिनको आसक्ति पूर्णरूपले तोडिसकेको थियो । त्यसबारेको सत्यको अभिव्यञ्जना मात्र तिनले गरेकी थिइन् ताकि यस तथ्यको प्रकाशबाट अरूलाई पनि यस सत्यको ज्ञान मिलोस् । अनि तिनीहरूमा पनि आफ्नो शरीर सौन्दर्यप्रतिको मिथ्या आसक्ति हटोस् । तिनले आफ्नो अभिव्यक्तिमा यसो भनिन् –

१) भमराको रंग झैं मेरो केश कालो थियो । जरादेखि अगाडिसम्मको केश घुर्घुरिएको थियो । त्यही केश आज जरा र जीर्ण भई सेताम्य भइसकेको छ । सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

२) विभिन्न सुवासित फूलहरूले सज्जित मेरो केश कपाल सदा सुवासित र सुरभित हुन्थ्यो । अब भेडाको दुर्गन्धित रौसमान दुर्गन्धयुक्त र दुर्वासित भएको छ । सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

३) सुनको काँगियोले कोरी बाटी गरी विभिन्न क्लिपहरूले सज्जित केश–विन्यास घना उपवनझैं सुशोभित हुन्थ्यो । त्यही केश अब ठाउँ ठाउँमा खुइलिएर उजाड र नराम्रो भइसकेको छ । सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

४) पहिले मेरो शीर बहुमूल्य हीरा जडिएका सुनका अलंकारले अलंकृत हुन्थ्यो । मगमग बासना आउने चुल्ठोमा सजिएका हुन्थे ती अलंकारहरू । अब यस जरावस्थामा केश झरेर गई नराम्रो


Downloaded from http://dhamma.digital/

र भद्दा देखिएका छन् । साँच्चै नै सत्यवादी भगवानको वचन कहिल्यै भूठो हुँदैन ।

५) कुशल चित्रकारले कलात्मकरूपले कुचीले कोरेजस्ता मेरा दुई आँखिभौं थिए । त्यसको शोभा अनुपम हुन्थ्यो तर यस जराको अवस्थामा त्यो सर्लक्क परेको आँखाभौं झुकेको छ । साँच्चैनै भगवानको वचन भूठो हुँदैन ।

६) पहिले मेरा आँखा ठूलठूला थिए, उज्ज्वल थिए । तिनका दुई पुतलीहरू नीलमणीझैं ज्योतिर्मय थिए र अब यस वृद्धावस्थाले तिनलाई प्रभाहीन र कुरूप बनाइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन ।

७) यौवनकालमा सुन्दर शिखरझैं उठेको मेरो कोमल नाकलाई यस जरावस्थाले खुम्चाइदिएको छ, थेप्च्याइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन ।

८) कुशल कालिगढले निर्माण गरेको कलापूर्ण चुरी समान मेरा दुई (कर्ण) कान थिए । अब यस वुद्‌याईको अवस्थामा ती खुम्चिएर तलतिर लत्रेका छन् र असुन्दर बनाइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन ।

९) पहिले मेरा दन्तलहर मोतीका दानाजस्ता सुशोभित थिए । अब त्यही दाँत यस जरा अवस्थामा आएर थोते र पहेंलोवर्णको भइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन ।

१०) वनचरी कोइलीको मधुर स्वरजस्तो मेरो वाणी रसिलो थियो । अब आएर त्यो स्वर स्खलित र अस्पष्ट भएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन ।

११) चिप्ल्याएको र चिल्लो शंखझैं मेरो गर्दन थियो । अहिले यस जरावस्थामा त्यो भग्न भएर झुकेको छ । साँच्चै नै भगवानको


Downloaded from http://dhamma.digital/

वचन भुठो हुँदैन ।

१२) सुन्दर गट्टाभैंका मेरा गोलाकार दुई पाखुरा थिए । अहिले यस वृद्धावस्थामा ती सुकेको रूखको सुकेको हाँगाभैं दुर्बल भइसकेका छन् । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

१३) पहिले मेरा हातको सुकोमल औंलाहरू सुन्दर औंठीहरू र स्वर्णालकारले विभूषित हुन्थे । तिनै औंलाहरू अहिले सुकेर गाँठो गाँठो मात्र देखिएका छन् र दुर्बल पनि भएका छन् । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

१४) मेरो छात्तीमा पहिले दुई सुन्दर, सुडौल र पुष्ट स्तन सुशोभित हुन्थे । अब यस वृद्धावस्थामा ती पानी राख्ने रित्तो भोलिएको थैलाभैं भएका छन् । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

१५) पहिले मेरो सम्पूर्ण शरीर सुन्दर र शुद्ध गालेको सुनभैं चम्किलो थियो । अव यस जरावस्थामा छाला चाउरिएको कारणले ओइलाएको छ । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

१६) पहिले मेरा यी दुई तिघ्राहरू हात्तीको सुंडभैं पोटिला, सुन्दर र सुशोभित थिए । त्यही तिघ्रा अव वृद्धावस्थामा आएर बाँसको नलीभैं सुकेर धोद्रिएका छन् । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

१७) पहिले मेरो सुकोमल खुट्टा पाउजु र सुवर्ण अलंकारले सुशोभित रहन्थे । त्यही अब यस जरावस्थामा आएर सुकेको काठको डाँठभैं भट्टा भइसकेको छ । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

१८) पहिले मेरा कोमल खुट्टाका औंलाहरू कपासभैं नरम, हल्का हेर्ने लायकका थिए । अब ती सुकेर निचारिएर, खुम्चिएर बेडोल देखिएका छन् । साँच्चै नै भगवानको वचन भुठो हुँदैन ।

Downloaded from http://dhamma.digital/

५

# श्यामावती

तथागतले धर्मचक्र प्रवर्तन गर्नुभएको भूमिको सीमान्त प्रदेशमा उहिले एक दम्पति बस्दथे । तिनीहरूका एउटी मात्र छोरी थिई । तिनी साह्रै सुन्दर र आकर्षक थिइन् । तिनको नाउँ श्यामावती राखियो । तिनीहरूका पारिवारिक जीवन साह्रै सुखी र शान्त थियो । एकदिन त्यस सहरमा महामारी फैलियो । त्यस विपद्बाट बच्न मानिसहरू देश छाडी भागे । तीमध्ये त्यस परिवार पनि आफ्ना हलक्क बढेकी छोरी श्यामावतीलाई साथमा लिएर सहर छोडी अन्यत्र बसाईं सरे ।

तिनीहरू गंगा उपत्यकाको वसा भन्ने राज्यको राजधानी कोसाम्बीमा पुगे । त्यहाँका नगरपालिकाले शरणार्थीहरूका लागि भोजन-कक्ष निर्माण गरी भोजन वितरण गरिरहेको थियो । त्यहाँ छोरी श्यामावतीले खाना लिन जान्थिन् । पहिलो दिन तिनले तीन भाग थापिन्, दोस्रो दिन दुई भाग र तेस्रो दिन सिर्फ एक भाग मात्र ।

खाना बाँड्ने मित्त भन्ने मान्छेले श्यामावतीलाई आफ्नो पेटको अन्दाज छ कि छैन भनी सोधे । श्यामावतीले बताइन् – पहिलो दिन तिनकी पिताको मृत्यु भयो त्यसैले दुई जनाको लागि मात्र खाना चाहिएकोले दुई भाग मात्र खाना मागिन्, दोस्रो दिन तिनकी आमा मृत्युको शिकार भइन् त्यसैले आफू एक जनाको लागि मात्र

Downloaded from http://dhamma.digital/

१९) मेरो शरीर पहिले सुखको सागर, खुसीको भण्डार र काम-क्रिडाको केन्द्र थियो । अव यस जरावस्थामा जर्जरित भइसकेको छ र रोग र दु:खको घर बनिसकेकोछ । यो पुरानो र जीर्णघरझैं भइसकेकोछ र यसको लिउन उप्किसकेको छ । मरमत नगरेको घर जसरी भत्केर ढलिजान्छ त्यसरी नै यस अवस्थामा यो शरीर काम नलाग्ने भई पतन भएर जानेछ । मात्र कंकाल बाँकी रहनेछ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन ।

यी उद्‌गारहरू अरू अनेकौंको कल्याणको लागि प्रेरक र पथ-प्रदर्शक बनून् ।

अरहन्त भइसकेकी ती आम्रपालीका यी कथनहरू कति यथार्थ छन् । अनित्य-धर्मा, विपरिणाम - धर्मालाई उजागर गर्ने यी सुमांगलिक अभिब्यक्ति !

*(श्री सत्यनारायण गोयन्का द्वारा लिखित नगर शोभिनि आम्रपाली लेखको नेपालीमा अनुवाद ।)*

रुप फोहर हुँदैमा र लुगा झुत्रो लगाउँदैमा मानिस फोहरी हुँदैन बरु चित्त क्लेशले फोहर भएमा त्यो मानिसलाई फोहरी भन्न सुहाउँछ भनी तथागत भगवान बुद्ध भन्नुहुन्छ ।

Downloaded from http://dhamma.digital/

खानाको आवश्यकता भयो । त्यो व्यक्ति लज्जित भएर तिनीसँग क्षमा याचना गरे । तिनीसँग उनले लामो कुराकानी गरे । श्यामावतीलाई नितान्त एक्ली भएकी देखेर उनले तिनलाई धर्मपुत्रीको रूपमा पाल्ने प्रस्ताव राखे । यस कुरालाई तिनले सहर्ष स्वीकार गरिन् । अब तिनी के खाने, के लाउने र कहाँ बस्ने भन्ने समस्याबाट पूर्णतया मुक्त भइन् ।

अब श्यामावतीले आफ्ना धर्मपितालाई खाना बाँड्ने काममा सघाउन थालिन् । यसरी तिनी शरणार्थीहरूको सेवा गर्नमा प्रवृत भइन् । कार्यकुशलता र सेवाभावको कारणले, पहिले पहिले जुन प्रकारले गड्बडी मच्चिन्थ्यो त्यस्तो गड्बडी अब भएन । शान्तपूर्वक वित्तरण कार्य भयो । अहिले कोही पनि तँछाड मछाड् गरी अगाडि बढ्न खोज्दैनन्, कोही झगडा गर्दैनन् र सबै जना खुसी थिए, प्रशन्न थिए ।

राजाका अर्थमन्त्री घोषकले थाहा पाए कि सार्वजनिक खाना वित्तरण कार्यमा अहिले हल्ला खल्ला र झगडा तगडा हुँदैन । उनले ती खाना वितरकको प्रशंसा गरे । अन्य कर्मचारीहरूले उनलाई बताए कि ती खाना वितरक कर्मचारीकी धर्मपुत्रीको योगदानले यस्तो शान्ति छाएको हो । यो कुरा सुनेर घोषकले श्यामावतीलाई भेटे । घोषक तिनको रूपरङ्ग र व्यवहारदेखि अति प्रशन्न भए । उनले तिनलाई आफ्नै छोरीको रूपमा पालन पोषण गर्ने निधो गरेर मेनेजरलाई भने । यस कुरामा मेनेजरले अलि हिच्किचाए तर पछि मन्त्रीको कुरा काटिहाल्न मनासिव नभएकोले माने । खासकुरा ऊ श्यामावतीको भाग्यको मार्गमा छेकेवार बन्न चाहँदैनथे । घोषकले श्यामावतीलाई घर लगे । तिनी अब असीम धनसम्पतिकी मालिकनी भइन् ।

त्यसबेला कोसाम्बीका राजा उदेन थिए । उनका दुई मुख्य

Downloaded from http://dhamma.digital/

रानीहरू थिए । एउटी वासुलदत्ता थिइन् । राजा उदेनले तिनलाई सुन्दरता अनि राजनीतिक कारणले विवाह गरेका थिए । दोस्रो रानी मागन्दिया थिइन् । तिनी सुन्दर मात्र थिइनन् चलाक र धुर्त पनि थिइन् । तर तिनमा दया धर्मको अभाव थियो । राजा यी दुई रानीहरूबाट हार्दिकरूपमा सन्तुष्ट थिएनन् ।

एकदिन राजा उदेनले अर्थमन्त्री घोषककी सुन्दर छोरी श्यामावतीलाई देखे र प्रथम भेटमै श्यामावतीको सुन्दरतामा मोहित भए । राजा तिनको निष्छल स्वभाव र प्रेमपूर्ण व्यवहारद्वारा तिलस्मीढंगले आकर्षित भए । आफ्ना दुई रानीहरूमा राजाले पाउन नसकेका गुणहरू श्यामावतीमा देखे । राजा उदेनले घोषककहाँ दूत पठाएर श्यामावतीसँग विवाह गर्ने प्रस्ताव राखे । यो कुरा सुनेर पुत्री वियोगको भयले घोषकको हृदयमा ठूलो भुईचालो गयो । उनले श्यामावतीलाई साह्रै माया गर्दथे । तिनीसँग छुट्टिएर बस्न नसकेको अनुभव उनी गर्दथे । श्यामावती उनको जीवनको सुख र बहार थिइन् । अर्कोतिर, उनलाई राजाको उजण्ड स्वभावबारे राम्ररी थाहा थियो । त्यसैले उनी राजाको अनुरोध नकार्न पनि सक्दैनथे । उनलाई के गरूँ के नगरूँ भयो । तर अन्त्यमा श्यामावतीको मायाँले नै जित्यो । उनले सोचे – 'श्यामावतीसँगको वियोगभन्दा मर्नु नै जाती ।' उनले श्यामावतीलाई राजालाई नदिने नै निधो गरे ।

स्वभावैले राजा खूब रिसाए । रिसको झोंकमा उनले घोषकलाई अर्थमन्त्रीत्वबाट हटाइदिए र उनलाई देश निकाला गरिदिए । तर श्यामावतीलाई घोषकसँग जाने भने अनुमति दिएनन् । उनले घोषकको सम्पति जफत गरे र उनको दरवारमा ताला लगाइदिए । आफ्नो कारणले घोषकले नाहकमा दुःख पाउनुपरेको र आफूलाई मात्र होइन घर र धनसम्पतिबाट पनि वञ्चित हुनुपरेको कुरा

Downloaded from http://dhamma.digital/

श्यामावतीलाई खट्क्यो । धर्मपिता घोषकप्रति असीम प्रेम र कृतज्ञताले ओतप्रोत भई श्यामावतीले राजासँग आफ्नो राजीखुसीले विवाह गर्ने निधो गरिन् । उनी आफ्नै कारणले अगाडि आएको समस्यालाई समाधान गर्न चाहन्थिन् । तिनी सरासर दरवार गइन् र राजालाई आफ्नो निर्णय सुनाइन् । राजाको रिस तुरून्तै शान्त भयो । उनले घोषकलाई अर्थमन्त्रीकै पदमा बहाली गरे । उनको जफत गरिएका सम्पति सबै फिर्ता दिए ।

श्यामावतीमा सबैप्रति प्रेम र मैत्री भाव थियो । तिनमा त्यस्तो आन्तरिक गुण भएकै कारणले तिनी आफैले त्यत्रो निर्णय गर्न सकिन् । बसोबासको चिन्ता तिनलाई थिएन – चाहे मायालु छोरी भई धर्मपिताको घरमा बस्नुपरोस् वा रानी बनी दरवारमा बस्नुपरोस् वा आफ्नै पिताको घरमा होस् वा शरणार्थीको रूपमा – तिनी सदैव मानसिकरूपले शान्त र सबल थिइन् । जस्तोसुकै परिस्थितिमा पनि हँसिली र सुखी देखिन्थिन् ।

दरवारमा श्यामावतीको जीवन सुखसाथ बित्दैथियो । परिचारिकाहरूमा ढाड कुप्रिएकी खुज्जुत्तरा भन्ने एकजना परिचारिका पनि थिइन् । बाह्यरूपमा कुरूप देखिए पनि आन्तरिकरूपमा तिनी नराम्री थिइनन् । श्यामावतीले तिनलाई फूल किन्न दिनदिनै आठ असर्फी दिन्थिन् । तर खुज्जुत्तराले चार असर्फीको मात्रै फूल किनी बाँकी चार असर्फी आफूलाई साँच्थिन् ।

एकदिन फूल किन्न लाग्दा त्यहाँ मालीकै घरमा एक भिक्षु भोजन गरिरहेका थिए । ती भिक्षु उज्ज्वल व्यक्तित्वका थिए । भोजनपछि भिक्षुले मालीलाई धर्मदेशना गरे । धर्मदेशना खुज्जुत्तराले पनि सुनिन् । ती भिक्षु अरू कोही नभई भगवान् बुद्ध नै थिए । उहाँले प्रत्यक्ष खुज्जुत्तरालाई नै लक्षित गरी उपदेश गर्नुभएझैं लाग्दथ्यो ।


Downloaded from http://dhamma.digital/

त्यस उपदेशले तिनको हृदयको तारलाई झन्झनाइदियो । यो एउटै उपदेशबाट तिनले पहिलो मार्गफल प्राप्त गरिन् । के भएको हो कसरी भएको हो भन्ने कुरा तिनलाई थाहा पत्तै थिएन । तिनी पूर्णरूपले परिवर्तित भइन् । एकछिन पहिलेसम्म सुन्दर र वास्तविक लागेको संसार अब तिनको लागि स्वप्नझैं लाग्न थाल्यो । त्यस दिन तिनले पहिलो महत्वपूर्ण काम गरेकी भनेको आठै असर्फीकै फूल किनिन् । तिनलाई यसभन्दा पहिले आफूले गरेको बेइमानीप्रति साह्रै खेद लाग्यो ।

श्यामावती महारानीले आज किन यतिका फूल ल्यायौ भनी सोध्दा खुज्जुत्तराले आफूले गरेको चोरी ठगीलाई स्वीकारिन् अनि महारानीको पाउ परिन् । श्यामावती महारानीले क्षमादान दिएपछि खुज्जुत्तराले सबै बेलिबिस्तार सुनाइन् । बुद्धका उपदेशले तिनको जीवन परिवर्तन गरिदिएको कुरा पनि सुनाइन् । श्यामावतीले आफ्नी दासीमा बुद्धका धर्मोपदेशले कस्तो अमीट छाप छोडेको रहेछ भन्ने कुरा राम्ररी बुझिन् । श्यामावतीले खुज्जुत्तरालाई प्रमुख निजी दुतको रूपमा नियुक्त गरिन् । दिनदिनै विहार गई धर्मदेशना सुनेर आई पुनः उक्त धर्मोपदेश मलाई दोहोऱ्याएर सुनाउन आउनू भनी अराइन् ।

खुज्जुत्तरासँग विशिष्ट स्मरणशक्ति थियो । एकबाजी सुनेका कुरा दुरूस्तै दोहोऱ्याएर बताउने क्षमता तिनमा थियो । पछि तिनले बुद्धका प्रमुख शिष्याहरूबाट आफूले सुनेका ती उपदेशहरूको संग्रह गरिन् । त्यस संग्रहलाई 'इतिवुत्तक' नामक पुस्तकको रूपमा विकास गरिन् । सो पुस्तक ११२ वटा ससाना उपदेशहरूको संग्रह थियो ।

राजा उदेनले एकबाजी श्यामावतीलाई तिम्रो केही इच्छा छ भने भन म पुऱ्याइदिन्छु भनेका थिए । श्यामावतीले बुद्धलाई दिनदिनै भोजनको लागि दरबारमा निमन्त्रणा गर्ने र धर्मोपदेश सुन्ने इच्छा

Downloaded from http://dhamma.digital/

व्यक्त गरिन् ।

राजाका दूतले श्यामावतीको यस प्रस्तावलाई बुद्धकहाँ पुऱ्याए । बुद्धले यो प्रस्तावलाई तुरुन्तै मञ्जुर गर्नुभएन बरू सट्टामा आफ्नो भतिजा आनन्दलाई पठाइदिनुभयो ।

त्यसबेलादेखि भिक्षु आनन्दले भोजनको लागि जाने र धर्मोपदेश दिने गर्न थाले । खुज्जुत्तराको धर्मसम्बन्धी कुरा सुनेर र भिक्षु आनन्दबाट धर्मोपदेश सुनेर श्यामावती धर्ममा प्रशिक्षित हुँदैगइरहेकी थिइन् । दिनदिनै धर्मका कुरा सुन्दै गर्दा र धर्मका विषयमा चिन्तन मनन गर्दागर्दै छिट्टै नै तिनले स्रोतापति अवस्था प्राप्त गरिन् ।

धर्मको मर्मलाई बुझेर श्यामावती महारानी र खुज्जुत्तरादासी दुवै समानावस्थामा पुगे । क्रमशः बुद्धका उपदेश सुनी महिला आश्रमका सबै नारीहरू बुद्धका शिष्या बने । श्यामावतीका धर्मपिता घोषक पनि बुद्ध-शिक्षाबाट अति प्रभावित भए । उनले भिक्षुसंघको सुरक्षा र निवासको लागि कोसाम्बीमा एउटा विशाल विहार बनाइदिए । बुद्ध कोसाम्बीमा जानुहुँदा यही घोषिताराम विहारमा बस्नुहुन्थ्यो । साथै अन्य भिक्षुहरू र सन्तहरू पनि त्यहीं बास बस्दथे ।

धर्मको रसमा डुबेकी श्यामावतीले अझ आफ्नो धर्मबल बढाउने दृढनिश्चय गरिन् । तिनको सम्पति भन्नु नै प्राणीहरूप्रति मैत्री र करूणा राखी दुःखमा सहायक बन्नु हो । तिनले क्रमशः मैत्री र करूणाको विकास गर्दै लगिन् । तिनले आफूमा मैत्रीको यसरी विकसित गरिन् कि बुद्धले तिनलाई **'मैत्रीमा पोख्त'** उपासिका भन्ने संज्ञा दिनुभयो ।

आफूमा विकसित मैत्रीको परीक्षा तिनले चाँडै नै कडारूपमा दिनुपऱ्यो । त्यो घटना यसरी घटित भयो – राजाका दोस्रो महाराजी मागन्दियाले 'बुद्धका अनुयायीहरू' तथा 'बुद्ध-शिक्षा'प्रति घृणा गर्न

Downloaded from http://dhamma.digital/

थालिन् ।

एकबाजी मागन्दियाकी पिता बुद्धोपदेशबाट यति प्रभावित भएको थियो कि आफ्नी छोरी बुद्धलाई विवाह गरिदिन तयार भएको थियो । भिक्षु विनयको अज्ञानताको कारणले उनले बुद्धलाई आफ्ना छोरी पत्नीको रूपमा स्वीकार्न अनुरोध गरेका थिए । मागन्दिया सुन्दर भएकीले बर हुन चाहने जो कोहीले पनि तिनलाई तुरून्तै स्वीकार्न सक्थे ।

बुद्धले मागन्दियालाई स्वीकार्नुभएन । शरीरको अशुभबारेमा बुद्धले एउटा गाथा भन्नुभयो । यो एउटै गाथाले ती मातापिता दुवैलाई स्रोतापति फलको भागिदार बनाइदियो । बुद्धका त्यस गाथा सुत्तनिपातमा उल्लिखित छ । त्यो गाथा यही हो –

**'कामको आसक्तिमा भुलाउने तृष्णालाई जानी,**
**ममा अब यौनप्रति आकर्षण कति पनि रहेन ।**
**अशुभले व्याप्त यस नारीलाई कसरी अपनाउने,**
**यसलाई त म मेरो खुट्टाले पनि छुन चाहन्नँ ।।'**

तर मागन्दियाले बुद्धको अस्वीकृतिलाई आफ्नो बेइज्जती को रूपमा लिइन् । तिनले बुद्ध र बुद्धका शिष्यहरूप्रति घृणा गर्न थालिन् । राजा उदेनले श्यामावतीलाई तेस्रो पत्नीको रूपमा विवाह गरे । त्यो कुरा तिनले सहन सकिन । त्यसमा आफ्नो पालो त छँदै छ भनी चित्त बुझाएकी थिइन् । तर अहिले श्यामावती बुद्धका शिष्या भइन् र दरवारका अन्य महिलाहरूलाई समेत बुद्ध–शिक्षामा प्रवृत गराइन् । यो कुरालाई तिनले सहन सकिन । बुद्ध र बुद्धसँग सम्बन्धित घृणाको फिलिङ्गो अब एकत्ररूपमा श्यामावतीतिर सल्कियो । तिनले एकपछि अर्को गर्दै श्यामावतीको विरूद्ध तिनको तीक्ष्ण बुद्धिले भ्याएसम्म नयाँ


Downloaded from http://dhamma.digital/

नयाँ दुष्चक्रहरू चलाउन थालिन् ।

पहिलो कुरा तिनले राजालाई बताइन् कि श्यामावतीले राजाको ज्यान लिन खोज्दैछ । तर राजाले पत्याएको थिएन । राजालाई श्यामावतीको मैत्री र करूणाप्रति विश्वास थियो त्यसैले त्यो दोषारोपणलाई राजाले हल्कारूपमा लिए । त्यसमा ध्यान नै दिएनन् र तुरन्तै त्यसकुरालाई बिर्सि पनि दिए ।

दोस्रो कुरा मागन्दियाले आफ्नी एक दासीद्वारा कोसाम्बीमा बुद्ध र भिक्षुहरूको बारेमा अनावश्यक हल्ला फिजाउन लगाइन् जसद्वारा श्यामावती बदनाम होऊन् । यसमा तिनी केही हदसम्म सफल नै भइन् । सम्पूर्ण भिक्षुसंघमा यसरी द्वेषको हावा फैलियो कि आनन्द भन्तेले बुद्धलाई यो सहर छोड्नुपर्‍यो भनी सुझाव दिन कर गरायो । यो सुझाव सुनेर बुद्ध मुस्काउनुभयो र भिक्षुहरूको पवित्रता (शील)को प्रभावले एक हप्ताभित्र यो हल्ला आफै शान्त हुन्छ भन्नुभयो । राजा उदेनले भिक्षुसंघविरूद्धको यो हल्ला सुन्नेवित्तिकै कुरा अगाडि बढ्न पाएन र तुरून्तै शान्त भयो । श्यामावतीको विरूद्धका चलाइएको यो दोस्रो प्रयास पनि असफल हुनपुग्यो ।

केही समयपछि मागन्दियाले राजाले भनेको भनी आठवटा कुखुरा काटी पकाउन श्यामावतीलाई अराइपठाइन् । श्यामावतीले यो काम गर्न अस्वीकार गरिन् किनभने तिनी हिंसाकर्म गर्नबाट विरत थिइन् । राजालाई श्यामावतीको मैत्रीबारे पूर्ण विश्वास थियो त्यसैले राजा श्यामावतीसँग क्रोध गरेनन् । उनले श्यामावतीको भावनाको कदर गरे । श्यामावतीलाई सजायको भागिदार बनाउने मागन्दियाको यो प्रयास पनि विफल भयो ।

अब मागन्दियाले श्यामावतीको बदनाम गराउन चौथो प्रयास अघि सारिन् । श्यामावतीसँग बिताइने सप्ताहको पूर्व सन्ध्यामा


Downloaded from http://dhamma.digital/

मागन्दियाले श्यामावतीको कोठामा एउटा विषालु सर्प लुकाएर राखिन् । त्यस सर्पको विषको थैली झिकिएको थियो । जब राजा उदेनले सर्प देखे, उनले श्यामावतीको दोषको प्रमाण भेट्टाए । राजामा क्रोधको ज्वाला भड्कियो । उनी नियन्त्रण बाहिर भए । उनले तीर धनुष श्यामावतीतिर तेर्स्याए र हाने पनि । तीर तिनलाई लागेर फर्कियो तर श्यामावतीलाई कुनै घाउ चोट लागेन । राजाको क्रोध तिनको मैत्रीको सामु झुक्यो । राजाको क्रोध प्रभावहीन भयो । श्यामावतीबाट निसृत मैत्रीको प्रवाह राजामाथि वर्षिरहेको थियो ।

जब राजा उदेनको क्रोध शान्त भयो र होसमा आए, उनले मैत्रीको करामात देखे । उनले हानेको तीरले श्यामावतीलाई केही लछार्न सकेन । राजा यसबाट अत्यधिक प्रभावित भए । उनले श्यामावतीसित क्षमा मागे । उनी श्यामावतीको बुद्ध र बुद्ध-धर्मप्रतिको श्रद्धा विश्वास र तिनको महानताप्रति अझ विश्वस्त भए । उनलाई बुद्ध-शिक्षाप्रति झन रूचि बढ्यो । उनले प्रत्यक्ष देखे कि बुद्ध-शिक्षाले आफ्नी महारानीलाई त्यस्तो अनौथो शक्तिले सम्पन्न गरिदियो ।

पिण्डोल भारद्वाज भन्ने एक प्रख्यात भिक्षु एकपल्ट घोषित विहारमा रहेका थिए । राजाले उनलाई भेटे । उनीबाट धर्मबारे ज्ञान हासिल गरे । उनले थाहा पाए कि युवा भिक्षु भिक्षुणीहरू पनि विपरित लिङ्गप्रति आकर्षित नभई ब्रम्हचर्य पालन गरी सुखपूर्वक विनय पालन गरी बस्न सक्छन् । देशनाको अन्त्यमा राजा यति प्रभावित भए कि उनी बुद्धको शरणमा गएर बुद्धका अन्योन्याश्रित उपासक बने ।

श्यामावतीले धर्म र कर्मका प्रभावहरूको बारेमा चिन्तना गर्दथिन् । धर्मले कर्मलाई र कर्मले धर्मलाई मार्गनिर्देशन गर्दछ भनी


Downloaded from http://dhamma.digital/

तिनी सोच्दथिन् । तिनी यसरी चिन्तना गर्दथिन् – 'कोसाम्बीमा गरिब शरणार्थी बनी आइयो, खाना वित्तरकले बास दिए, अर्थमन्त्रीले तिनलाई छोरी बनाए, राजाकी रानी बनिन्, दासीले धर्म–सन्देश ल्याइन् अनि तिनी स्रोतापति मार्गफलभागी भइन् इत्यादि । त्यस्तैगरी तिनले दरवारमा रहेका सम्पूर्ण महिलावर्गमा धर्म–प्रचार प्रसार गरिन् र धर्मपिता घोषक र अन्त्यमा राजालाई समेत धर्मको शित्तल छहारी दिन सकिन् । सत्ययुक्त धर्म कस्तो खँदिलो र प्रभावकारी हुँदोरहेछ !' यसरी श्यामावती सोच्दैजान्थिन् र प्राणी मात्रको सुखको आकांक्षा राखी सम्पूर्ण जीवमा मैत्रीको तरङ्ग तरङ्गित गर्थिन् ।

उदेन राजाले पनि आफ्नो कामवासनारूपी आगोलाई प्रज्वलित हुनबाट रोक लगाउन थाले अनि लोभ र घृणालाई किनारा लगाउन थाले । यस परिपेक्ष्यमा श्यामावतीसँगको धर्मसम्बन्धी वार्तालाप उपयोगी सिद्ध भयो । क्रमशः उनमा कामवासनाको पकड खुकुलो हुँदैगयो । श्यामावतीको संगतले नारीमा आमा, बहिनी र छोरी देख्न थाले । अघिसम्म उनी अन्य पत्नीहरूमा भुलिरहेर श्यामावतीलाई मुक्तिको मार्ग प्रशस्त गर्ने अवसर प्रयाप्त मात्रामा प्रदान गरिरहेका थिए । श्यामावतीले क्रमशः अनागामीको अवस्था प्राप्त गरिन् र क्रमशः अर्हतावस्थाको समीप पुगिन् । त्यसताका उपासक उपासिकाहरू यस प्रकारले मार्गफल प्राप्त गर्न सक्दथे ।

मागन्दियाले केही समयको लागि आफ्नो रणनीतिमा रोक लगाएकी थिइन् । तर कसरी श्यामावतीमार्फत बुद्धलाई बदनाम गर्ने भनी मनमा गुन्दै थिइन् । धेरै सोचेपछि तिनले एउटा योजना तय गरिन् । आफ्ना केही नाता कुटुम्बलाई आफ्नो पक्षमा लिइन् र श्यामावतीको विरूद्ध झूठा बक्न राजी गराइन् । तिनले उनीहरूसामु श्यामावतीको हत्या गर्ने प्रस्ताव राखिन् । तिनको योजना सो हत्या

 Downloaded from http://dhamma.digital/ 

उद्देश्यसहितको हत्या नभई दुर्घटना प्रतीत होस् भन्ने थियो । सम्पूर्ण महिला महलहरूमा आगो लगाइदिने तिनको योजना थियो । यो योजना पूर्णरूपले सुनियोजित थियो । यो घटना हुनु केही समयपूर्व नै मागन्दिया सहरबाट पलायन भइसकेकी थिइन् ताकि तिनलाई कसैले शंका गर्न नसकून् । महिला महलहरुमा आगलागी गराइयो । आगो दन्के । फलस्वरूप काठले बनेका ती सम्पूर्ण महिला महलहरू खरानी भए । ती महलहरूमा रहेका श्यामावतीसहित ५०० आइमाईहरू जलेर मरे । यो खबर आगोझैं सहरभरि फैलियो । जताततै यही विषयमा कुरा गरिरहेको सुनिन्थ्यो । भर्खर मात्र प्रव्रज्या लिएका भिक्षुहरू यस घटनाबाट प्रभावित भए । भिक्षापछि उनीहरू बुद्धकहाँ पुगे । उनीहरूले यसरी आगोमा होमी मरेकाहरूको पुनर्जन्म कस्तो हुन्छ भनी बुद्धलाई सोधे ।

बुद्धले उनीहरूलाई शान्त गराउनुभयो र उनीहरूको ध्यान पुनर्जन्मको व्याख्यानतिर आकृष्ट गराउनुभयो । उहाँले भन्नुभयो –

“हे भिक्षुहरू ! यी आइमाईहरूमध्ये कोही स्रोतापन्न पनि छन्, कोही अनागामी छन् त कोही अर्हत । यी सबै फललाभीहरू मनुष्यलोकभन्दा तल जाने छैनन् । ती सबै मुक्तिको अवस्थासम्म सुरक्षितसाथ गमन गर्न सक्षम छन् । मानव जीवनमा पाउनुपर्ने यही नै प्रमुख कुरा हो ।” यसभन्दा बढी कुरा बताउनुभएन । भविष्यको जन्मबारे पनि बताउनुएन । एकबाजी भिक्षु आनन्दलाई भन्नुभएको थियो कि यी सबै मारिएकाहरू एक एकको पुनर्जन्मको बारेमा प्रश्न गर्नु नै तथागतलाई जिस्क्याउनुझैं हो ।

ती उपासिकाहरूको यस्तो दर्दनाक मृत्यु भयो, यो त साह्रै अन्याय भयो बा भनेर केही भिक्षुहरूले कुरा गरिरहेको सुनेर बुद्धले उनीहरूलाई सम्झाउनुभयो – “पहिले पहिलेको जन्ममा उनीहरूले


Downloaded from http://dhamma.digital/

संयुक्तरूपमा मिलेर गरिएका कुकर्मको फल अहिले उनीहरूले भोगेका हुन् । एकबाजी श्यामावती बनारसकी रानी थिइन् । एकदिन तिनी आफ्नी परिचारिकाहरूसित नुहाउन गइन् । साह्रै जाडो अनुभव भएकोले परिचारिकाहरूलाई त्यहीँनिरको झारपात बटुलेर आगो बाल्न भनिन् । तर झार बटुल्दा झारको बीचमा एक प्रत्येक बुद्ध ध्यानमग्न अवस्थामा भएको तिनले पछि मात्र थाहा पाइन् । त्यस प्रत्येक बुद्धलाई केही हानी नोक्सानी त भएन किनभने बुद्धहरूलाई कसैले वा केहीले मार्न सक्दैन । ती आइमाईहरूलाई यसकुराको ज्ञान थिएन । होस नराखी आगो सल्काए भनेर दोष देला भनी उनीहरू डराए । यस्तै भ्रमित विचारले उत्प्रेरित भई श्यामावतीले त्यस ध्यानमग्न भिक्षुमाथि तेल खन्याइदिइन् । तिनको अज्ञानतापूर्ण भ्रम यो थियो कि यसरी जलाइंदा उनीहरूको गल्ती छोपिन सक्छ । यो योजना सफल हुन सकेन । तर त्यस अकुशल कर्मको फल त प्राप्त हुनु नै थियो । अहिले यो जीवनमा उक्त कर्मफल प्रकट भयो र श्यामावतीसहित त्यस कार्यमा संलग्न सबैले आआफ्ना कर्मफल भोग्नुपऱ्यो ।"

बुद्धले भन्नुभएको छ कि मैत्रीका अनेक फल हुन्छन् । मैत्री भावना गर्ने साधकलाई आगो, विष र हतियारले छुन सक्दैन । तर बुझ्नुपर्छ कि मैत्री प्रक्षेपण गरिरहेको बेला मात्र प्रक्षेपकलाई कुनै हानी नोक्सानी हुँदैन जस्तै राजा उदेनले श्यामावतीलाई तीरले हान्दा तिनलाई तीरले लागेन अनि कुनै हानी नोक्सानी भएन । तिनले त्यसबेला मैत्री प्रक्षेपण गरिरहेकी थिइन् ।

तर आगलागीमा परेर श्यामावतीको देह भष्म भयो । श्यामावती अर्हतावस्थामा प्राप्त भएकीले सम्पूर्ण इन्द्रिय सुख र द्वेष अनि घृणाबाट पूर्ण मुक्त भइसकेकी भएर शरीरसँगको नाता समाप्त


Downloaded from http://dhamma.digital/

भइसकेको थियो । कोमल र उज्ज्वल मन चार ब्रम्हविहारमा स्थित भए आगोले छुन सक्दैन । भित्री आध्यात्मिक शान्तिलाई आगोले छुन सक्दैन जलेको त शरीर मात्र हो । यस्तो घटना बिरलै हुने गर्दछ, जस्तै महामोग्गलान र कालुदायीका घटनाहरू । बुद्धलाई पनि हत्या गर्न लागेको थियो । जस्तै देवदत्तले गौत्तम बुद्धलाई हत्या गर्न खोजेको घटना । यी तीनै प्रकारका घटनामा पनि अभियुक्तले तिनीहरूका मैत्रीयुक्त चित्तलाई कुनै असर गर्न सकेनन् ।

श्यामावतीको अन्तिम वचन थियो – "सायद बुद्धको प्रज्ञाद्वारा पनि यो कुरा भन्न सरल छैन कि हाम्रो शरीर यतिका असंख्य जन्महरूमा घुम्दाघुम्दै यसरी आगोमा जलेर कतिपल्ट नष्ट भइसके होलान् । त्यसैले अप्रमादी भई धर्मका कुराहरू बारम्बार चिन्तन गर्नुपर्छ, धारण गर्नुपर्छ ।" ती आइमाईहरू त्यस्तो कष्टको बेला पनि दुःख कष्टप्रति सजग र सचेत भए अनि आर्य मार्गफलका हकदार बने ।

बुद्धको परिनिर्वाण भएको दुई हजारवर्षपछि सिपाहींहरूले जापानमा बौद्ध विहार जलाइदिए र त्यस विहारमा रहेका सबै भिक्षुहरू जलेर मरे । ती सिपाहींहरूले आगोले भष्म पार्नुभन्दा केही बेरअघि विहारका पदाधिकारीहरूबाट सुनेका अन्तिम कुरा यही थियो –

**'जसको मन–प्राणले पूर्णमुक्ति (निर्वाण) पाइसक्यो,**
**तिनको लागि आगो पनि शित्तल समीर बन्छ ।'**

कोसाम्बीमा घटेको आगलागीको घटनाको सम्बन्धमा बुद्धले भिक्षुहरूलाई यो गाथा सुनाउनुभयो –

**'जगत मोहको पञ्जामा जकडिएको छ,**
**बाहिरीरूप वास्तविक यथार्थझैं लाग्दछ,**


Downloaded from http://dhamma.digital/

उपधिको पकडमा मूर्खहरु बै आउँछन्,
अनि यो दुःखले उनीहरूलाई गाँजिलिन्छ,
हेर्दा सबै सदा रहिरहनेझैं प्रतीत हुन्छ,
तर प्रज्ञा-दृष्टिले हेर्दा त्यस्तो केही हुदैन ।'

श्यामावतीको मृत्युले राजा उदेनलाई शोकाकुल बनायो र त्यो घटना घटाउने को होलान् भन्ने विचारले सतायो । उनले निश्चय गरे कि अवश्य पनि यो काम मागन्दियाको हुनुपर्छ । उनले मागन्दियालाई सोझै सोध्न चाहेनन् किनकि यसरी सोध्दा तिनले सिधै नकार्न सक्छिन् भन्ने उनलाई थाहा थियो । बरू उनले गुप्तरूपले जान्न चाहे । उनले आफ्ना मन्त्रीहरूलाई भने – "अहिलेसम्म मैले बुझेको थिएँ कि श्यामावतीले मेरो हत्या गर्ने अवसर खोजिरहेकी छिन् । त्यो मिथ्या रहेछ । अब त म शान्तिसित निदाउन सक्दछु भन्ठानेको थिएँ ।" मन्त्रीहरूले सोधे – "यस्तो जघन्य अपराध कसले गर्न सक्छ ?" राजाले भने – "त्यसैले जसले मलाई साह्रै माया गर्दछ ।" त्यतिखेर मागन्दिया त्यहीं उभिइरहेकी थिइन् । तिनले राजाका कुरा सुनी अब अनिष्ट आउला भनी हत्तपत्त अगाडिसरेर आफूले नै श्यामावतीसहितको हत्या गरेकी कुरा सकारिन् । राजाले भने –"त्यसो हो भने तिमीलाई र तिम्रा नातेदारहरूलाई यो काम गरेबापत इनाम दिनेछु ।"

जब सबै नातेदारहरू जम्मा भए, राजाले सबैका सामु तिनीहरूलाई जिउँदै जलाए र त्यस ठाउँमा खरानीको चिनो समेत नदेखियून् भनी जोत्न लगाए । राजाले मागन्दियालाई आत्महत्या गरेको अभियोग लगाए । उनको रिसको ठेगान रहेन । उनी बदला लिने प्रतिक्षामा रहे । पछि उनले तिनलाई निर्दयतापूर्वक हत्या गर्न

Downloaded from http://dhamma.digital/

लगाए । पूर्वकर्मको फल हुन्छ भन्ने बारे यो एउटा नमुना मात्र थियो । तिनले भविष्यमा जन्म जन्मान्तरसम्म संसारमा घुमी घुमी दुःख भोग्नुपर्ने कर्म गरेकी थिइन् जसको फल तिनले भोगिन् ।

तर पछि तुरुन्तै राजा उदेनले त्यसरी निर्ममतापूर्वक हत्या गराएकोमा पश्चाताप गरे । श्यामावतीको शान्त सुन्दर सौम्य मुहार उनको सामु नाचिरहन्थ्यो । सबै सत्व प्राणीहरूलाई दया र माया गर्ने र शत्रुहरूलाई पनि मैत्री राख्ने तिनी साँच्चैनै देवीजस्ती थिइन् । उनले आफ्नो भावावेशलाई नियन्त्रण गरे र बुद्धका अमृतोपदेशलाई बारम्बार सुन्ने, चिन्तन-मनन गर्ने र धारण पालन गर्नेतिर मन मोडे ।

श्यामावतीका दुई सखीहरू त्यस दुःखद् घटनाबाट अति विचलित भए । तिनीहरू उत्निखेरै भिक्षुणीसंघमा प्रवेश गरे । ती दुईमध्ये एकजनाले त छिटै नै अर्हतावस्था प्राप्त गरिन् र अर्कोले २५ वर्षपछि मात्र सो फल प्राप्त गरिन् ।

श्यामावतीले ब्रम्हलोकमा पुनर्जन्म पाइन् । त्यहींबाट तिनले निर्वाण प्राप्त गर्नेछिन् । श्यामावतीको प्रेम र मागन्दियाको घृणाका कर्मफल तिनीहरूका जीवन र मृत्युबेलाको अवस्था हेरे प्रष्ट थाहा लाग्छ । एकदिन भिक्षुहरूले को जीवित को मरेकी भन्ने सम्बन्धमा कुरा गर्दैथिए । बुद्धले भन्नुभयो कि मागन्दिया बाँचिरहेकी भए पनि मरेतुल्य छिन् तर श्यामावती मरेकी भए पनि वास्तवमा बाँचिरहेकी छिन् । अनि तथागतले यो गाथा भन्नुभयो –

'सजगता नै अमरताको बाटो हो ।
प्रमाद नै मृत्युको राजमार्ग हो ।
सजग हुनेहरू कदापि मर्दैनन् ।
प्रमादीहरू मरेतुल्य नै हुन्छन् ।


Downloaded from http://dhamma.digital/

८

# मल्लिका महारानी

बुद्धको समयमा श्रावस्तीमा मालीहरूका नाइकेको घरमा एउटी बच्चीको जन्म भयो । तिनी सुन्दर, सुशील र कुशाग्र थिइन् । त्यसैले तिनी बाबुआमाहिंको प्रशन्नताको स्रोत बनेकी थिइन् । तिनको नाम मल्लिका राखियो ।

एकदिन जब तिनी सोह्र वर्षकी भइन्, तिनी फूलको बगैंचामा आफ्ना सखीहरूसँग फूल टिप्न गइन् । साथमा तिनले टोकरीमा दिउँसोको खाजाको लागि भनेर अलिकति भात पनि लिएर गएकी थिइन् ।

तिनी सहरको ढोकानिर पुग्दा केही भिक्षुहरू भिक्षा लिन तल झरिरहेका थिए । तीमध्ये अग्रज भिक्षु तिनको अगाडि उभियो । उनको उज्वल मुहार र सुन्दर व्यक्तित्वले तिनलाई निकै प्रभावित पाऱ्यो । तिनले आफ्ना टोकरीमा भएका खानेकुरा सबै ती भिक्षुलाई दानमा दिइन् ।

ती अग्रज भिक्षु तथागत भगवान् बुद्ध नै थिए । उनले मल्लिकाले दिएकी दानलाई पात्रमा थापे । मल्लिकालाई आफूले कसलाई भिक्षा दिएकी भन्नेकुरा थाहै थिएन तर पनि तिनी उनको पाउ परिन् । तिनी प्रमुदित भइन् । उनी बुद्ध थिए । बुद्ध मुसुक्क मुस्काउनुभयो । उनका उपस्थापक आनन्दलाई थाहा थियो कि

Downloaded from http://dhamma.digital/

यस कुरालाई बुझ्नेर प्रज्ञावानहरू,
सजगता र प्रमादको अन्तरलाई बुझी,
सजगतामा रस लिन्छन्, प्रमादमा छोड्छन,
आर्यजनहरूको दुनियाँमा रम्ने गर्दछन् ।
बन्धनमा बाँधिनुलाई कैद सम्झी,
ती निरन्तर ध्यानमग्न हुन्छन्,
ती परिश्रमी र लगनशील हुन्छन्,
निर्वाणमा पुग्न तत्पर हुन्छन् ।'

बुद्धले श्यामावतीलाई नारी शिष्याहरूमध्ये मैत्रीका धनीको रूपमा अग्रस्थानमा राख्नुभयो । यसको कारण के हो भने तिनी नित्य मैत्री ब्रम्हविहारमा रमण गर्दथिन् ।

(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित यो लेख 'Buddhist Women........' पुस्तकबाट नेपालीमा अनुवाद ।)

यथा बुब्बुल्लकं पस्से-यथा पस्से मरीचिकं ।
एवं लोकं अवेक्खन्तं-मच्चु राजा न पस्सति ।।

अर्थ -

यो संसारलाई पानीको फोकासमान वा
मृगतृष्णासमान हो भनेर भाविता गरी बस्नेलाई
यमराज (मृत्यु)ले पनि देख्न सक्दैन ।

Downloaded from http://dhamma.digital/

तथागत त विना कारण मुस्काउनुहुन्न । उनले तथागतलाई मुस्काउनुभएको कारण के होला भनी सोधे । तथागतले भन्नुभयो कि यी केटीले आजै कोशल राजाकी रानी बनी आफूले गरेकी दानको फल प्राप्त गर्नेछिन् ।

झट्ट सुन्दा यो कुरा विश्वास गर्न नसकिनेझैं लाग्दछ । कसरी बनारस र कोशल देशका महाराजाले त्यस्ती तल्लो जातकी केटीलाई महारानी बनाउन सक्लान् । खासगरी त्यसबेलाको भारतवर्षमा जातभातको त्यस्तो भेदभाव गरिने समयमा यस्तो कुरा सम्भव हुँदैन कि भन्ने प्रतीत हुन्छ ।

बनारस र कोशलको संयुक्त अधिराज्यमा राजा प्रसेनजीतले राज्य गर्दथे । त्यसताकाका राजाहरूमा उनी अति शक्तिशाली राजामा गनिन्थे । त्यसबेला उनी छिमेकी देश मगधका राजासँग युद्ध गरिरहेका थिए ।

मगधका राजाले एक युद्धमा विजय हासिल गरेका थिए र राजा प्रसेनजीतलाई भाग्न वाध्य गराएका थिए । त्यसदिन राजा प्रसेनजीत युद्धबाट राजधानी फर्किरहेका थिए । सहर प्रवेश गर्नुअघि उनले फूलको बगैंचामा एउटी केटीले गीत गाइरहेकी सुने । गीत गाउने केटी मल्लिका थिइन् । तिनी प्रशन्न भई सुमधुर गीत गाइरहेकी थिइन् । तिनको प्रशन्नताको कारण भरखरै तिनले सम्यक सम्बुद्धको दर्शन गरेकी थिइन् । राजा त्यस गीतबाट निकै आकर्षित भए र बगैंचामा प्रवेश गरे । ती अपरिचित योद्धालाई देखेर पनि मल्लिका भागिनन् बरु नजिकै गई लगाम समाती घोडालाई रोकिन् । तिनले निडर भई राजासँग आँखामा आँखा मिलाइन् । राजाले तिनलाई विवाहित कि अविवाहित हौ भनी सोधे । तिनले अविवाहित हुँ भनी उत्तर दिइन् । अनि राजा घोडाबाट ओर्ले । केहीबेर मल्लिकाकै

Downloaded from http://dhamma.digital/

काखमा आफ्नो टाउको टेकाए । राजाले तिनीबाट लडाईमा हार्नुपरेकोमा सान्त्वना पाउने अपेक्षा गरे ।

राजा केही आस्वस्त भएपछि तिनलाई घोंडाको पिठ्यूँमा बस्न लगाए अनि तिनको मातापिताको घरमा पुऱ्याइदिए । बेलुकी राजाले भव्य वरियात पठाई मल्लिकालाई लिन पठाए । यसरी मल्लिकालाई राजाले आफ्नो प्रमुख महारानी बनाए । त्यसबेलादेखि राजाले तिनलाई अत्यधिक माया गर्न थाले । तिनी सुन्दरतामा अप्सराजस्ती देखिन्थिन् । राजाले तिनको सेवाको लागि परिचारिकाहरू नियुक्त गरिदिए । यो कुरा देशभरि फैलियो । तिनले दान गरेकीले यति ठूलो फल प्राप्त भयो भनेर सबै दङ्ग परे । यस घटनाले देशका नागरिकहरूलाई दयालु बन्न र आफ्ना स्वजनहरूलाई उदारतापूर्वक सेवा गर्न प्रेरणा दियो । तिनी जहाँ जहाँ जान्थिन्, मानिसहरू खुसीले भन्ने गर्थे – 'मल्लिका महारानी यिनै हुन् । यिनले नै भगवान् बुद्धलाई भिक्षा दिएकी थिइन् र तुरुन्त फल प्राप्त गरेकी थिइन् ।'

महारानी भएपछि तुरुन्तै तिनी तथागतकहाँ दर्शन गर्न गइन् । तिनले आफूलाई खुल्दुली लागिरहेको कुरा सोध्न चाहन्थिन् । त्यो कुरा के हो भने कुनै कुनै स्त्रीहरू सुन्दर, सम्पन्न र दक्ष कसरी हुन्छन्, कुनै कुनै स्त्रीहरू सुन्दर भए पनि निर्धन र असक्षम कसरी हुन्छन् अनि कुनै कुनै स्त्रीहरू कुरूपा, निर्धन र असक्षम कसरी हुन्छन् भन्ने प्रश्नले तिनको मनमा खुल्दुली मच्चाइरहेको थियो ।

व्यक्ति व्यक्तिमा निहित यी असमानताहरू हामीले हाम्रो दैनिक जीवनमा देख्दै आएका छौं । सामान्य नागरिकहरूले यसको कारण भाग्य, वंशज, संयोग इत्यादि भनी सन्तोष मान्दछन् तर महारानी मल्लिका यसबारे गम्भीरतापूर्वक सोच्दछिन् कि विना हेतु कुनै पनि कार्य (प्रभाव) हुँदैन ।

 Downloaded from http://dhamma.digital/ 

भगवान् बुद्धले तिनको जिज्ञासा पूर्ण विवरणका साथ शान्त गरिदिनुभयो । उहाँले भन्नुभयो –"जहाँसुकै होस् मानिसहरूको जीवनशैली र नैसर्गिक गुणको विकास उनीहरूको नैतिक स्वच्छतामा धेरै हदसम्म आधारित हुन्छ । सुन्दरता भनेको व्यक्तिको क्षमाशीलता र सुशीलताको परिणाम हो, सम्पन्नता भनेको व्यक्तिको दानशीलता र उदारताको फल हो भने क्षमता र दक्षता अरूको दाह नगर्ने बरु प्रशन्न चित्तसहित रहने र आफ्ना प्रतिभाको प्रस्फुरणको अभ्यासबाट सम्भव हुने कुरा हुन् । यी तीन गुणहरूमध्ये कुनै पनि गुणलाई व्यक्तिले जीवनमा विकसित गर्न प्रयास गर्नुपर्छ र यसलाई मानिसहरु व्यक्तिको प्रारब्ध हो भन्ने गर्दछन् । तर यी तीन गुणहरूको एकसाथ सम्मिश्रण हुनु दुर्लभप्रायः हुन्छ ।"

बुद्धका यी उपदेश सुनेपछि तिनले आयन्दा आफ्ना प्रजाहरूप्रति राम्रो व्यवहार गर्ने, कहिल्यै कुरतापूर्वक दुर्व्यवहार नगर्ने, भिक्षुहरूलाई भोजन दान दिने, ब्राम्हण र गरिब गुरुवालाई दान दिने, सेवा गर्ने र सुखी व्यक्तिहरूप्रति ईर्ष्या नगर्ने अठोट गरिन् । धर्मदेशना सिद्धिएपछि तिनले बुद्ध, धर्म र संघको शरण लिइन् र बाँचुञ्जेल त्रिशरणमा समर्पित शिष्याको रूपमा रहने प्रण गरिन् ।

तिनले दान प्रदान गरी उदारता देखाएकी मात्र नभई एउटा ठूलो काष्ठगृह निर्माण गरी सभागृहको रूपमा प्रयोग गर्न भिक्षुसंघलाई दान गरिन् । त्यसै सभागृहमा धार्मिक कार्यक्रम र धर्म साकक्षा हुने गर्थ्यो ।

मल्लिकाले आफ्नी पतिलाई एक पत्नीमा हुनुपर्ने पाँच गुणहरूले सज्जित भई आफ्नो सुशीलता प्रदर्शन गरिन् । ती पाँच गुणहरू यिनै हुन् –

Downloaded from http://dhamma.digital/

क) स्वामी उठ्नुभन्दा पहिले उठ्नु ।

ख) स्वामी सुकला भएपछि मात्र सुत्नु ।

ग) सदैव स्वामीको आज्ञाकारी हुनु ।

घ) सदैव विनम्र हुनु ।

ङ) सदैव मीठो वचन बोल्नु ।

गुणहरूको प्रसंग आउँदा भिक्षुहरूले पनि मल्लिकाकै सुशीलताको दृष्टान्त दिई प्रशंसा गर्दथे ।

तर पनि तिनलाई आफू ईर्ष्याबाट मुक्त हुँ भनी सावित गर्न बाँकी नै थियो । अब त्यो समय पनि आयो । राजाले अर्की प्रमुख पत्नीको रूपमा बुद्धको भतिजीलाई विवाह गरे । भनिन्छ कि नारी जातिले आफूमाथि सौता हालेको स्वीकार्दैनन् तर मल्लिकाले आफ्नी सौतासित कति पनि ईर्ष्या गरिनन् । तिनले सौतासित पनि स्नेहपूर्वक व्यवहार गरिन् । दुवै दरवारमा सुखपूर्वक मिलेर बस्न थाले ।

आफ्नी एउटी मात्र छोरी भए पनि जब सौताले युवराज हुने छोरा जन्माइन् तर पनि मल्लिकाले ईर्ष्या गरिनन् । मल्लिकाले छोरी जन्माउँदा राजा निराश भएका थिए । त्यसबेला बुद्धले उनलाई छोरीको महत्वबारे सम्झाउनुभएको थियो । उहाँले भन्नुभयो – "यदि नारी व्यवहारकुशल, पुण्यवान, कुशाग्र र आज्ञाकारी भए तिनी लोग्नेमान्छेभन्दा श्रेष्ठ हुन सक्छिन् । यी बच्ची पनि ठूली भएपछि कालान्तरमा महारानी बनी शक्तिशाली शासकलाई जन्म दिन सक्छिन् ।" जब ती बच्ची बजिरा ठूली भइन् तिनी मगधको महारानी भइन् र त्यसको २५० वर्षपछि मगधका सम्राट अशोककी पूर्खा बनिन् ।

मल्लिका महारानी बुद्धको श्रद्धालु उपासिका भएपछि तिनले आफ्नी पतिलाई पनि शासनमा तानिन् । (यहाँ शासनको अर्थ बुद्धको


Downloaded from http://dhamma.digital/

उपदेश वा धर्म रहेसम्मको समय हो) ।

शासनमा प्रवेशको घटना यसरी घटित भयो – एकरात राजाले १६ प्रकारका भयावह सपना देखे । त्यस सपनामा उनले डरलाग्दो, त्रासपूर्ण चार प्रकारका मिश्रित आवाज सुने । ती आवाज हुन् – 'Du, Sa, Na, So' (दु, स, न, सो) । जब राजा सपनाबाट बिउँझे, उनी सपनाको कुरा सम्झेर साह्रै डराए अनि जुरुक्क उठेर काम्दै ओछ्यानमा बसिरहे । सूर्योदय नभएसम्म उनी यसै अवस्थामा बसेर रात काटे ।

जब ब्राम्हण पुरोहितहरूले राजालाई आज राम्ररी निदाउन सक्नुभएन कि भनी प्रश्न गर्दा राजाले रातीको सपनाबारे बताए र त्यस्तो अपशकुनलाई कसरी निराकरण गर्न सकिन्छ भनी ती पुरोहितहरूलाई सोधे । ब्राम्हणहरूले भने कि यस कुराको लागि धेरै ठूलो बली चढाई प्रेतात्मालाई शान्त पार्नुपर्छ । डरले त्रसित भएका राजाले प्रेतात्मालाई शान्त गर्ने कुरामा सहमति जनाए । ब्राम्हणहरू धेरै दान दक्षिणा पाउने भयौं भनी खुसी भई बलीको लागि आवश्यक तयारीमा जुटे । उनीहरू यताउति दौडधुप गर्न थाले । बली दिइन मौलो गाडिए अनि बली दिन भनी धेरै पशुहरू बाँध्न ल्याइए ।

बलीको कार्य सम्पादनमा प्रभावकारिता थप्न चारजना मान्छेलाई पनि मौलोमा बाँध्न ल्याइए । ती सबै आफ्नो पालो पर्खेर बसे । जब मल्लिकालाई यी सबै कुराको जानकारी दिइयो, तिनी राजाकहाँ गइन् । तिनले राजालाई ती ब्राम्हणहरू यसरी किन दौडधुप गरिरहेका भनी सोधिन् । राजाले तिनको कुरामा त्यति ध्यान नै दिएनन् । तैपनि उनले मल्लिकालाई आफूले देखेका सपनाका कुरा बताए । मल्लिकाले यस कुरामा तपाईंले पुरोहितका पनि पुरोहितसित परामर्श लिनुभयो कि भएन भनी सोधिन् । राजाले त्यो व्यक्ति को हो भनी


Downloaded from http://dhamma.digital/

सोधे । तिनले उहाँ तथागत सम्यकसम्बुद्ध हुनुहुन्छ जो ब्राम्हणहरूमध्ये अग्रज अनि देव मनुष्यका शास्ता हुनुहुन्छ भनिन् । यो सुनेर राजा प्रसेनजीत तथागतको राय लिन अनाथपिण्डिकले बनाइदिएको जेतवन महाविहारमा पुगे ।

राजाले बुद्धलाई सपनाका कुरा बताए अनि यस्ता सपनाका प्रभाव जीवनमा कस्तो पर्छ भनेर राय मागे । तथागतले भन्नुभयो – "अहं, यसबाट कुनै त्यस्तो नराम्रो प्रभाव पर्दैन । ती सपनाहरू भविष्यमा घट्न सक्ने घटनाका पूर्व सूचक हुन् । यिनले राजाहरूमा नैतिक मूल्य ह्रास हुँदै गएका कारणले पृथ्वीमा जीवनका मूल्य र मान्यताहरू खस्कदै गएको संकेत दिन्छन् ।"

उनले सुनेका ती चार प्रकारका आवाज श्रावस्तीमा बस्ने चार पुरुषहरूको थियो । तिनीहरूले विवाहित नारीहरूलाई यौनाचारको शिकार बनाएका थिए । उनीहरूले यही पापाचारको कारणले नरकमा पुनर्जन्म पाएका थिए । ती ३०,००० वर्षसम्म त्यहाँ तातो भकभकी उम्लेका कराहीमा परी दुःख भोगिरहेका थिए । अर्को ३०,००० वर्षमा तिनीहरू बिस्तारै उठ्थे र कराहीको विटसम्म आइपुग्थे । त्यसबेला मात्र उनीहरूले मनुष्य लोकको हावामा सास फेर्न पाउँथे ।

प्रत्येकले गाथा भन्न चाहन्थे तर कर्मभार बढी भएको कारणले पहिलो शब्द पनि पूरा भन्न सक्दैनथे । उनीहरूले बोली गुमाइसकेका कारणले सुस्केरामा पनि आफ्ना दुःख पोख्न सक्दैनथे । ती चार गाथाहरू पालिमा छन् जुन अंग्रेजीमा दिइएका छन् । ती गाथाहरू 'Du', 'Sa', 'Na' / 'So' बाट सुरु भएका थिए । तथागतले यसरी व्याख्या गर्नुभएको थियो ।

'Du' = Dung-like life we lived, ................

बेकम्माको जीवन हामी बाँच्दैछौं ,


Downloaded from http://dhamma.digital/

खै,त्यागको भावना नै जगाउँदैनौं ।
तिमीमा दिने क्षमता भए पनि,
खै, आफ्नो शरण-स्थल बनाउँदैनौं ।

'Sa' = Say, the end is near, ......................
भन, के विनास नजिकिदैछ ?
६0,000 वर्ष त बिति नै सके ।
यस नारकीय भूमिमा रहँदारहँदै,
अनवरत नारकीय यातना सहिरहें ।

'Na' = Naught, no end is near, ................
होइन, विनास नजिकिएको छैन ,
विनासको आभास देखिएकै छैन ।
जसले अकुशल कर्म गर्दछ यहाँ,
उसैको मात्र विनास हुन्छ यहाँ ।

'So' = So, could I only leave this place ....
अतः के म यो स्थान त्याग्न सकूँला ?
जीवनमा आफूलाई उठाउन सकूँला ?
म अब दयालु र नैतिकवान बन्नेछु,
अनि कुशल कर्म सम्पादन गर्नेछु ।

राजाले यी गाथामा अन्तर्निहित भावनालाई बुझे । अनि आफ्नी महारानीको बली विरुद्धको अनुरोधलाई स्वीकारे । उनले ती बाँधिएका चार बँधुवाहरू र पशुहरूलाई मुक्त गरिदिए । बली दिन ठड्याइएको त्यस मौलोलाई पनि उखेलेर मिल्काउने हुकुम दिए ।

प्रसेनजीत राजा बुद्धका उपासक भएपछि एकदिन उनले एक विद्वान उपासकलाई भेटे । राजाले उनलाई दिनदिनै दरबारमा आएर आफ्नी महारानीलाई धर्मोपदेश दिन आउन आग्रह गरे । त्यस


Downloaded from http://dhamma.digital/

उपासकले भने कि धर्मका कुराहरू तथागतमार्फत नै निसृत भएका हुन् । त्यसैले बुद्धका प्रमुख शिष्यले मात्रै महारानीलाई धर्मका कुराहरू प्रतिपादन गर्न सक्दछन् । राजाले कुरा बुझे । उनले आफ्ना शिष्यहरूमध्ये एकजनालाई धर्मोपदेश गर्ने अनुमति दिनुहुन बुद्धलाई बिन्ति गरे । बुद्धले त्यस कार्यका लागि भिक्षु आनन्दलाई आज्ञा गर्नुभयो । महारानी मल्लिकामा राम्रो पृष्ठभूमि नभए पनि सजिलैसित धर्मका कुराहरूलाई आत्मसात गरिन् । तर अर्को महारानी वषभखत्तिय जो युवराजकी आमा थिइन् धर्मप्रति त्यति एकाग्र नभएकी कारणले धर्मलाई राम्ररी बुझ्न सकिनन् ।

एकदिन ती राजदम्पतिले दरवारबाट तल नदीमा केही भिक्षुहरू पानीमा खेलिरहेका देखे । राजाले मल्लिका महारानीलाई छेद हानी भने – "ती पानीमा खेलिरहेका साँच्चिका त्यागीझैं देखिन्छन् हगि ?" ती १७ जना भिक्षुहरू युवा थिए र नैतिकवान पनि । मल्लिका महारानीले जवाफ दिइन् कि कि त बुद्धले यसरी नुहाउनेबारे कुनै नियम (विनय) बनाउनुभएको छैन होला कि त यी भिक्षुहरूलाई बनाइएको नियमबारे अवगत भएन होला किनभने दिनदिनै पाठ गरिने सूत्रहरूमा यसबारेका नियमहरूको उल्लेख छैन ।

दुवै राजारानीले स्वीकारे कि यसरी पानीमा भिक्षुहरूले खेल्नुले सामान्य नागरिकहरूमा नकारात्मक प्रभाव पार्दछन् । धर्माभ्यासमा लागेकाले त बालमूर्खजनलेझैं खेलमा रस लिन्छन् भने त्यसको असर सामान्यजनमा अवश्य राम्रो हुँदैन । राजा प्रसेनजीतले ती भिक्षुहरूको निन्दा गर्न चाहेनन् तर उनी चाहन्थे बुद्धलाई यसकुराको सूचना दिइनुपर्छ ताकि कसिलो नियम बनाई अनुशासन पालना गराओस् । राजाले बुद्धलाई विशेष भेंट चढाउने विचार गरे । भेंट चढाउन पठाउन ती नै भिक्षुहरूलाई बुद्धसन्मुख पठाउनुपर्छ भन्ने सोचे । ती


Downloaded from http://dhamma.digital/

भिक्षुहरूमार्फत भेंट बुद्धकहाँ पठाइए । बुद्धले ती भिक्षुहरूलाई कहिले र कुन अवस्थामा राजासित भेट भयो भनी सोध्नुभयो । उनीहरूले सबै कुरा बुद्धलाई सुनाए । त्यसपछि बुद्धले यसबारे उपयुक्त नियम बनाउनुभई पालन गर्न लगाउनुभयो ।

एकदिन राजा आफ्ना महारानीसँग दरवारको प्यारापिटमा उभिरहेका थिए र तल चारैतिर हेरिरहेका थिए । त्यसबेला राजाले दुनियाँमा आफूभन्दा प्यारो अरू कोही हुन्छन् कि भनी प्रश्न गरे । महारानीले सबैभन्दा प्यारो मलाई नै भन्ली भन्ने उनको आशय थियो । किनकि मैले नै मल्लिकालाई धन मान प्रतिष्ठा दिएँ भन्ने राजालाई दर्प थियो । महारानीले राजालाई प्रेम गर्थिन् तर तिनले आफूभन्दा प्यारो अरू कोही हुँदैनन् भनी सत्य कुरा बोलिदिइन् । त्यही प्रश्न रानीले राजासँग पनि सोधिन् । राजाले पनि स्वीकारे कि आफूभन्दा प्यारो व्यक्ति अरू कोही हुँदैनन् । यसबारे बुद्धको धारणा के कस्तो रहेछ भनी बुझ्न राजा बुद्धकहाँ गए । बुद्धले राजा र मल्लिकाको विचार (धारणा) लाई ठीक ठह्याउनुभयो । उहाँले भन्नुभयो –

सबैतिर मन डुलाउँदा,
आफूभन्दा प्यारो कोही भेटिँदैन ।
आफू सबैलाई प्यारै हुन्छ,
आफैलाई प्रेम गर्ने गर्छन्,
तर अरूको अहित भने नचिताऊन् ।

एकदिन बुद्धले आफ्नो बच्चा मरेर शोक गरिरहेको व्यक्तिलाई भन्नुभयो – "प्यारा व्यक्तिहरूले नै शोक, दुःख, चिन्ता र हैरानी दिन्छन् । त्यो दुःख त्यस प्यारो व्यक्तिप्रतिको आसक्तिले नै लिएर आउँछ ।" कुनै दृष्ट प्रमाण नहुँदा त्यस व्यक्तिले यो कुरालाई झुट्ट

Downloaded from http://dhamma.digital/

बुझ्न सकेन । यस कुरालाई राजाकहाँ लगियो । राजाले महारानीलाई के यो कुरा साँचो हो भनी सोधे । महारानीले बुद्धमाथि श्रद्धा राखी जवाफ दिइन् – "यदि तथागतले यो कुरा आज्ञा भएको भए कुरा सही हुनैपर्छ ।"

चेला चेलीले आफ्ना गुरुको कुरा अकाट्य मानेझैं यिनले पनि बुद्धको कुरालाई उलंघन नगरिकन स्वीकारिन् भनी राजाले ठाने । मल्लिकाले बुद्धकहाँ एक दूत पठाई यसबारे विस्तृतरूपमा बुझ्न पठाइन् अनि प्राप्त भएको कुरा राजासमक्ष यथावत प्रस्तुत गरिन् ।

तिनले राजालाई आफ्ना छोरी, पत्नी, युवराज र राज्यलाई प्रेम गर्नुहुन्छ कि गर्नुहुन्न भनी सोधिन् । गर्छु भन्ने उत्तर राजाबाट पाइन् । यदि यी पाँच कुरामाथि कुनै अप्रिय घटना घट्न पुग्यो भने के राजालाई दुःख, शोक, पीर हुन्छ कि हुँदैन भनी सोधिन् । ए, यी दुःख त प्रेमबाटै निसृत हुने रहेछ भनी राजाले बुझे । अनि मात्र उनले बुद्धले त्यति राम्ररी कुरा सम्झाउनुभएको रहेछ भनी स्वीकारे । अनि राजाले जुरुक्क उठेर, पछ्यौरी तल झारेर जुन दिशामा बुद्ध हुनुहुन्छ त्यस दिशामा घोप्टो परेर तीनबाजी बुद्धलाई वन्दना गरे – **"सुगतलाई वन्दना ! तथागतलाई वन्दना !! शास्तालाई वन्दना !!!"**

यसरी मिलीजुली बसे पनि प्रसेनजीत राजा र मल्लिका महारानीका जीवन मनोमालिन्यताबाट सर्वथा मुक्त रहेन । एकदिन ती दम्पतिको बीच रानीले निभाउनुपर्ने कामकुराको सम्वन्धमा विवाद उठ्यो । यही कारणले राजा उनीसँग रिसाए अनि राजाले जीवनमा तिनी हुँदै नभएझैं गर्न थाले । भोलिपल्ट बुद्ध भोजनको लागि घरमा आउनुभयो । बुद्धले मल्लिका खोइ, जहिले पनि भोजनको बेला उपस्थित रहन्थिन् भनी सोधनी गर्नुभयो । प्रसेनजीत राजाले अलि


Downloaded from http://dhamma.digital/

ठाडो भाकामा भने –"खोइ, तिनको के कुरा गर्नु ? तिनी महारानी भएकीमा फुलेर पागल भएकी छिन् ।" बुद्धले सम्झाउनुभयो कि यसो हुनुको दोष राजालाई नै छ । उनैले मल्लिकालाई माथि चढाएरराखेका थिए । अब दुवै मिल्नुपर्छ ।

अनि राजाले अन्यमनस्कभावले तिनलाई बोलाएर ल्याए । यसरी क्रोध शान्त पारी मेल मिलाप भएको राम्रो हो भनी उनीहरूको प्रशंसा गर्नुभयो । यसपछि राजपरिवारमा यसरी शान्ति छायो कि मानो त्यहाँ ती दुई बीच केही घटना घटेकै थिएन ।

तर पछि पुनः ती दुईबीच नयाँ तनाव उत्पन्न भयो । फेरि राजाले तिनलाई वास्तै गरेनन् । तिनी दरबारमा हुँदै नभएझैं व्यवहार गर्न थाले । यो कुरा बुद्धलाई थाहा लाग्यो । बुद्धले मल्लिकाको बारेमा राजासित प्रश्न गर्नुभयो । राजाले बताए कि पद प्रतिष्ठा पाएर तिनी अत्यधिक मात्तिएकी छिन् । तुरुन्तै बुद्धले तिनीहरूका पूर्वजन्मको एक घटना दृष्टान्तको रूपमा अगाडि सार्नुभयो ।

त्यतिखेर दुवै देवलोकमा देवदेवीको रूपमा आपसमा अति प्रेम गर्ने दम्पतिको रूपमा थिए । एकरात कुनै कारणले ती दुई छुट्टिए । ती दुवै त्यस भयावह रातको घटनालाई लिएर दुःखी भए अनि अब हजार वर्षसम्म यस्तो घटना नदोहरियून् भन्ने कामना गरे । त्यसपछि ती एकअर्कादेखि छुट्टिएनन् र त्यो वियोग तिनीहरूका लागि एक चेतावनी नै सिद्ध भयो । जन्मजन्मान्तरसम्म पनि तिनीहरूले प्रेमपूर्ण जीवनको आनन्द उपभोग गरिरहे ।

यो कथा प्रसंगबाट राजाको मन मर्माहत भयो र मल्लिका रानीसँग मिलाप गरे । मल्लिकाले यो गाथा बुद्धसामु व्यक्त गरिन् –

**'तथागतका वाणीलाई आनन्दपूर्वक सुनें,**
**ती वाणी मेरा कल्याणका निमित्त हुन्,**

 Downloaded from http://dhamma.digital/ 

**तथागतका वाणीले मेरा दुःख हरेर लगे,**
**साँच्चैनै तथागत सुखदायक हुनुहुन्छ ।'**

एकपल्ट तेस्रोबाजी पनि झगडा हुँदा ती राज-दम्पतिका पूर्वजन्मबारे बुद्धले बताउनुभएको थियो । त्यसबेला राजा प्रसेनजीत युवराज थिए अनि मल्लिका उनकी पत्नी । त्यस युवराज कुष्ठरोगको कारणले राजा बन्न पाएनन् । उनले वनबास बस्ने निश्चय गरे ताकि कसैको बोझ बन्न नपरोस् । तर उनकी पत्नीले त्यसो गर्न दिइनन् र तन मनले पतिको सेवा गरिन् । तिनले शान मान र वैभवको जीवनको लोभ गरिनन् बरु दुर्गन्धै आए पनि पतिको सेवा गर्नुलाई नै प्राथमिकता दिइन् । धर्मको प्रतापले तिनको पतिको रोग निको भयो । कालान्तरमा उनी राजा बने अनि तिनी रानी भइन् । तर राजाले तुरुन्तै तिनलाई बिर्सिदिए अनि अन्य नर्तकीहरूसँग भुले । उनी कृतघ्न भए ।

बुद्ध भन्नुहुन्छ – "संसारमा ज्ञानी पुरुषहरू भेट्टाउन कठिन भएझैँ कृतज्ञ मानिस भेट्टाउन पनि मुस्किलै हुन्छ ।" जब राजालाई रानीले गरेका गुणहरू र सेवाहरूको स्मरण गराइयो अनि मात्र राजा होसमा आए । उनले रानीसँग आफ्नो भूलको लागि क्षमा याचना गरे अनि ती फेरि मिलेर सुखपुर्वक जीवन व्यतित गर्न थाले ।

महारानी मल्लिकाले जीवनमा एउटै मात्र यस्तो काम गरेकी थिइन् जसको कारण तिनले नराम्रो पुनर्जन्म पाउनुपरेको थियो । तुरुन्तै मृत्युपश्चाद् तिनी नरक परिन् तर केही समयपछि नै तिनी त्यहाँबाट छुटिन् ।

महारानी मल्लिकाको मृत्युको खबर पाउँदा राजा प्रसेनजीत बुद्धका धर्मोपदेश सुनिरहेका थिए । खबर सुनेर राजा ज्यादै विह्वल भए । बुद्धले केही पनि अथवा कोही पनि जरा, व्याधि, मरण र विनासबाट मुक्त छैनन् भनेर सम्झाउनुभयो । यसबाट पनि उनको


Downloaded from http://dhamma.digital/

शोक र विह्वलता शान्त भएन ।

'प्रेमबाट शोक आउँछ' भन्ने कुरा सत्य सावित भयो । राजा दिनदिनै बुद्धकहाँ जान्थे । महारानीको भविष्य जीवन कस्तो हुन्छ भनी उनी जान्न चाहन्थे । तिनीविना बाँच्नुपरे पनि तिनको पुनर्जन्म कस्तो भयो होला भनी जान्न चाहन्थे । तर सात दिनसम्म बुद्धले राजालाई उनको प्रश्नको उत्तर दिनुभएन । उनलाई अन्य धर्मदेशनामै अल्मल्याइराखे । सातौं दिनमा मात्र बुद्धले मल्लिकाको पुनर्जन्मबारेको प्रश्नको उत्तर दिनुभयो । बुद्धले मल्लिका देवलोकमा उत्पन्न भइन् भनी भन्नुभयो । मल्लिकाले सात दिनसम्म नरकबास हुनुपरेको कुरा भने बताउनुभएन । किनभने यसबाट राजाको शोकमा शोक थप्ने काम मात्र हुन्थ्यो भन्ने कुरा बुद्धलाई थाहा थियो । छोटो समयको लागि भए पनि अपायलोकमा प्रतिसन्धि भएको कारणले तिनले स्रोतापति फल पाएकी थिइनन् । तैपनि त्यस नारकीय अनुभवको साथसाथै आफ्नो धर्मको प्रतापले स्रोतापति मार्ग र फल चाँडै नै प्राप्त गर्न सक्लिन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित लेखको 'Buddhist Women........' पुस्तकबाट नेपालीमा अनुवाद ।)

## मनुष्य जीवनको ४ प्रकारका सुख –

१) ***अत्थिसुख*** – आवश्यक वस्तु मसँग छ भन्ने सुख ।
२) ***भोगसुख*** – आफ्नो सम्पत्ति आफैले भोग गर्ने सुख ।
३) ***अनणसुख*** – ऋणी हुनु नपर्ने सुख ।
४) ***अनवज्जसुख*** – दोषरहित भएर बाँच्ने सुख ।


Downloaded from http://dhamma.digital/

# ७

# यशोधराको देन

## प्रस्तावना

बुद्ध हुनुपूर्व यशोधरा सिद्धार्थकी पत्नी थिइन् । बुद्धको सम्बोधि-लाभमा यशोधराको धुप्रै सकारात्मक देन रहेको छ तर ती देनहरूलाई बौद्ध बाङमषमा त्यति वास्ता गरिएको देखिदैन र तिनलाई पर्याप्त मात्रामा प्रकाशमा ल्याइएका छैनन् ।

यस सम्बन्धमा बुद्ध-धर्म विषयका लेखक तथा प्रवचकहरूका तर्फबाट जेसुकै वा जतिसुकै कमी कमजोरी रहेता पनि बुद्धको जीवनको यस गरिमामय र महत्वपूर्ण चर्चालाई प्राथमिकताकासाथ उचित स्थान दिइनु निश्चय पनि नारीजातिकै गौरवलाई बढावा दिनु हो । खासगरी नारी समानताको सवाल उठिरहेको यस समयमा यसले नारीजातिकै प्रतिष्ठा र गरिमालाई बढावा दिनेछ ।

बुद्ध-धर्मका अनुयायीहरूलाई थाहा भएकै कुरो हो कि बुद्धको आफ्नै 'नियत-विवरण' छ । त्यसो भन्नुको अर्थ अतीतमा दीपंकर बुद्धले सुमेध ऋषि (अहिले बुद्ध हुनुभएका) लाई सुदुर भविष्यमा बुद्ध हुनेछ भनी घोषणा गर्नुभएको थियो ।

त्यस समयदेखि उहाँ बोधिसत्व हुनुभयो अर्थात् 'पछि हुने बुद्ध' हुनुभयो र बुद्ध हुनको लागि आवश्यक पारमिताधर्महरूको परिपूर्ति गर्दै


Downloaded from http://dhamma.digital/

जगेर्ना पनि गर्दैजानुभयो । तर बहुसंख्यक बुद्ध-धर्मानुयायीहरूलाई यो कुराको कुनै खबर नै छैन कि उहाँ दीपंकर बुद्धले नै सोही दिन यशोधरालाई पनि 'नियत-विवरण' दिनुभएको थियो ।

## यशोधराको विवरण

पुस्तकहरूमा उल्लिखित छ कि जब भविष्यमा बोधिसत्व हुने सुमेध ऋषि दीपंकर बुद्धको सुगमताको लागि बाटो बनाउने तयारीमा जुटेको थियो, त्यहाँ यशोधरा पनि उपस्थित थिइन् । त्यतिबेला तिनी सुमित्रा नाउँ गरेकी एक ब्राम्हण कन्या थिइन् । तिनी त्यहाँ आठ मुठा कमल फूल लिएर दीपंकर तथागतको पूजाको लागि आएकी थिइन् । तिनले त्यस भीडमा त्यस युवक सुमेधलाई देखिन् । तिनलाई सुमेध साह्रै आकर्षक र मनोहारी लाग्यो ।

## पहिलो नजरमा प्रेम

यशोधराको नजर सुमेधमा पर्नेवित्तिकै तिनको मुखबाट अनायास यी शब्दहरू निस्के – "आहा, मेरो जीवन धन्य धन्य हुनेभयो ।" सामान्य अर्थमा यसलाई 'पहिलो नजरमा प्रेम' भनिन्छ , तर यसको अर्थ यतिकैमा सीमित छैन । यसमा आध्यात्मिक भावको गहिराइ भेट्टिन्छ । यसले सांसारिक सहचारीको रूपमा बोधिसत्वको जीवनमा यशोधराले खेलिनुपर्ने भूमिकाको भविष्यवाणीको संकेत मिल्दछ ।

## सुमेधको आत्म-बलिदान

त्यस बनाउँदै गरेको बाटोको हिलाम्य भागमा दीपंकर तथागतको सुगमताको निमित्त सुमेधले 'पुल' जस्तै बनी घोप्टो परी स्वात्राङ्ग

 Downloaded from http://dhamma.digital/ 

सुतिदियो अनि दीपंकर तथागतलाई आफ्नो जिउमाथिबाट जान भन्यो । यो देखेर त्यसबेला सुमित्रा नाउँकी यशोधरा सुमेधको त्यस बलिदानबाट अति प्रभावित भइन् र प्रेम र आत्मियताको प्रतीक कुनै उपहार सुमेधलाई दिन इच्छा गरिन् । त्यसबेला दिने अन्य वस्तु केही पनि नभएकोले दीपंकर तथागतलाई चढाउन ल्याएको ती आठ मुठा कमलको फूल दिइन् र भनिन् – "हे ऋषि महोदय, यी आठ मुठा फूलहरूमा पाँच मुठा तपाईंलाई भयो र बाँकी तीन मुठा मलाई भयो । यस उपहार चढाएको पुण्यले तपाईंका र मेरा सम्पूर्ण इच्छाहरू पूर्ण होऊन् साथै यो पुण्यको प्रभावले तपाईंको बुद्धत्व प्राप्तिमा पनि योगदान होस् ।" सुमेधले ती फूललाई स्वीकारे अनि सुमित्राको आग्रह अनुसार दीपंकर तथागतलाई सश्रद्धा चढाए ।

## *यशोधराको 'नियत-विवरण'*

यसै अवसरमा दीपंकर बुद्धले यशोधराको पनि 'नियत-विवरण' दिनुभयो अनि सुमेधलाई यसरी भन्नुभयो – "यी कन्याले तिम्रो चित्तवृतिप्रति समानता राख्दछिन् **(सम-चित्त)** । तिनको कामकुरा पनि तिम्रो प्रकृति अनुकूल नै हुनेछ **(समकारी)** । तिनको कर्मले तिम्रो कर्मलाई पछ्याउनेछ **(समकम्म)** । तिनको व्यवहार पनि तिमीलाई प्रिय नै लाग्नेछ किनकि तिनी सुन्दर, प्रिय, हँसिली र मृदुभाषी छिन् **(सुदस्सन सुप्पिया च मनपं पियवादिनी)** । पत्नीको रूपमा तिनी तिमीलाई अति मन पर्नेछ । तिमीले तिनलाई कुशल कर्मको फलका रूपमा पाएका छौ **(कम्मदायादा)** । तिनले तिम्रो पुण्यकर्मको संचयलाई महाजनले आफ्नो धन-सम्पतिको सुरक्षा गरेझैं सुरक्षित राख्नेछिन् । तिनी तिम्रा लागि करूणाकी प्रतिमूर्तिझैं लाग्नेछ र तिनले पनि पिंजडा तोडेर बाहिर निस्केको सिंहिनीझैं आफ्ना


Downloaded from http://dhamma.digital/

पारमिताधर्मलाई पूर्ण गर्दै अर्हतत्व पद प्राप्त गर्नेछिन् । यति भन्नुभई दीपंकर तथागतले ती दुवैका सांसारिक बन्धनलाई पक्का गर्नुभयो । यो बन्धन सिद्धार्थले बुद्धत्व प्राप्त नगरूञ्जेल कायम रहने र त्यसबेलासम्म यशोधराको पनि त्यस कार्यमा आफूले सम्पादन गर्नुपर्ने दायित्व र देन रहिरहने कुराको प्रकाश गर्नुभयो ।

## *अर्हत भएपछि यशोधराको बुद्धसँग भेट*

७८ वर्षको उमेरमा यशोधराको आयु समाप्त भयो अर्थात् तिनको देहान्त भयो । तिनी बुद्धकहाँ आफूले चाहे अनुसारको मृत्युको बारेमा बताउन गएकी थिइन् । तिनले बुद्धसामु आफूले अतीतमा अर्थात् दीपंकर तथागतले बुद्धत्व प्राप्त गर्ने घोषणा गर्नुभए पछिका अर्थात् बोधिसत्व हुँदादेखिको समयमा बोधिसत्वको साथमा रही निष्ठापूर्वक तिनले के कस्ता काम गर्दैआएकी थिइन् भन्नेबारे विस्तृतरुपमा संस्मरण सुनाइन् ।

आफूले बुद्धको भलाइको कामना गर्दै गरेकी कामकुराहरूको मृदु स्मृतिलाई ताजा पार्दै भनिन् कि बोधिसत्वसँग सांसारिक सम्बन्ध जोडेर सहयात्रीको भूमिका निभाएकी थिइन् । बोधिसत्वसँग सम्पन्नता र विपन्नताको घडीमा सफलतापूर्वक साथ निभाइन् र खरो उत्रिन् र बोधिसत्वलाई अनेक आपद् विपद्मा तिनले मद्दत र सेवा पुऱ्याइन् भन्नेबारे पनि स्मरण गरिन्, गराइन् ।

जन्मजन्मान्तरको त्यति लामो बाटोमा देव र मनुष्य योनीहरूमा तिनले बोधिसत्वसँग जीवन यापन गरेकी थिइन् । अन्तिम जन्ममा शाक्य कुमारी भई बोधिसत्वसँगै सुरुका नवयौवनाको जीवन पनि बिताएकी थिइन् । यसै जीवनमा पनि तिनले आफू सुन्दर, यशवती र गुणवती भई आफूमा कुनै कुराको पनि कमी नरहेको कुराको दावा

Downloaded from http://dhamma.digital/

पनि पोखिन् । एक मानव भई एक मानवले पाउनुपर्ने सबै प्रकारका लाभ, मान, मर्यादा र सत्कार तिनलाई प्राप्त थियो र तिनले कहिल्यै पनि कुनै प्रकारको भय र शोकको सामना गर्नुपरेको थिएन भन्ने कुरा पनि यसै क्रममा स्मरण गर्दै भनिन् । तिनले यो पनि भनिन् कि आफ्नी भतिजी जनपदकल्याणी सँगै महाप्रजापति गौत्तमीको प्रेरणा पाएर तिनी भिक्षुणी बनिन् र क्रमिकरूपमा मार्गगामी भई मार्गफलको अधिकारी हुँदै अर्हत थेरीसम्म पनि भइन् । तिनलाई आवश्यक खाना, लत्ता कपडा, निवासस्थान र औषधिमूलोसमेतको कहिल्यै अभाव भएन र तिनी संसार-बन्धनबाट मुक्त हस्तिनीझैं दुःख-मुक्त जीवन व्यतीत गर्न सफल भइन् भन्ने कुराको स्मरण पनि गरिन्, गराइन् ।

## ऋद्धि-प्रदर्शन

आफ्ना सहचरीहरूको साथमा तिनले बुद्धको पूजा-अर्चना गरिन् र आफ्नो तर्फबाट अन्जानमा कुनै भूलचुक हुन गएको भए क्षमा-दान पाउन प्रार्थना पनि गरिन् । आफ्नो सांसारिक जीवनकी सहचरी यशोधराले गाएकी यस 'हँस-गीत'को प्रत्युत्तरमा बुद्धले भन्नुभयो कि तिनलाई बुद्धबाट अब तिनको कुनै पनि आवश्यकता पूर्तिखातिर गरिनुपर्ने कुनै कुरा पनि शेष रहेको छैन किनभने तिनले अर्हत-पद प्राप्त गरिसकेकी छिन् ।

तिनले प्राप्त गरेकी अर्हत-पदप्रति मानिसहरूको संशय मेटिदिनको लागि र मानिसमा धर्म-सवेग जगाइदिनको निमित्त पनि तिनलाई केही मात्रामा ऋद्धि प्रदर्शन गर्न आग्रह गर्नुभयो ताकि अन्य अर्हत थेरीहरूसँगको बराबरीमा आउन सकियोस् ।

बुद्धको आग्रह मुताविक तिनले ऋद्धि प्रदर्शन गरिन् – तिनले एउटा विशाल पंछीको रूप धारण गरिन् । तिनले त्यस पंछीरूपी

 Downloaded from http://dhamma.digital/ 

आफ्नो टाउको 'उत्तरकुरू' नामको पहाड बनाइन् र 'पूर्वविदेह' र 'अपरगोदायन' लाई दुई पखेटाको रूपमा फिंजाई स्थूलाकार वृक्षलाई उखेली पंखासरि फिंजाई बुद्धलाई उक्त दुई पखेटाले हम्किदिइन् ।

कहिले हात्ती, कहिले घोंडा, कहिले पर्बत, कहिले समुन्द्र, कहिले सूर्य, कहिले चन्द्र र कहिले देवराज ईन्द्र बनेर पनि बुद्धसामु प्रकट भइन् । 'म यशोधरा हुँ' भन्ने गीत गर्वसाथ गाउँदै तिनले बुद्धको पाउमा सश्रद्धा एउटा ठूलो कमलको फूल चढाइन् ।

## ऋद्धि-प्रदर्शन नै किन ?

हुन त बुद्धले आफ्ना शिष्यहरूलाई ऋद्धि-प्रदर्शनमा रोक लगाउनुभएको थियो, तर कहिलेकाहीँ त्यस्तै परिस्थिति जुर्न आएमा उक्त नियमलाई केही खुकुलो पनि पार्नुहुन्थ्यो ।

बुद्ध-शिक्षाको गाम्भीर्यता र गहिराइको भेउ नपाएका सामान्य मानिसहरूको निमित्त यस्ता ऋद्धि-प्रदर्शनको माध्यमबाट धर्म-संवेग जगाइदिने साधनको रूपमा प्रयुक्त हुनसक्छन् साथै उनीहरूका निमित्त यस प्रकारका प्रदर्शन स्वच्छ मनोरंजन प्रदायक पनि भइदिन्छन् । साथै यसबाट यशोधराको विमल छविलाई पनि उजागर गरिदिन यथेष्ट बल प्राप्त हुनजाने तथ्य पनि विद्यमान नै थियो ।

## तिनको 'हँस-गीत'

*(यहाँ 'हंस-गीत' को अर्थ व्यक्तिको अन्तिम उपलब्धि वा कार्य सम्पादनबारेको उद्‌गार हो )* *– अनुवादक*

आफ्नै शब्दमा गाइएको यस 'हँस-गीत' मा तिनले बुद्धलाई पुऱ्याएको सेवा र उपकार बारेको वर्णन पाइन्छ । गीतमा भनिएको छ –

 Downloaded from http://dhamma.digital/ 

क) मैले तपाईंको बुद्धत्व-प्राप्तिको लागि धेरै सेवा-कार्यहरू सम्पन्न गरेकी छु ।

ख) तपाईंको खातिर मैले धेरै नै पुण्य पारमिताका कार्यहरू सम्पादन गरेकी छु ।

ग) तपाईंकै भलो चिताई मैले अनेकन अकुशल व्यवहारहरूबाट विरत भएकी छु ।

घ) धेरैचोटी त मैले आफ्नो जीवनसमेत बलिदान दिएकी छु ।

ङ) धेरैचोटी तपाईंले पत्नीको रूपमा रहेकी मलाई त्यागिदिनुभएको छ ।

च) धेरै अवसरहरूमा तपाईंले मलाई भोका पशुहरूको आहारा बनाइदिनुभएको छ ।

छ) मैले तपाईंलाई विभिन्न भय र खतराबाट मुक्त गर्न आफैलाई बलिदान दिएकी छु ।

ज) मेरा आभूषणादि भिक्षुकलाई दान दिनुहुँदा केही पनि नलुकाई सबै नै दिएकी छु ।

झ) तपाईंकै लागि मैले धन-सम्पति, हात्ती, घोंडा, नोकर-चाकर र सखीहरूलाई त्यागें ।

ञ) भिक्षुकले माग्दा तपाईंले मलाई सुम्पनुभयो । मैले सहर्ष शिरोधार्य गरेकी छु ।

ट) तपाईंको निमित्त भनी मैले थुप्रै सांसारिक दुःख झेलेकी छु ।

ठ) तपाईंसँग रहँदा कहिल्यै पनि दुःखमा हतास र सुखमा उत्ताउली भइन ।

ड) म सदा तपाईंकी अभिन्न सखाको रूपमा रहें र पारमिताधर्म पूर्ण गर्नमा तत्पर रहें ।


Downloaded from http://dhamma.digital/

बुद्धले यशोधराले गीतमा भनिएका यी मर्मस्पर्शी कुरालाई कृतज्ञतापूर्वक सुन्नुभयो र अनुमोदन पनि गर्नुभयो । उहाँले भन्नुभयो कि अब तिनलाई बुद्धको कहिल्यै कुनै पनि सहायताको दरकार रहेन किनकि तिनले संसारबाट मुक्ति मोक्ष प्राप्त गरिसकेकी छिन् ।

## यशोधराको अन्तिम जन्म

यशोधराको रूपमा जन्म लिएकी यस अन्तिम जन्ममा पनि हामी सबैलाई थाहा भएझैं तिनले बुद्धलाई आफ्नो 'मौन-सेवा' तथा 'अव्यक्त-सेवा' अन्तर्गत धेरै सेवा पुऱ्याएकी छिन् । यसरी गरिने सेवा-कार्य सिर्फ असल र कुशल गृहिणीबाट मात्र सम्भव हुन्छन् । शुद्धोदनको दरबारमा, महाभिनिष्क्रमणाको दिनदेखि तिनले सबै विलासिताका सामानहरूलाई परित्याग गरिन् र जसरी आफ्नी पति जंगलमा जुन रूपमा रहिरहेको खबर पाएकी थिइन्, त्ससरी नै आफूले पनि सादा जीवन व्यतीत गरिन् । साधारण गेरूवा वस्त्र धारण गरेर, एकछाकी भएर अनि कुनै पनि आरामदेह बिछ्यौना र आरामदायी वस्तुहरूको उपयोगबाट विरत भएर रहिन् । सुख सुविधा सबै त्यागिन् ।

बोधिसत्वको आदर्श प्राप्तिखातिर तिनका यी वर्णित महान त्यागहरूको बलले उहाँलाई  निकै सघाए । 'चन्दकिन्नर' जातकमा त्यस पुनीत उद्देश्य पूर्तिमा तिनका यी विलक्षण त्यागको महिमाबारे बुद्धले अनुगृहित भई श्रद्धाञ्जली पोख्नुभएको छ ।

यशोधराको शव-यात्रामा सम्मिलित भई फर्कने क्रममा उहाँले तिनको भष्म राखी बनाइएको 'दगोबा'मा  फूल चढाउनुभयो । यो नै अनुगृहित बुद्धको यशोधराप्रति व्यक्त उच्चस्तरको सन्मान र श्रद्धाञ्जली सिद्ध भएको छ ।

'यशोधरावत' भन्ने कृतिका लेखकले यस मार्मिक घटनालाई लोक शैलीमा पत्तिबद्ध गरेका छन् । यहाँ त्यसको अर्थ मात्र प्रस्तुत

 Downloaded from http://dhamma.digital/ 

गरिएको छ ।

'प्रत्येक बुद्ध-धर्मानुयायी नारीले यशोधराद्वारा प्रदर्शित र सम्पादित हित कल्याणका कार्यहरूमा सम्पूर्ण नारीजातिकै प्रतिष्ठा मुखरित छ र नारीजातिकै पक्षमा यसले वकालत गर्दछ भनी गर्व गर्ने ठाउँ रहेको छ । यशोधराले नारीहरूमा विद्यमान शुन्यतालाई पूर्ति गर्ने काम गरेकी छिन् । यसमा नारीहरू गौरवान्वित हुनुपर्दछ ।'

(ए.जी.एम. करियवासमद्वारा लिखित लेखलाई 'The Great Campassion' स्मारिका बाट अनुवाद ।)

***सुखो बुद्धानं उप्पादो-सुखा सद्धम्म देसना ।***
***सुखा संघस्स सामग्गी-समग्गानं तपो सुखो ।।***

अर्थ –

बुद्धहरुको उत्पत्ति सुखदायक हुन्छ । सद्धर्मको उपदेश सुखदायक हुन्छ । संघहरुको सानिध्य पनि सुखदायक हुन्छ र एक साथ मिलेर बसेको ध्यान पनि सुखदायक हुन्छ ।

***न अन्तलिक्खे न समुद्दमज्झे,***
***न पब्बतानं विवरं पविस्स ।***
***न विज्जति सो जगतिप्पदेसो,***
***यत्थट्ठितं नप्पसहेथ मच्चु ।।***

अर्थ –

चाहे आकासमा उड्नू, चाहे समुद्रको बीचमा गएर बसून्, चाहे पर्वतको शिखरमा जाऊन्, चाहे गुफामा लुक्न पुगून्, चाहे जुनसुकै देश प्रदेश जाऊन् मृत्युबाट कसै गरे पनि बच्न सकिदैन ।


Downloaded from http://dhamma.digital/

८

# सोना

श्रावस्तीमा एक गृहस्थ नारी थिइन् । तिनका दस बच्चा थिए । सँदैव बच्चा जन्माउँदै, पालन-पोषण गर्दै, हुर्काउँदै, बढाउँदै, विवाह गराउँदै तिनको जीवन व्यतित हुँदैथियो । बच्चा नै तिनका सबैथोक थिए । त्यसैले तिनलाई 'धेरै सन्तानकी आमा – सोना' भनेर चिन्दथे ।

त्यही सहरमा बस्ने मृगारकी आमासँग तिनको तुलना हुन्थ्यो । तर मृगार-माताका बीस सन्तान थिए । एकै परिवामा एकैजनाले यतिका सन्तान जन्माउँछ होला र ! भनी आजका मानिसहरूलाई उदेक लाग्न सक्छ । तर यस प्रकाराके घटना एशियामा नौलो होइन । पश्चिमका केही भागमा पनि यदाकदा यस्तै एकैजनाले धेरै सन्तान जन्माएका कुरा सुन्नमा आउँछ ।

सोनाकी पति बुद्धका उपासक थिए । उनी गृहस्थ जीवन व्यतित गर्दै पञ्चशीलको पनि अभ्यास गर्दथे । एकदिन उनले सोचे – अब गृहत्यागको समय भयो अनि उनी भिक्षु बने । सोनालाई यो कुरा स्वीकार्य थिएन । तर पनि तिनले पश्चाताप र दुःख मानेर समय खेर फालिनन् । तिनले पनि धर्ममा समर्पित भएर जीवन व्यतित गर्ने निधो गरिन् । तिनले आफ्ना दसैजना छोराछोरीहरूलाई र छोरीहरूका पतिहरूलाई बोलाएर आफूसँग भएको धनसम्पति


Downloaded from http://dhamma.digital/

सुम्पिदिए । बदलामा तिनलाई अति आवश्यक वस्तुले मात्र सेवा गर्नु भनिन् । केही समयसम्म सबैकुरा राम्ररी नै बिते । तिनले छोराछोरीहरूबाट राम्रो सेवा पाइराखिन् र त्यसै कारणले तिनी निर्धक्कसँग धर्म कार्यमा लागिरहन सकिन् ।

तर धेरै समय नबित्दै आफ्ना छोराछोरीहरू र ज्वाईंनारायणहरूले ती बुढीलाई पाल्न गाह्रो मान्दै ल्याए । उनीहरूलाई सोना व्यर्थको भार लाग्न थाल्यो । पिताका अर्तिअनुसार ती चलेका थिएनन् र माताको उदार भावना र धार्मिक विचारसँग पनि ती सहमत थिएनन् । वास्तवमा उनीहरू आफ्ना मातापितालाई आफ्ना सम्पत्तिबाट सुख पाउन नजानेका भन्थे र मूर्ख ठान्दथे । उनीहरू मातापितालाई मानसिक सन्तुलन गुमाएका र धार्मिक पागलपन भएका भनी हेला पनि गर्दथे । यसै भावनाको बहावमा उनीहरूले सोनामाथि दुर्व्यवहार गर्न थालेका थिए ।

ऑंखिर आफूले उपभोग गरिरहेको सम्पत्ति आमाकै थियो भन्ने कुरा उनीहरूले बिर्सिदिए । आमाले नै आफ्नो पालन पोषण र हेरचाह गर्न वर्षौ बिताएकी थिइन् भन्ने कुरा पनि उनीहरूले चटक्कै बिर्सिदिए । अहिलेको मात्र सुखले मस्त भएर ती बुढीलाई बेकम्मा र त्याज्य ठाने । संसारमा गुण सम्झने कृतज्ञ व्यक्ति बिरलै भेट्टिन्छन् भन्ने बुद्ध वचन यहाँनिर सत्य सावित हुन आयो ।

पतिसँगको वियोगभन्दा छोराछोरीहरूले गरेको दुर्व्यवहार सोनालाई असह्य लाग्यो । आफूभित्र दुःखका तरङ्गहरू तरङ्गित भएका छन् र द्वेषका भावनाहरू उद्भव भएका छन् भन्ने कुरा पनि तिनले अनुभव गरेकी थिइन् । निःस्वार्थ प्रेम, पवित्र मातृ-स्नेह, त स्वार्थ-प्रेम र आसाका विन्दुमा परिणत हुन गइरहेको कुरा पनि तिनले महसुस गरिन् ।


Downloaded from http://dhamma.digital/

तिनी पूर्णरूपले छोराछोरीहरूमा निर्भर थिइन् र आफूले बाल्यकालमा गरेको स्याहारको बदलामा तिनीहरूले पनि आफूलाई बूढेसकालमा सेवा गर्लान् भन्ने लागेको थियो । उनीहरूको काममा सहभागिता भइदिएको बदलामा कृतज्ञतापूर्वक उनीहरूबाट पुरस्कार पाउँछु भन्ने आसामा तिनी थिइन् । पहिले आफूले गरेको गुणको बदलामा आफूलाई बूढेसकालको अशक्त अवस्थामा स्याहार सुसार गर्दछन् होला भन्ने पनि ठानेकी थिइन् । बिमामा लगानी गरेझैं बूढेसकालको एक्लोपनाको भयसँग सामना गर्न तिनले आफ्ना केटाकेटीहरूमा लगानी गरेकी थिइन् । यसै परिप्रेक्ष्यलाई विचारी तिनले आफ्ना महत्वाकांक्षाहरूलाई केलाई रहिन् र तथागतका धर्म-वाक्य सत्य रहेछ भन्ने कुरा अवगत गरिन् । ती धर्म-वाक्य हुन् - 'नारीहरू आफ्ना सम्पति, शक्ति र सामर्थ्यमा भर पर्दैनन् तर छोराछोरीहरूमा अत्यधिक निर्भर गर्दछन् । त्यागीहरू भने पुण्य कर्ममा मात्र अवलम्वित भई पुण्य संचय गर्दछन् ।'

यिनै विचारले प्रेरित भई सोनाले भिक्षुणीसंघमा प्रवेश गर्ने निश्चय गरिन् । यसरी मात्र निःस्वार्थ प्रेम र पुण्यलाभ गर्ने कुरामा सफ्लता मिल्नेछ भनी ठानिन् । कसैको भार बनी कसैले वास्ता नगर्ने गरी घरमा के बसिराख्ने भन्ने कुराले पनि तिनलाई घच्घच्यायो । तिनले गृहस्थ जीवनलाई गौण मानिन् र प्रव्रजित जीवनलाई उज्ज्वल जीवन हो भनेर बुझिन् । आफ्नै पतिको बाटोको अनुशरण गरिन् । तिनी भिक्षुणी भइन् ।

तर तुरून्तै सोनाले आफूलाई आफैले प्रेम गर्ने भावना ( आत्म-प्रेम) त सँगै पो ल्याएकी रहिछु भनेर महसुस गरिन् । अरू भिक्षुणीहरूले तिनको व्यवहारलाई लिएर साना साना कुरामा आलोचना गर्दथे । बूढी भएपछि संघमा प्रवेश गरेकी थिइन् । त्यसैले प्रव्रजित


Downloaded from http://dhamma.digital/

जीवनमा अप्ठेरो हुने खालका दर्जनौं बानी व्यहोरा र चालचलन तिनले आफ्नो साथमा लिएर आएकी थिइन् । त्यसैले पनि अज्ञानताका कारणले तिनी अप्रियताको र आलोचनाको पात्र भएकी थिइन् । उही काम पनि तिनी बेढंगले गर्दथिन् । अरू भिक्षुणीहरूले जसरी काम गर्दथे तिनले त्यही काम त्यसरी नै नगरी बेल्लै ढंगले गर्दथिन् ।

सोनाले बुझिन् कि सम्यक ज्ञानका प्राप्ति सरल रहेन छ र भिक्षुसंघमा बस्नु रमाइलो होइन रहेछ भन्ने कुरा तिनले क्रमशः बुझ्दै गइन् । आफ्ना छोराछोरीहरूबाट तिरस्कृत भई सुरक्षा नपाई भिक्षुणी बन्न आएजस्तो पो भयो । आफूमा नारीसुलभ चरित्र अझै विद्यमान छ र त्यसले आफूलाई अझै जकडेको छ भन्ने कुराको महसुस तिनले गरिन् । आफ्ना कमी कमजोरीहरूउपर आफूलाई घृणा त छँदैथियो साथै तिनमा पुरूषप्रतिको चाह पनि हराएको थिएन । अब के गर्नुपऱ्यो भन्ने कुरा थाहा पाउनु जरूरी थियो । यसको लागि तिनले कडा मिहिनत गर्नुपर्छ भनेर बुझिन् । पाको उमेरको कारणले मात्र होइन, नारी सुलभ गुणको मात्र भावना गरिरहेकीले पनि तिनी आलोचनाको पात्र भएकी हो । अब तिनले आफूमा पुरूष सुलभ गुणको विकास गर्नुछ । त्यो गुण हो – वीर्य र विवेक । सोना हतोत्साही भइनन् । धर्मको मार्गलाई कठिन मार्ग भनेर नीच मारिनन् । तिनकी प्रव्रज्जित बहिनी सोमाझैं तिनी पनि लगनशील र समर्पित थिइन् । सोमा भन्दथिन् –

**नारीको शरीरिक अवस्थाले के गर्छ ?**
**जब तिनको मन अविचलित र व्यवस्थित छ ।**
**एकपछि अर्को ज्ञानको प्रादुर्भाव हुँदैगए,**
**सद्धर्मलाई सम्यकरूपले हेर्न सकिन्छ ।**
**जसले यस्तो धारणा राख्दछ,**
**'म नारी हुँ, म नर हुँ' भनेर**


Downloaded from http://dhamma.digital/

**अथवा, 'म के नै हुँ र' भनेर**
**यस्तैलाई मारले दमन गर्दछ ।**

यसबाट प्रेरणा पाएर सोनालाई यस्तो लाग्यो कि तिनले आफ्ना कमजोरी र नादानीउपर विजय पाउन र आफ्ना उद्देश्य र इच्छा पूर्ति गर्न आन्तरिक साहस र सामर्थ्य बटुल्नु छ । त्यसको लागि सजगताको र आत्मनिरीक्षणको अभ्यास गर्नुपर्छ र आफ्नो अन्तस्करणबाट उद्‌भव भावनाहरूसँग सामना गर्न बल मिल्ने खालको धर्मोपदेशको श्रवण गर्नुपर्छ ।

यदि मनमा उब्जिएका भावना र इच्छाका तरङ्गहरूसित बग्ने हो भने प्राप्त गरेका ज्ञान र दृढ निश्चयता के का लागि ? त्यस्तै बेलाको लागि हो ज्ञान चाहिने । यिनै विचारले सोनालाई बुद्धका उपदेशहरू धारण पालन गर्ने अठोट र इच्छाशक्तिलाई दृढ पार्न मद्दत पुऱ्याए । धेरै रात यस्तै सोचमा बिताएपछि तिनमा ती गुणहरूको स्मरण र प्रवर्द्धन गर्ने क्षमताको विकास भयो । यति मात्र होइन तिनले आफ्ना सहचर भिक्षुणीहरूको सेवा प्रेमपूर्वक गरिन् र बुद्ध-शिक्षालाई निरन्तर प्रयोगमा ल्याइन् । केही समयसम्म यसरी प्रयत्न गरिसकेपछि तिनले दुःख-मुक्तिको अवस्था प्राप्त गरिन् । तिनले यति चाँडै फल प्राप्त होला भनी चिताएकै थिइनन् ।

यो घटना घट्न दिन कुनै खास अवसरलाई कुर्नु परेन । ती गुणहरूको प्राप्ति र विकास गर्ने क्षमता हासिल गर्न पूर्णरूपले लागिपरेपछि तिनी आफ्नो गन्तव्यतिर नजिकिँदै गइन् । एकदिन अन्ततोगत्वा तिनी अन्तिम बन्धनबाट पनि मुक्त भइन् । बुद्धले तिनको बारेमा भन्नुभयो – वीर्यमा तिनीजस्ती अग्र भिक्षुणी अरू कोही छैनन् ।

'अग्र भिक्षुणीहरूको गाथा' मा तिनले आफ्नो जीवनको बारेमा यी पाँच श्लोकहरूमा व्यक्त गरेकी छिन् –

 Downloaded from http://dhamma.digital/ 

दस सन्तान भए मेरा,
यही शरीररूपी सुरूङ्गबाट,
जब म कमजोर र बूढी भएँ,
अनि म भिक्षुणी बन्न पुगें ।
उहाँले धर्म सिकाउनुभयो मलाई,
स्कन्ध, आयतन र धातुहरूबारे,
सुनें श्रद्धापूर्वक धर्मलाई मैले,
केश फ्ाली सन्यासको बाटो लिएँ ।
अभ्यास गर्दागर्दै उद्योगी बनी,
मैले दिव्यचक्षु परिशुद्ध पारें,
पूर्व जीवनलाई राम्ररी देखें मैले,
जसमा मैले जुनी जुनी बिताएथें ।
एकाग्र अनि नियन्त्रित भई,
मैले संज्ञाविहीनता विकसित गरें,
तुरून्त तिनबाट छुट्कारा पाएँ,
अनासक्त भएँ अनि तृप्त भएँ ।
पञ्चस्कन्धलाई राम्ररी बुझी,
बाँचिरहे पनि ती निर्मूल भइसके,
अब म संसरण गर्न नपर्ने भएँ
नभौतारी एकै स्थलमा जम्न पुगें,
अब पुनर्जन्म मेरो हुँदैन, हुँदैहुँदैन ।।

सोनाका अन्य सहचर भिक्षुणीहरू जो पहिले तिनको आलोचना गर्दथे र बढेको उमेको कारणले तिनले कुनै विकास गर्न सक्दैन भन्ने सोचाइमा थिए, अब तिनीहरूले तिनीसँग क्षमा याचना गरे र तिनको अनुकरणीय जीवन र सत प्रयत्नको अनुशरण गर्न प्रयासरत रहे ।

(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित यो लेख 'Buddhist Women........' पुस्तकबाट नेपालीमा अनुवाद ।)


Downloaded from http://dhamma.digital/

# निर्वाण–कामना



दिवंगत पिता साहु सुब्बा
गणेशदास मानन्धर



दिवंगत माता साहुनी
रामकुमारी मानन्धर
(२० वर्षको अल्पायुमा मृत्यु भएको)

## 'निर्वाण–कामना' गर्ने परिवारका सदस्यहरु



सुश्री माधुरी मानन्धर
जेठी पुत्री



श्रीमती राधिका मानन्धर
कान्छी पुत्री



पवनसिद्धी मानन्धर
नाति



अमनसिद्धी मानन्धर
नाति



अनुपमा मानन्धर
नातिनी

Downloaded from http://dhamma.digital/

# श्री दोलेन्द्ररत्न शाक्यका हालसम्म प्रकाशित भइसकेका कृतिहरु





तपाईको हातमा

Downloaded from http://dhamma.digital/